असार - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २८, अङ्क ६ | २०७६, असार १६-३१ | पूर्णाङ्क ६४८





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरुबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ६ | इजलास नं. १० | ७ |
| इजलास नं. १ | २ | इजलास नं. ११ | २ |
| इजलास नं. २ | ६ | इजलास नं. १२ | ७ |
| इजलास नं. ३ | ८ | इजलास नं. १३ | १ |
| इजलास नं. ४ | ३ | इजलास नं. १४ | १ |
| इजलास नं. ५ | १० | इजलास नं. १५ | २ |
| इजलास नं. ६ | ३ | इजलास नं. १६ | १ |
| इजलास नं. ७ | ५ | इजलास नं. १७ | ३ |
| इजलास नं. ८ | ४ | | |
| इजलास नं. ९ | ५ | | |
| जम्मा | ५२ | जम्मा | २४ |

कूल जम्मा ५२ + २४ = ७६

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, असार – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना cjs@supremecourt.gov.np** मा सम्पर्क गर्न सकिने छ।

## वार्षिक ग्राहकसम्बन्धी सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
| --- | --- | --- | --- |
| **संयुक्त इजलास** | | | **१ - ६** |
| १. | कुटपिट अङ्गभङ्ग | मधुसुधन सिलवाल (के.सी.) वि. नेपाल सरकार | १ |
| २. | उत्प्रेषण | केशवप्रसाद लम्साल वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत | १ |
| ३. | उत्प्रेषण | रणबहादुर भण्डारी वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत | २ |
| ४. | उत्प्रेषण / परमादेश | फणिन्द्रराज खरेल वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत | ३ |
| ५. | उत्प्रेषण | प्रेमध्वज बस्नेत वि. सोलुखुम्बु जिल्ला वन कार्यालय, सल्लेरीसमेत | ३ |
| **इजलास नं. १** | | | **६ - ७** |
| ६. | कित्ताकाट दर्ताफारी | रंजित कोइराला वि. मिश्री खड्का | ६ |
| ७. | उत्प्रेषण / परमादेश | सुभाषकुमार खेतान वि. कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंसमेत | ६ |
| **इजलास नं. २** | | | **७ - १२** |
| ८. | उत्प्रेषण / परमादेश | वसन्त प्रकाश उपाध्याय वि. सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबारसमेत | ७ |
| ९. | मानव बेचबिखन तथा ओसार पसार | सन्तोष कार्की वि. नेपाल सरकार र नेपाल सरकार वि. सन्तोष कार्की | ७ |
| १०. | लिलाम बदर निर्णय आदेश बदर | हरिहर देवी चौधरी वि. असरी चौधरीसमेत | ९ |
| ११. | लिलाम मोटर बीमा तेस्रो पक्ष मृत्यु दाबी | डा. प्रणव सेन वि. नविनकुमार शाही भूमिहार | १० |
| १२. | उत्प्रेषण / परमादेश, उत्प्रेषण / प्रतिषेध | रेनु मूलसमेत वि. जिलेट आवासीय मा.वि. कालीमाटीसमेत | ११ |
| **इजलास नं. ३** | | | **१२ - १७** |
| १३. | उत्प्रेषण | उषा यादव वि. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, के.का. भद्रकाली प्लाजा | १२ |
| १४. | जालसाजी | सुखनन्दन यादवसमेत वि. हनुमान शरण वैष्णव | १३ |
| १५. | दोहोरो लगत कट्टा गरी कित्ता संशोधन हक कायम | श्रीमती फूलकुमारी देवी वि. महेन्द्र राय यादव | १३ |
| १६. | कर्तव्य ज्यान | चन्द्रबहादुर ऐरी वि. नेपाल सरकार | १४ |
| १७. | उत्प्रेषण / परमादेश | पुष्पलता पाण्डे (विष्ट) वि. मालपोत कार्यालय, बारा | १५ |

| | | | |
|---|---|---|---|
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तिर्थबहादुर राईसमेत | १६ |
| १९. | उत्प्रेषण / परमादेश | जोसेफ सिल्भानुस वि. यातायात व्यवस्था कार्यालय, एकान्तकुना ललितपुरसमेत | १६ |
| **इजलास नं. ४** | | | **१७ - २०** |
| २०. | बाटो कायम गरिपाऊँ | मनमाया श्रेष्ठ वि. चन्द्रबहादुर श्रेष्ठसमेत | १७ |
| २१. | उत्प्रेषण / परमादेश | दीपकनाथ आचार्य वि. शक्षक सेवा आयोग, सानोठिमीसमेत | १८ |
| **इजलास नं. ५** | | | **२० - २६** |
| २२. | जबरजस्ती करणी | किसनबहादुर तिरूवा वि. नेपाल सरकार | २० |
| २३. | नकबजनी चोरी | नेपाल सरकार वि. सुरन वली | २१ |
| २४. | बहाल भराई पाऊँ | नानीबाबु श्रेष्ठ वि. पूर्णभक्त प्रधानाङ्ग | २१ |
| २५. | उत्प्रेषण / परमादेश | रामचन्द्र चौधरी वि. हिमालय आदर्श नि.मा.वि. को विद्यालय व्यवस्थापन समितिसमेत | २२ |
| २६. | निर्णय बदर | मंगलराज बाराही वि. ईन्द्रकुमारी श्रेष्ठ | २२ |
| २७. | उत्प्रेषण / परमादेश | अमरभगत चौधरी थारूसमेत वि. जिल्ला प्रशासन कार्यालय | २३ |
| २८. | सम्बन्ध विच्छेद, अंश | डिमा तेम्बा शेर्पा वि. डिमापुट शेर्पा | २४ |
| २९. | उत्प्रेषण / परमादेश | बाबुराम बानियाँ क्षेत्री वि. मालपोत कार्यालय, सिन्धुलीसमेत | २५ |
| ३०. | उत्प्रेषण / परमादेश | उद्धवबहादुर कार्की वि. उदयपुर सिमेन्ट लि. प्रधान कार्यालय, उदयपुरसमेत | २६ |
| **इजलास नं. ६** | | | **२७ - २८** |
| ३१. | उत्प्रेषण / परमादेश | गोखुल मण्डल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | २७ |
| ३२. | उत्प्रेषण / परमादेश | लक्ष्मीप्रसाद घिमिरेसमेत वि. आन्तरिक राजस्व कार्यालय, सिंक्षेत्र नं. १ समेत | २८ |
| **इजलास नं. ७** | | | **२८ - ३३** |
| ३३. | जबरजस्ती करणी र ज्यान मार्ने उद्योग | केशव के.सी. वि. नेपाल सरकार | २८ |
| ३४. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. सुरेन्द्रप्रसाद यादवसमेत | ३० |
| ३५. | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. श्रीमती भावना बस्नेत | ३१ |

| | | | |
|---|---|---|---|
| ३६. | निषेधाज्ञा | हरिबहादुर बोगटी वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत | ३२ |
| ३७. | अवहेलना | सनतकुमार शर्मा वि. शोभाकान्त लामिछाने | ३२ |
| **इजलास नं. ८** | | | **३३ - ३८** |
| ३८. | सवारी ज्यान | नेपाल सरकार वि. गंगादेवी परियारसमेत | ३३ |
| ३९. | लागु औषध (गाँजा) | नेपाल सरकार वि. शम्भु राम | ३४ |
| ४०. | जबरजस्ती करणी (शरीर बन्धक लिई) | नेपाल सरकार वि. गणेश दुलाल | ३५ |
| ४१. | कर्तव्य ज्यान | गोपाल सार्कीसमेत वि. नेपाल सरकार | ३५ |
| **इजलास नं. ९** | | | **३८ - ४३** |
| ४२. | उत्प्रेषण | सुमनकुमार श्रेष्ठ वि. श्रम अदालत, अनामनगरसमेत | ३८ |
| ४३. | उत्प्रेषण | महेशकुमार जाजु वि. श्रम अदालत, अनामनगरसमेत | ३९ |
| ४४. | उत्प्रेषण | ओमनारायण कर्माचार्य वि. श्रम अदालत, अनामनगरसमेत | ४० |
| ४५. | कर्तव्य ज्यान | शारदा पासी कोरीसमेत वि. नेपाल सरकार | ४१ |
| ४६. | कर्तव्य ज्यान र जबरजस्ती करणी उद्योग | शैलेन्द्रकुमार महतो वि. नेपाल सरकार | ४२ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १०** | | | **४३ - ४७** |
| ४७. | उत्प्रेषण | राम सोभित कुर्मी वि. पुनरावेदन अदालत जनकपुरसमेत | ४३ |
| ४८. | उत्प्रेषण / परमादेश | हरिप्रसाद शर्मा आचार्य वि. फैसला कार्यान्वयन अधिकारी, काठमाडौं जिल्ला अदालतसमेत | ४४ |
| ४९. | उत्प्रेषण / परमादेश | चन्द्रकला गुरूङ वि. रामबहादुर गुरूङसमेत | ४५ |
| ५०. | उत्प्रेषण / परमादेश | फणिन्द्र दाहाल वि. प्रो.मौसम थापा | ४५ |
| ५१. | निषेधाज्ञा | तारानाथ अधिकारी वि. भरत रायमाझी | ४६ |
| **इजलास नं. ११** | | | **४७ - ४९** |
| ५२. | उत्प्रेषण | हसिमुन मियाँसमेत वि. नेपाल आयल निगम, बबरमहलसमेत | ४७ |
| ५३. | मध्यस्थकर्ता नियुक्ति गरिपाउँ | शिवदत्त भट्टराईसमेत वि. जि.फोर.यस. सेक्युरिटिज सर्भिसिज नेपाल प्रा.लि. | ४८ |
| **इजलास नं. १२** | | | **४९ - ५३** |
| ५४. | उत्प्रेषण | दिपेशकुमार कार्कीसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत | ४९ |
| ५५. | जालसाजी | राम मुर्तिदेवीसमेत वि. बैजु साह तेलीसमेत | ५० |
| ५६. | जबरजस्ती करणी | नेपाल सरकार वि. दुर्गाबहादुर थापा | ५१ |
| ५७. | जबरजस्ती करणी | केदार थापा क्षेत्री वि. नेपाल सरकार | ५१ |

| | | | |
|---|---|---|---|
| ५८. | जबरजस्ती करणी | राजनारायण चौधरी वि. नेपाल सरकार | ५२ |
| इजलास नं. १३ | | | ५३ - ५४ |
| ५९. | मानव बेचबिखन तथा ओसार पसार | छोवा भन्ने काले तामाङ वि. नेपाल सरकार | ५३ |
| इजलास नं. १४ | | | ५४ - ५५ |
| ६०. | निर्णय दर्ता बदर हक कायम | रामकृष्ण आचार्यसमेत वि. जगन्नाथ गोरासमेत | ५४ |
| इजलास नं. १५ | | | ५५ - ५७ |
| ६१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. महमद फिरोज | ५५ |
| ६२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अविराज नेपाली | ५६ |
| इजलास नं. १६ | | | ५७ |
| ६३. | निषेधाज्ञा / परमादेश | श्रीगोविन्द महर्जन वि. सागर महर्जनसमेत | ५७ |
| इजलास नं. १७ | | | ५७ - ६० |
| ६४. | जबरजस्ती करणी | नेपाल सरकार वि. अखलेशकुमार यादव | ५७ |
| ६५. | जबरजस्ती करणी | नेपाल सरकार वि. हुमबहादुर सारू | ५८ |
| ६६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तुलविर राईसमेत | ५९ |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CR-०६३४, कुटपिट अङ्गभङ्ग, *मधुसुधन सिलवाल (के.सी.) वि. नेपाल सरकार*

जाहेरवालाले आफ्नो जाहेरीलाई समर्थन गर्दै अदालतमा आई प्रतिवादीले नै कुटपिट गरेको भनी बकपत्र गरिदिएबाट पनि यी पुनरावेदक प्रतिवादीले पीडित अच्युत सिंहलाई कुटपिट गरेको तथ्य स्थापित हुन आउने।

पीडित व्यक्तिको दुवै खुट्टा भाँचिएको भनिए पनि घाउ जाँच गर्ने डाक्टरले अदालतमा आई बकपत्र गर्दा पीडितका खुट्टा अनुहार र दाँत कामै नलाग्ने अवस्थामा नभएको साधारण कार्य गर्न सक्ने भनी लेखाइदिएबाट समेत पीडितका खुट्टा र दाँत हाल साधारण काम लाग्ने अवस्थामा रहेको देखिँदा कुटपिटको २ नं. ले गरेको परिभाषासँग मेल खान नआएकाले कुटपिट अङ्गभङ्ग भएको भनी ठहर गर्न मिल्ने अवस्था नदेखिने।

पीडित व्यक्तिको दुवै खुट्टा भाँचिएर काम नलाग्ने भन्ने तथ्यलाई स्थापित गर्ने वस्तुनिष्ठ प्रमाण मिसिल संलग्न नभएको, घाउ जाँच केस फाराममा Plateau Fracture भन्ने उल्लेख भई घाउ जाँच गर्ने विशेषज्ञले कामै नलाग्ने अवस्थामा नभएको भनी बकपत्र गरिदिएबाट भाँचिएको अङ्ग काम नलाग्ने अवस्थामा अङ्गभङ्ग भएको भन्ने नदेखिँदा पुनरावेदन अदालत पाटनबाट यी पुनरावेदक प्रतिवादीलाई कुटपिटको २ र ५ नं. विरूद्धको कसुरमा कुटपिटको ६ नं. बमोजिम गरेको सजाय मिलेको देखिन नआएकाले उक्त पुनरावेदन अदालत पाटनको मिति २०६७।६।३ को फैसला उल्टी भई यी पुनरावेदक प्रतिवादीका हकमा लिइएको अभियोग माग दाबी पुग्न नसक्ने।

मुलुकी ऐन, कुटपिटको २ नं. बमोजिम भएको खत काम नलाग्ने भएको अवस्थामा मात्र वादी नेपाल सरकार भई मुद्दा चल्ने अवस्था देखिन्छ । उक्त खत अङ्गभङ्गको नभई निको भई काम लाग्ने अवस्था भएमा पीडित व्यक्ति स्वयम् वादी भई मुद्दा चलाई प्रतिवादीलाई सजायको माग दाबी लिनुपर्ने देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीको कुटपिटबाट भाँचिएको पीडितको अङ्ग काम लाग्ने भइसकेको देखिँदा मुलुकी ऐन, कुटपिटको २ नं. बमोजिम अङ्गभङ्गको कसुर कायम हुन नसकेकोले प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम दुनियावादी भई चल्ने गरी कुटपिटमा परिणत गरिदिएको छ । प्रस्तुत मुद्दाको मिसिल सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम पीडित व्यक्ति वादी भई मुद्दा चलाउन सूचना दिई फिराद दिएमा कानूनबमोजिम कुटपिटतर्फ मुद्दा चलाउने गरी सुरू काठमाडौं जिल्ला अदालत पठाइदिने।

इजलास अधिकृत: ईश्वरमणि ओझा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल असोज २५ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-WO-०००३, उत्प्रेषण, *केशवप्रसाद लम्साल वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत*

निवेदनमा उल्लिखित बैंकका नाममा रहेको गाडीको कुरा छ; उक्त गाडी हालसम्म पनि कर छली प्रकरणमा अनुसन्धानमा रहेको फर्मको पूर्ण सम्पत्तिको रूपमा आई नसकेको र उक्त सम्पत्ति बैंककै नाममा रही गाडी खरिदकर्ता ऋणीका रूपमा मात्र रहेका र ऋणीले कर्जा चुक्ता नगरेको अवस्थामा बैंकले आफूले प्रदान गरेको कर्जा असुलउपर गर्ने प्रयोजनार्थ सर्वप्रथम उक्त गाडी नै लिलाम बिक्री गर्नुपर्ने र लिलाम बिक्रीबाट

आफ्नो कर्जा असुलउपरपश्चात् मात्र बाँकी सम्पत्ति ऋणीको हुने उक्त सम्पत्ति मात्र ऋणीको पूर्ण सम्पत्ति मानी आन्तरिक राजस्व कार्यालयले रोक्का गर्न सक्ने । आन्तरिक राजस्व कार्यालयले कर छली प्रकरणको अनुसन्धानका क्रममा त्यस्तो कर छली गर्ने व्यक्ति वा फर्मको सम्पत्ति रोक्का राख्न सक्ने भए पनि प्रस्तुत रिट निवेदनमा उल्लेख गाडी भने पूर्णरूपमा त्यस्तो कर छली गर्ने व्यक्ति वा फर्मको सम्पत्तिका रूपमा आई नसकी बैंककै नाममा रहे भएको देखिन आएकोले उक्त गाडीको नामसारी वा बिक्री वितरणमा रोक्का राख्न मिल्ने देखिन नआउने।

बा.५ च ८९४० नं. गाडी बैंकको रहे भएकोमा विवाद देखिन नआएको र आफ्नो नाममा रहेको गाडी लिलाम गरी ऋण असुलउपर गर्न पाउने अधिकार पनि बैंकमा रहेको देखिएको र त्यसरी लिलाम सकार गर्ने व्यक्तिले लिलाम सकार गरेपछि निर्वाध रूपमा उक्त गाडी उपभोग गर्न पनि पाउनु पर्ने नै देखिने । लिलाम सकारपछि कर्जा रकम असुलउपर गरी बाँकी रहेको रकममा अनुसन्धानका क्रममा रहेका भारतीय नागरिकको सम्पत्ति जति हो त्यसमा विपक्षी आन्तरिक राजस्व कार्यालयले आफ्नो असुलउपर गर्न पाउने रकम देखिएमा र त्यसतर्फ उक्त रकमसम्म रोक्का राख्न अनुरोध भई आएमा बैंकले रोक्का राख्नु पर्ने देखिन्छ । यसरी बैंकले कानूनी प्रक्रिया पूरा गरी आफ्नो कर्जा असुलउपर गर्ने उद्देश्यले गरेको लिलामलाई बिना आधार र कारण लिलाम सकार गर्नेको नाममा उक्त गाडी नामसारी गर्न रोक्का राख्ने अधिकार विपक्षी आन्तरिक राजस्व कार्यालयसँग रहे भएको नदेखिएकाले रोक्का राख्ने गरी गरेको निर्णय र आन्तरिक राजस्व कार्यालयको च.नं.७४६ मिति २०६७।१०।२८ को पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । रिट निवेदक बैंकको पत्रानुसार लिलाम भएको गाडीको नामसारी गरिदिनु भनी यातायात व्यवस्था कार्यालय, चारपाङ्ग्रे शाखा ललितपुरको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः इश्वरमणि ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-WO-१०८३, उत्प्रेषण, *रणबहादुर भण्डारी वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत*

निवेदकले नै आफ्नो रिट निवेदनमा विद्यालयको जग्गासँग सिमाना टाँसिएको अन्दाजी क्षेत्रफल ३-०-० सार्वजनिक जग्गा विद्यालयको स्तर उन्नतिका लागि उपभोग गर्न स्थानीय राजनीतिक दल प्रतिनिधिलगायत समाजसेवीको भेलाले दिएको भन्ने उल्लेख भएबाट उक्त विवादित जग्गा सार्वजनिक सरकारी भएकोमा विवाद नदेखिने।

निवेदनमा उल्लिखित जग्गा सार्वजनिक सरकारी देखिन आएकाले उक्त जग्गाको संरक्षण गर्ने प्रमुख दायित्व प्रमुख जिल्ला अधिकारीमा नै रहेकोले विवादित सार्वजनिक जग्गा सार्वजनिक विद्यालयले आफैँ प्रयोग गरेको नभई विभिन्न व्यक्तिलाई प्रयोग गर्न दिएको देखिन आएपछि जिल्ला प्रशासन कार्यालयले सार्वजनिक जग्गा विभिन्न व्यक्तिहरूलाई आवाद गर्न नदिने उद्देश्यले पत्राचार गरेको कुरालाई अन्यथा मान्न नमिल्ने।

सार्वजनिक जग्गाको संरक्षण गर्नेसमेतको कार्य स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५(५(ग) र १०क ले विपक्षी प्रमुख जिल्ला अधिकारीको कार्यालयले गर्नुपर्नेमा विवाद देखिँदैन । कुन र कस्तो प्रकारबाट त्यस्तो सार्वजनिक जग्गा सार्वजनिक सरकारी विद्यालयलाई उपलब्ध गराउने वा त्यसको उचित संरक्षण र प्रयोग गर्ने गराउने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट उत्तम विकल्प छनौट गरी विद्यालयको हितार्थ गर्न सक्ने नै देखिँदा मागबमोजिम

रिट जारी गरी रहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ईश्वरमणि ओझा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६९-WO-०७३८, उत्प्रेषण / परमादेश, *फणिन्द्रराज खरेल वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत*

अघिल्लो विज्ञापनबाट बढुवा हुन नसकेको र पछिल्लो विज्ञापनबाट आफूभन्दा कनिष्ठ वा कम अङ्क प्राप्त गर्ने बढुवा नियुक्ति हुनुमा यी निवेदकको कारणले भन्दा पनि अड्डा अदालतबाट निर्णय / फैसला हुन बढी समय लागेको कारण निवेदकलाई मर्का परेको स्थिति देखिँदा पछिल्लो विज्ञापनबाट अरूसरह बढुवा हुने स्थितिमा अरूसरहको बढुवाको जेष्ठता कायम हुनुपर्ने भन्ने निवेदन दाबी प्रचलित बढुवासम्बन्धी कानूनी व्यवस्था र समन्यायिक (Equitable) दृष्टिले समेत औचित्यपूर्ण देखिँदा निवेदन बेहोरा वैध अपेक्षा (Legitimate expectation) को देखिएकोले सो दाबीलाई इन्कार गर्नु न्यायसङ्गत हुने नदेखिने।

निवेदक मिति २०७३।१।२५ देखि अवकाश प्राप्त भएको भन्ने स्वयम् निवेदकतर्फका कानून व्यवसायीले स्वीकार गर्नुभएको र निवेदकले माग गरेको सहसचिव पदमा बढुवा भएको निवेदकले यस अदालतमा दिएको मिति २०७२।५।२८ को निवेदनबाटै देखिँदा निज सहसचिव पदमा बढुवा भई अवकाश लिएको देखिन आएकोले सेवा सुविधा र जेष्ठता कायमको प्रश्नमा कुन र कहिले मितिबाट जेष्ठता कायम भई निजले सहसचिवको निवृत्तिभरणसमेतको सेवा सुविधा पाउने हो, निवेदकको बढुवा प्रयोजनका लागि अङ्क गणना गरी प्राप्त अङ्कको आधार वा हिसाबबाट तुलनीय रूपमा यी निवेदक वरिष्ठ देखिएमा बढुवा सूचना नं.१९६।०६९-७० अनुरूपको बढुवा सिफारिस गरिएका योग्यताक्रमका उम्मेदवारसरह जेष्ठता गणना हुने गरी सोही मितिलाई आधार मानी जेष्ठता कायम गर्नु र सोहीअनुरूप पदाधिकार अवधिभर सम्बन्धित पदाधिकारीले पाउने सेवा सुविधा सम्बन्धमा र निवृत्तिभरणपश्चात् के कुन थप सेवा सुविधा दिनुपर्ने हो सो सम्बन्धमा समेत उपयुक्त निर्णय गरी कानूनबमोजिमको अधिकतम सुविधा सम्बन्धमा उचित निर्णय गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज ३० गते रोज २ शुभम्।

- यसै लगाउको ०६७-WO-०७०७, उत्प्रेषण / परमादेश, *फणिन्द्रराज खरेल वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-WO-०१५१, उत्प्रेषण, *प्रेमध्वज बस्नेत वि. सोलुखुम्बु जिल्ला वन कार्यालय, सल्लेरीसमेत*

निवेदकले निवेदनसाथ पेस गरेको मिति २००२।६।४ मा पारित भएको राजीनामा लिखतको प्रतिलिपिसमेत पेस गरेकोमा उक्त राजीनामाका जग्गाको चार किल्लासमेत खुलेको देखिन्छ। सोही साबिक प्रमाण स्रोतको आधारमा दाबीको जग्गा निवेदक प्रेमध्वज बस्नेतसमेतका नाउँमा दर्ता हुने गरी जग्गा नापजाँच ऐन, २०१९ को दफा ११ख बमोजिम गठित विशेष समितिको मिति २०५३।३।९ मा निर्णय भएकोले प्रेमध्वज बस्नेतसमेतको हक हस्तान्तरण बमोजिम सोलुखुम्बु जिल्ला भकान्जे गा.वि.स. वडा नं.३ को कि.नं.४४०, ४४७, ४५३ र ४६८ को जग्गाको पिरामिड भ्यालीको नाउँमा दर्ता भई जग्गाधनी

दर्ता प्रमाण पुर्जा रहेकोसमेत देखिने।

जग्गाको दर्ता बदर गर्ने गरी वन अधिकृतबाट निर्णय गर्नुपूर्व जिल्ला वन कार्यालय, सोलुखुम्बुबाट उपस्थित हुन पिरामिड भ्याली प्रा.लि. भकान्जे-३ लाई पत्र काटिएकोमा मिति २०७१।३।२१ मा प्रेमध्वज बस्नेतले चिठी म बुझ्दिन भनी फिर्ता गरेको बेहोरासम्म जनाइएको पाइए पनि प्रतिवादीका नाउँमा जारी भएको उक्त म्याद मुलुकी ऐन, अ.बं.११० नं. बमोजिम नाउँमा जारी भई अ.बं.११० नं. बमोजिम तामेल भएकोसमेत नदेखिने।

निवेदकले दाबीको जग्गाको साबिक दर्ता प्रमाण रहेको र कानूनबमोजिम गठित अधिकारप्राप्त निकायबाट साबिक प्रमाणसमेतलाई विचार गरी जग्गा दर्ता गर्ने निर्णय गरेकोमा निवेदकहरूको सो दर्तालाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्दा प्रतिवाद गर्ने मौका दिनु पर्नेमा बुझ्दै नबुझी गरेको निर्णयले कानूनी मान्यता पाउन सक्ने हुँदैन । कुनै निर्णयबाट कसैको हकाधिकारमा असर पार्दछ भने निर्णय गर्नुपूर्व सूचना दिई सुनुवाइको मौका प्रदान गर्नु अनिवार्य, स्वाभाविक र प्राकृतिक न्याय सिद्धान्तअनुरूप मानिने र सुनुवाइको मौका नदिई गरिएको निर्णय पूर्वाग्रही निर्णय मानिने हुँदा सूचना नै नदिई गरिएको प्राकृतिक न्याय सिद्धान्तविपरीतको विपक्षी जिल्ला वन अधिकृतबाट भएको मिति २०७२।१।२५ को निर्णय तथा काम कारबाही प्राकृतिक न्यायको सैद्धान्तिक दृष्टिकोणबाट समेत बदर हुने नै देखिने।

जग्गाको दर्ता बदरको निर्णय अधिकार क्षेत्र भएको साधिकार निकायबाट हुनुपर्नेमा त्यस्ता देवानी प्रकृतिका विवादमा के कस्तो उजुरी परेको कारण अनुसन्धान गर्नु परेको हो भन्ने तथ्य विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफबाट खुल्न आउँदैन । अधिकार क्षेत्रबिनाको विषयमा अनधिकृत सक्रियता चासो सरोकार राख्दा पनि कतिपय अवस्थामा दबाब प्रभावको सिर्जना हुँदैन भन्न सकिँदैन । स्वच्छ स्वतन्त्र निर्णयमा असर पर्ने कुनै पनि दबाब वा निर्देशनमूलक काम कारबाही तथा निर्णयले कानूनी मान्यता पाउनसमेत पिरामिड भ्याली प्रा.लि.को नाउँमा दर्ता गरेको जग्गा परापूर्वकालदेखि वनक्षेत्रको रूपमा प्रयोग गर्दै आएको, उक्त वन क्षेत्र नभए गाईवस्तुको निकाससमेत रोकिने हुँदा दर्ता बदर गरी सामुदायिक वन कायम गरिपाउँ भन्ने उजुरीको आधारमा उक्त प्रा.लि.का नाउँमा कहाँ के कति कहिले उक्त जग्गा दर्ता भएको हो। यसमा कुनकुन कर्मचारीहरू जिम्मेवार थिए सोसमेत खुल्ने गरी विवरण तथा राय प्रतिक्रिया माग गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग पूर्वाञ्चल क्षेत्रीय कार्यालय, धनकुटा सम्पर्क कार्यालय, इटहरीले मिति २०७१।७।५ मा पत्राचारसम्म गरेको निवेदकले पेस गरेको फोटोकपीबाट देखिए पनि सोबाहेकको निवेदकको दर्ता बदरमा असर पर्ने गरी कुनै निर्णय वा पत्राचार भएको देखिने कुनै आधार प्रमाण निवेदकले पेस गर्न सकेको नदेखिँदा निवेदकले पेस गरेको उक्त पत्राचारको आधारमा मात्र कुनै गैरकानूनी कुनै निर्णय वा निर्देशन भएको भन्ने नदेखिँदा त्यसतर्फ केही बोलिरहनु नपर्ने।

विपक्षी वन कार्यालयले दिएको लिखित जवाफमा पिरामिड भ्यालीले गरेको दर्ता जालसाजपूर्ण गरेको भनी भनेको भए पनि जालसाजतर्फ साधिकार निकायमा कारबाही चलाएको भन्नेसमेत देखिएको छैन। मालपोत ऐन, २०३४ को दफा ६ "जग्गाको दर्ता: (१) मालपोत कार्यालयले जिल्लाभित्रको प्रत्येक जग्गा तोकिएबमोजिम दर्ता गरी राख्नेछ" भन्ने देखिन्छ । निवेदन दाबीको जग्गा दर्ता गर्ने निर्णय भई जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त भइसकेकोमा सो कायम रहेको अवस्थामा राष्ट्रिय वनको जग्गा रहेको भन्ने विपक्षी जिल्ला वन कार्यालयको कथन खण्डित भइरहेको देखिने।

विपक्षी जिल्ला वन कार्यालयले मिति २०७२।१।२५ मा निर्णय हुँदाको अवस्थामा विवादित

जग्गामा राष्ट्रिय वन कायम रहेको देखिँदैन । साबिक दर्ता तिरो भोगको आधारमा छुट जग्गा दर्ता प्रक्रियाबाट निवेदक कम्पनीको नाउँमा जग्गा दर्ता गरेकोमा दर्ता बदर गर्ने क्षेत्राधिकार जिल्ला वन अधिकृतलाई तोकेको देखिएन । यसरी जिल्ला वन अधिकृतलाई दर्ता बदर गर्ने सुरू क्षेत्राधिकार वन ऐनले तोकेको नदेखिएको र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ मा "प्रचलित कानूनले अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्रको सबै मुद्दामा सुरू कारबाही र किनारा गर्ने अधिकार हुनेछ" भन्ने कानूनी व्यवस्था भएकोमा दर्ता बदरतर्फ जिल्ला अदालत प्रवेश गरेको नदेखिने ।

क्षेत्राधिकारको प्रश्न कानूनले व्यवस्थित गर्ने कुरा हो । अदालतसमेतका कुनै पनि निकायले कसैका लागि क्षेत्राधिकारको सिर्जना गर्न नमिल्ने । साधिकार निकायले गरेको दर्ता निर्णयले दर्ता भई निवेदक पिरामिड भ्यालीका नाउँमा जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको सम्पत्ति देखिइरहेको र त्यसरी दर्ता भएको तथ्य विपक्षीलाई जानकारी रहेकोमा अनधिकृत दर्ता भए कानूनले निश्चित गरेको प्रक्रिया अपनाई कानूनी व्यवस्था एवम् प्रमाण कागजातको आधारमा त्यस्तो अनधिकृत तवरले गरेको जग्गा दर्ता बदर गर्न सक्नु पर्नेमा नापीको बखत फिल्डबुकमा जङ्गल जनिएको, खाली रहेको तथा अँगेरी जनिएको कारणले मात्र व्यक्तिको नाउँमा दर्ता भई जग्गाधनी प्रमाणपुर्जा प्राप्त जग्गालाई क्षेत्राधिकार तथा कानूनी आधारबिना राष्ट्रिय वनको जग्गा भनी ठहर गर्न मिल्ने नदेखिने । विपक्षी वन कार्यालयलाई दर्ता बदर गर्ने अधिकारक्षेत्र कानूनले स्पष्ट रूपमा तोकेको देखिँदैन । कानूनद्वारा क्षेत्राधिकार नतोकिएको विषयमा क्षेत्राधिकार ग्रहण गरी दर्ता बदर आफैँ नहुने भई कुनै न कुनै निकायले बोल्नु पर्ने भनी आफैँ निर्णय गरी एकाको नाउँमा भएको दर्ता वन कार्यालय आफैँले बदर गर्ने कार्यले अधिकारक्षेत्रको त्रुटि हुन गएको पाइने ।

दर्ता स्रेस्ताका प्रमाण मूल्याङ्न गर्नुपर्ने, साबिकको दर्ताको आधारमा हाल साबिक भई नापी दर्ता भएको हो, होइन भन्ने तथा हक कायम हुने नहुने जस्तो कानूनी र तथ्यगत प्रश्नको निरूपण गर्नुपर्ने विषयलाई नजरअन्दाज गर्न मिल्दैन । विवादित जग्गा राष्ट्रिय वन हो वा व्यक्ति विशेषको निजी सम्पत्ति हो भन्ने प्रश्न उठेमा सो प्रश्नको निरूपण स्वाभाविक रूपमा सबुद प्रमाणको मूल्याङ्कनको आधारमा बोल्नुपर्ने हुन्छ । सबुद प्रमाणको मूल्याङ्कन सुरू जिल्ला अदालतको अधिकारक्षेत्रको विषय हुने देखिएकोले त्यस्तो विषयमा प्रवेश गरी दर्ता बदर गरेको विपक्षी जिल्ला वन अधिकृतको निर्णय कानून र न्यायसङ्गत देखिन नआउने । जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११ख बमोजिम गठित समितिको मिति २०५३।३।९ को निर्णयले विवादित कि.नं.४४०, ४४७, ४५३ र ४६८ को जग्गाहरू कित्ताकाट गरी दर्ता हुने भनी उल्लेख गरेकोमा यी निवेदकले पूरै जग्गा दर्ता गरेको देखिए तापनि सो हदसम्मको दर्ता बदर तर्फसमेत साधिकार निकायबाट बदर गर्न सक्नु पर्नेमा कानूनले तोकेको कानूनअनुरूपको प्रक्रिया नअपनाई त्यसप्रकारले पूरा वा आंशिक बदरतर्फ कुनै दाबी नलिने र निर्णयबाट असर पर्ने पक्षलाई सुनुवाइको मौकासमेत नदिई पहिल्यै साधिकार निकायले गरेको दर्ता वन अधिकृतद्वारा बदर गरेको कार्य क्षेत्राधिकारसमेतको अभावमा गैरकानूनी देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने । वस्तुत: दर्तावाला व्यक्तिलाई सूचना नदिई दर्ता बदर गरेको, निर्णय प्राकृतिक न्याय सिद्धान्तविपरीत देखिएको, सबुद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने विषयमा प्रवेश गरी निर्णय गरेको तथा अधिकारक्षेत्रको अभाव रहेको विषयमा क्षेत्राधिकार ग्रहण गरी साधिकार निकायबाट गरेको दर्ता बदर गरेको विपक्षी जिल्ला वन अधिकृतको निर्णय तथा निर्देशनसमेत कानून र न्यायसङ्गत नदेखिएको साथै यस्तो देवानी प्रकृतिको विषय जोडिई

साबिक स्रेस्ताबमोजिम दर्ता गरेका निवेदकलाई पक्राउ गर्नु भन्नेसमेतको विपक्षी जिल्ला वन अधिकृतले गरेको मिति २०७२।१।२५ को निर्णयलाई न्याय र कानूनसम्मत नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

मिति २०५३।३।९ को निर्णयले विवादित कि.नं.४४०, ४४७, ४५३ र ४६८ को जग्गाहरू कित्ताकाट गरी दर्ता हुने भनी उल्लेख गरेकोमा सो निर्णयलाई अन्यथा गर्ने अवस्था नदेखिए पनि यी निवेदकले पूरै जग्गा दर्ता गरेको देखिएकोले अब जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११(ख) बमोजिम गठित विशेष समितिको मिति २०५३।३।९ को दर्ता निर्णयबाट दर्ता भएका जग्गाहरू पछि विपक्षी जिल्ला वन अधिकृतले गरेको मिति २०७२।१।२५ को निर्णयमा यी निवेदकको हकका के कति जग्गाहरू हुन् भन्नेसम्बन्धमा प्रस्ट पारेको नदेखिएको साथै निवेदकलाई पक्राउ गर्नु भन्नेसमेतको विपक्षीको निर्णयलाई न्याय र कानूनसम्मत मान्न नमिलेकोले जग्गा दर्ता सम्बन्धमा पुन: यकिन गरी निर्णय गर्न कानूनअनुरूपको प्रक्रिया अपनाउनु र प्रस्तुत विषयमा निवेदकलाई पक्राउ नगर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७४ साल पुस ५ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-CI-१२८९, कित्ताकाट दर्ताफारी, *रंजित कोइराला वि. मिश्री खड्का*

सुरू अदालतबाट फैसला हुँदा प्रतिवादीलाई फैसलाउपर चित्त नबुझे पुनरावेदन गर्नु भनी पुनरावेदन म्याद दिनु भन्ने उल्लेख भई निज रंजित कोइरालाको नाउँको म्याद २०६८।४।२३ मा समेत भएको देखिन्छ । उक्त म्यादभित्र पुनरावेदन नगरी निज प्रतिवादीले सुरू फैसलामा चित्त बुझाई बसेको अवस्था देखिने ।

प्रतिवादी सुरू फैसलामा चित्त बुझाई पुनरावेदन नगरी बसेको अवस्था देखिएकोमा पुनरावेदन अदालतबाट निजलाई पुनरावेदन अदालतबाट भएको फैसलाउपर पुनरावेदन गर्न पुनरावेदन म्याद जारी हुँदैमा निजले पुनरावेदन गर्न पाउने अवस्था रहँदैन । तसर्थ प्रतिवादी यस अदालतमा पुनरावेदन गर्न आएकोमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा १(ग) ले प्रस्तुत मुद्दामा पुनरावेदन गर्ने हक यी पुनरावेदकलाई भएको नदेखिँदा पुनरावेदनको औचित्यतर्फ प्रवेश गरी पुनरावेदकले लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्नुपर्ने अवस्था नै देखिएन । अत: प्रतिवादीको पुनरावेदन पुनरावेदकको रोहबाट दर्ता भइआएको देखिए पनि प्रस्तुत पुनरावेदन अ.बं.१८० नं. बमोजिम खारेज हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७३ साल फागुन ३ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०२२६, उत्प्रेषण / परमादेश, *सुभाषकुमार खेतान वि. कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंसमेत*

विपक्षी सिद्धार्थ ग्याँस उद्योग प्रा.लि.समेतले आफूलाई सञ्चालक समितिको सदस्यको मान्यता नदिई सञ्चालक समितिको बैठक डाकिएको, कम्पनीको सञ्चालक समितिमा नयाँ सञ्चालक नियुक्त गरी सञ्चालक समितिको पुनर्गठन हुन लागेको भन्ने बेहोरा निवेदकले दिएको रिट निवेदनबाट देखिने ।

मिसिल संलग्न कागजातबाट सिद्धार्थ

ग्याँस उद्योग प्रा.लि.को वार्षिक साधारण सभा मिति २०७२।११।२३ मा बसेको देखिएको र उक्त वार्षिक साधारण सभामा निवेदक सुभाषकुमार खेतान सञ्चालक / सेयरधनीको रूपमा उपस्थित भई कम्पनीको साधारण सभाबाट कम्पनीको सञ्चालक समितिमा पुन: नियुक्ति भएको देखिने।

निवेदकले विपक्षी सिद्धार्थ ग्याँस उद्योग प्रा. लि. समेतले आफूलाई सञ्चालकको रूपमा मान्यता नदिएको र आफ्नो अनुपस्थितिमा साधारणसभा हुन लागेको भनी रिट निवेदनमा उल्लेख गरेकोमा उक्त कागजात प्रमाणहरूबाट निवेदकको निवेदन दाबी समर्थित नभई खण्डित भएको अवस्था देखिने।

विपक्षी सिद्धार्थ ग्याँस उद्योग प्रा.लि.ले यी निवेदकलाई साधारण सभाको बैठक बस्नेबारेमा गरेको पत्राचार र मिति २०७२।११।२३ को साधारण सभाको माइन्युटबाट यी निवेदक उक्त उद्योगको सञ्चालक सेयरधनीको हैसियतमा नै रहेको पाइने।

अत: उल्लिखित आधार र कारणबाट प्रस्तुत निवेदनको औचित्यभित्र प्रवेश गरी हेरिरहन पर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल साउन २० गते रोज ५ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-WO-०६७१, उत्प्रेषण / परमादेश, *वसन्त प्रकाश उपाध्याय वि. सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबारसमेत*

रिट निवेदकलाई मिति २०७१।४।२ मा नेपाल सरकारको निर्णयले सञ्चालक सदस्य पदमा २ वर्षका लागि नियुक्त भएको सूचना तथा सञ्चार मन्त्रालयको च.नं.१५।०७१।०७२ मिति २०७१।४।२ को पत्रबाट देखिन्छ। सोअनुसार निजको पदावधि मिति २०७३।४।१ सम्म रहेको देखिन आउँछ। आज प्रस्तुत रिट निर्णायार्थ इजलाससमक्ष पेस भएको अवधिसम्म निजको २ वर्ष पदावधि नै समाप्त नै भइसकेको अवस्था देखिन्छ । रिट निवेदकको पदावधि नै हाल समाप्त भइसकेको अवस्थामा रिट निवेदकको औचित्यभित्र प्रवेश गरी हेरिरहन पर्ने अवस्था नै देखिन नआउने।

तसर्थ रिट निवेदकलाई नेपाल सरकारको निर्णयबाट सञ्चालक सदस्य पदमा २ वर्षको लागि नियुक्त गरिएकोमा सो पदावधि नै समाप्त भई हाल निवेदनको प्रयोजन नै समाप्त भइसकेको देखिँदा निवेदनको औचित्यभित्र प्रवेश गरी हेरिरहन पर्ने देखिएन। मिति २०७२।१२।२ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने गरी प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल असार ११ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०६१५ र ०७२-CR-०८३१, मानव बेचबिखन तथा ओसारपसार, *सन्तोष कार्की वि. नेपाल सरकार र नेपाल सरकार वि. सन्तोष कार्की*

प्रतिवादी अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । प्रतिवादीले जाहेरवालालाई जागिर लगाई दिन्छु भनी होटलमा बोलाएको भन्ने आधारमा वादी नेपाल सरकारले अभियोग लगाएको देखिन्छ। तर जाहेरवालाहरूलाई बेचबिखन गर्ने उद्देश्यले कहाँ लैजान खोजिएको थियो, प्रतिवादी किन उक्त कार्यमा असफल भयो भन्ने वादीले पुष्टि गर्न सकेको पाइँदैन। मानव बेचबिखनको उद्योगको कसुर कायम हुन बेचबिखन गर्ने उद्देश्यले सम्पूर्ण कार्य

गरेको तर कुनै कारणवश त्यस कार्यले पूर्णता नपाएको भन्ने प्रमाणबाट पुष्टि हुनुपर्ने।

प्रस्तुत मुद्दामा स्वयम् जाहेरवालाको अदालतको बकपत्रबाट प्रतिवादीले पीडितहरूलाई होटलमा बोलाई राखेपछि मामा रूखबाट खसी घाइते भएकोले काठमाडौं जानु छ भनी हिडेको र भोलिपल्ट फोन गरी नोकरी लगाउन नसकिने भयो होटलबाट जाउ भनी भनेको हुँदा पीडितहरू साथीकोमा गई बसेको अवस्थासम्म मिसिलबाट देखिन्छ। होटलमा बस्दा पीडितहरूप्रति कुनै दुर्व्यवहार भएको भन्ने देखिँदैन । पीडितहरूलाई प्रतिवादीको कब्जाबाट प्रहरीले उद्धार गरेको भन्ने अवस्था पनि छैन। होटलमा बस्दाको अवस्थामा अन्य कुनै मानिससँग सम्पर्क वा बेचबिखनको कुरा भएको पाइँदैन। यसरी समग्र मिसिल अध्ययनबाट पीडितहरूलाई नोकरी लगाइदिने भनी होटलमा बोलाएको भन्ने तथ्यसम्म पुष्टि भएकोमा भारतमा बेचबिखन गर्ने उद्देश्य नै थियो भनी अनुमान गर्न नमिल्ने।

प्रतिवादीले बेचबिखन गर्ने उद्देश्यले नै होटलमा बोलाएको भए आफैँले घर जाउ भनी पीडितलाई भन्नु पर्ने कुनै आधार देखिँदैन। प्रतिवादीले बिक्री गर्नकै लागि लगेको हो भनी मान्दा कुन कारणले त्यो कसुरले पूर्णता नपाएको हो भन्ने वादीले पुष्टि गरेको हुनुपर्छ । शङ्काको सुविधा प्रतिवादीले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तको आधारमा समेत प्रतिवादीलाई दोषी ठहर गर्न मिल्ने देखिँदैन । यसरी पीडितहरूलाई बेचबिखन गर्न लागेको भन्ने शङ्कारहित रूपमा पुष्टि हुन नआएको केबल जागिर लगाइदिन्छु भनेको मात्र आधारमा मानव बेचबिखनको उद्योगको कसुर कायम गरी सजाय गर्न मिल्ने हुँदैन । कसैलाई सजायभागी बनाउन निजले गरेको कसुरको पुष्ट्याईं वस्तुगतरूपमा हुनुपर्दछ । भावना र आत्मगत विश्लेषणको आधारमा मानव बेचबिखन गरेको भनी निष्कर्षमा पुग्न न्यायको रोहमा उचित हुने देखिएन। तसर्थ केवल अनुमानको भरमा सजाय ठहर गरेको पुनरावेदन अदालतको इन्साफ त्रुटिपूर्ण रहेको देखिने।

सार्वजनिक पद धारण गरेका प्रतिवादीले मानव बेचबिखनको कसुर गर्ने उद्योग गरेको हुँदा ऐनको दफा १५(३) बमोजिम थप सजाय हुनुपर्छ भन्ने जिकिर लिएको देखिन्छ । माथिको प्रकरणमा भएको विवेचनाबाट प्रतिवादीउपरको कसुर नै कायम हुन नसकेको हुँदा सोही कसुर गरेबापत थप सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

अतः माथि विवेचित आधार कारणबाट प्रतिवादीले परिवर्तित नाम क्रमशः क, ख र ग कुमारीलाई बेच्ने उद्देश्यले मानव ओसारपसार गर्न लागेको हुँदा उद्योगतर्फ सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी मिसिल प्रमाणबाट पुष्टि हुन नआएको, केवल शङ्का र अनुमानको भरमा प्रतिवादीलाई आरोपित कसुरमा सजाय गर्न नमिल्नेमा प्रतिवादीलाई सुरू जिल्ला अदालतबाट जिउ मास्ने बेच्नेको महलको २ नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ठहऱ्याई भएको फैसला उल्टी गरी अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू.२५ हजार क्षतिपूर्ति भराई दिने गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला त्रुटिपूर्ण रहेको पाइयो। तसर्थ सुरू पाल्पा जिल्ला अदालतबाट मिति २०७१।२।१२ मा भएको फैसला र पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।१।१७ मा भएको फैसला उल्टी भई प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल साउन २३ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CI-०२९५, लिलाम बदर निर्णय आदेश बदर, *हरिहर देवी चौधरी वि. असरी चौधरीसमेत*

वादी हरिहर देवी चौधरी प्रतिवादी असरी चौधरी भएको सा.दे.नं. ३३५७ नं. को अंश दर्ता मुद्दा मिति २०५७।३।६ मा दर्ता भएको र मिति २०५८।९।५ मा कि.नं. १३६ को जग्गाको दुई भागको एक भाग वादीले अंशबापत पाउने भनी फैसला भएको देखिन्छ। जबकि वादी आनन्दी चौधरी प्रतिवादी असरी चौधरी भएको सा.दे.नं. ३३४१ को लेनदेन मुद्दा मिति २०५८।७।२० मा दर्ता भई मिति २०५९।१।१० मा फैसला भएको रहेछ। यसरी पहिल्यै दर्ता भई फैसला भएको अंश दर्ता मुद्दाबाट कि.नं.१३६ को जग्गामा वादी हरिहर देवी चौधरीको हक स्थापित भइसकेपश्चात् निज हरिहर देवी चौधरी ऋणी नभएको वा तमसुकमा निजको सहिछापसमेत नभएको अवस्थामा पछि दर्ता भई फैसला भएको मुद्दाको फैसला कार्यान्वयनको क्रममा निज वादी हरिहर देवी चौधरीको हक जान सक्ने नहुने।

लेनदेन मुद्दामा जसले ऋण लिएको छ उसको सम्पत्ति रोक्का राख्नु पर्ने हुन्छ। तर उक्त लेनदेन मुद्दामा फिराद परेपश्चात् ऋणी असरी चौधरीको नाममा भएको जग्गा रोक्का नगराई हरिहर देवी चौधरीको ससुरा एवम् असरी चौधरीको बुबा स्व. मुखिलाल चौधरीको नाम दर्ताको जग्गा मिति २०५८।९।६ मा रोक्का गराएको देखिन्छ। रोक्का गराएको उक्त जग्गामा हरिहर देवी चौधरीको समेत हक लाग्ने देखिएको छ। जबकि सो ऋण एकासगोलको प्रयोजनको लागि लिएको नदेखिएको अवस्थामा हरिहर देवी चौधरीसमेतको अंशहक लाग्ने जग्गाबाट असरी चौधरीले लिएको ऋण तिराउन मिल्ने नदेखिने।

विवादको कि.नं. १३६ को जग्गामध्ये ०-८-९$^{३}/_{४}$ जग्गामा हरिहर देवी चौधरीको हक स्थापित भइसकेपश्चात् निज हरिहर देवी चौधरी पक्ष नै नभएको लेनदेन मुद्दामा भएको फैसलाको जरियाबाट निजको हक समाप्त हुन सक्दैन। कुनै पनि कानूनको उद्देश्य कसैलाई अन्यायमा पार्न हुन सक्दैन। कानूनको निर्माण नै सबै वर्गको हक हितको उचित संरक्षण गर्नको लागि भएको हुन्छ। यस अवस्थामा कुनै व्यक्तिको कानूनप्रदत्त हक अधिकारमा कहीँकतैबाट अतिक्रमण भएको रहेछ भने प्रचलित कानूनले उपलब्ध गराएको बाटो अवलम्बन गरी सत्य तथ्यको आधारमा इन्साफमा पुग्नु पर्ने हुन्छ। न्यायकर्ताले कानून र व्यवहारको उचित र न्यायपूर्ण विवेचना गरी न्याय नगरेमा अन्यायको पृष्ठपोषण हुन जाने प्रबल सम्भावना हुने हुँदा कानूनको व्याख्या न्याय पार्ने उद्देश्यबाट नै गरिनु पर्ने हुने।

हरिहर देवी चौधरी वादी र असरी चौधरी प्रतिवादी भएको अंश दर्ता मुद्दामा भएको फैसलाबमोजिम विवादको कि.नं.१३६ मध्ये आधा जग्गामा हरिहर देवी चौधरीको हक स्थापित भइसकेपश्चात् परेको लेनदेन मुद्दामा भएको फैसलाको जरियाबाट हरिहर देवी चौधरीको हक जान सक्ने देखिँदैन। असरी चौधरीले आनन्दी चौधरीसँग लिएको ऋण विवादको कि.नं.१३६ को जग्गा कित्ता भई असरी चौधरीको भागमा परेको जग्गा तथा निजको नाममा रहेको अन्य जग्गाबाट समेत भराउन सकिने नै हुँदा हरिहर देवी चौधरीको भागमा परेको विवादित कि.नं.१३६ को जग्गाबाट कित्ताकाट भई कायम भएको कि.नं.४३४ को जग्गासमेत लिलाम गर्ने गरी भएको काम कारबाही कानूनसम्मत रहेको नेदेखिँदा सप्तरी जिल्ला अदालतको मिति २०६१।३।२९ को डाँक लिलाम सकार मुचुल्का र डाँक लिलाम तामेली आदेश पर्चा र दाखेल खारेज पुर्जीसमेत बदर गरेको जिल्ला अदालतको फैसला सदर गर्नुपर्नेमा उल्टी गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेकोले पुनरावेदन अदालतको सो फैसला सदर कायम रहन सक्ने नदेखिने।

तसर्थ, विवेचित आधार, कारण र प्रमाणबाट

सप्तरी जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।९।२५ मा भएको फैसला कानून र न्यायसम्मत भएको नदेखिँदा उल्टी भई वादी हरिहर देवी चौधरीले अंश मुद्दाबाट पाएको कि.नं.१३६ बाट कित्ताकाट भई कायम कि.नं. ४३४ को जग्गासमेत मिति २०६१।३।२९ मा डाँक लिलाम भएको लिलाम बदर भई सो आधारमा पाएको पुर्जीसमेत बदर हुने ठहऱ्याएको सप्तरी जिल्ला अदालतको मिति २०६६।२।२० को फैसला सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल फागुन ३० गते रोज ४ शुभम्।

- यसै लगाउको ०६९-CI-०२९६, दा.खा. बदर बक्स लिखत बदर गरी अदालतको पुर्जीबमोजिम जग्गा, *हरिहरदेवी चौधरीसमेत वि. आनन्दी चौधरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-१८४९, लिलाम मोटर बीमा तेस्रो पक्ष मृत्यु दाबी, *डा. प्रणव सेन वि. नविनकुमार शाही भूमिहार*

मेरो नाममा दर्ता रहेको ना. २ ख. ९७७१ नम्बरको मालबाहक ट्रक मिति २०७०।४।२४ गते विराटनगरबाट बिरगन्जतर्फ जाने क्रममा सुनसरीको झुम्का भन्ने ठाउँमा को.९ प ८८९३ नम्बरको मोटरसाइकलसँग दुर्घटना हुँदा मोटरसाइकलमा सवार व्यक्तिको मृत्यु भएकोले मृतकको परिवारलाई दिएको क्षतिपूर्तिको रकम उक्त इन्स्योरेन्सबाट उपलब्ध गराइपाउँ भन्ने नविनकुमार शाही भूमिहारको उजुरी निवेदन र दुर्घटना हुनुअगाडि यस कम्पनीको खातामा बीमा शुल्कको रकम जम्मा नभएको, बीमा शुल्कको चेक जारी गरेको बखतमा बीमितको खातामा रकम नभएको र चेक बाउन्स भएको अवधिमा बीमालेख स्वतः रद्द हुने हुँदा उक्त क्षति बीमालेखको परिधिभित्र नपरेको तथा दुर्घटना भएपश्चात् मात्र खातामा रकम जम्मा गरेको हुँदा उक्त दुर्घटनाबाट हुन गएको क्षतिमा यस कम्पनीको दायित्व नरहेको भन्ने बीमकको लिखित जवाफ रहेको देखिने।

बीमालेख जारी भएको करिब १० दिनपश्चात् दुर्घटना भएको र उक्त अवधिसम्म बीमा शुल्कबापत बुझेको चेक बाउन्स भएको कुरा बीमितलाई जानकारी नगराएको तथा अन्य कानूनी कारबाहीसमेत आरम्भ नगरेको हुँदा बीमालेखबमोजिम तेस्रो पक्षको दायित्वअन्तर्गत बीमितले पीडित पक्षलाई भुक्तानी गरेको रकम बराबरको रकम भुक्तानी गर्न बीमक नेसनल इन्स्योरेन्स कम्पनी लिमिटेडलाई आदेश दिने ठहर्छ भन्ने बीमा समितिको निर्णयउपर नेसनल इन्स्योरेन्स कम्पनी लिमिटेडको पुनरावेदन परी पुनरावेदन अदालतबाट समेत बीमा समितिको निर्णय सदर हुने गरी फैसला भएको देखिने।

बीमित नविनकुमार शाही भूमिहारले आफ्नो नाउँ दर्ताको ना.२ ख. ९७७१ नम्बरको मालबाहक ट्रक बीमक नेसनल इन्स्योरेन्स कम्पनीमा बीमाङ्क रू.११,०००,००।- कायम गरी व्यावसायिक सवारीसाधन बीमा प्रस्ताव फाराम भरी बीमा अवधि २८.०७.२०१३ तदनुसार विक्रम संवत् २०७०।४।१३ देखि २७.०७.२०१४ तदनुसार विक्रम संवत् २०७१।४।१२ सम्म हुने गरी बीमा गराएको कुरामा विवाद देखिँदैन। बीमक नविनकुमार शाही भूमिहारले मिति २८-०७-२०१३ (२०७०।४।१३) मा बीमा शुल्कबापत बुझाउनु पर्ने रकम रू.३३०६४।- एभरेष्ट बैंक लि. बिरगन्ज ड्राइपोर्ट नाउँको चेकद्वारा प्रिमियम भुक्तानी गरी बीमक कम्पनीबाट बीमितको नाउँमा बीमालेख जारी भएको देखिने।

चेकमार्फत बीमितले बुझाएको बीमा

शुल्कबापतको रकम बीमितको बैंक खातामा भए नभएको सम्बन्धित बैंकबाट यकिन (confirm) गरी बीमा शुल्क दाखिला गर्न पुग्ने रकम भएको निश्चितता सम्बन्धित बैंकबाट प्राप्त भएपछि मात्र बीमालेख जारी गर्ने मूल दायित्व पुनरावेदकमा रहेकोमा पुनरावेदक कम्पनीले त्यसो गरेको पाइँदैन । आफूले पूरा गर्नुपर्ने दायित्व पूरा नगरेको कारण उत्पन्न परिस्थिति र परिणामको जिम्मेवारी सोही पक्षले लिनु पर्ने ।

पुनरावेदक कम्पनीले बीमित नविनकुमार शाहीले दाखिला गरेको चेक बाउन्स भएपछि आफूले जारी गरेको बीमालेख रद्द गरेको देखिँदैन । साथै उक्त बाउन्स भएको चेक बीमितलाई फिर्ता गरेको वा सो सम्बन्धमा कुनै कारबाही चलाएको अवस्था पनि छैन । बीमितले चेक भुक्तानी गरेको मिति २८.०७.२०१३ मा बीमितको खातामा रकम नभएको कारण चेक बाउन्स भई credited नभएको तर सोही बाउन्स भएको चेकमार्फत बीमकले बीमाबापतको रकम ११.०८.२०१३ मा debited भएको भन्ने एभरेष्ट बैंक लिमिटेडको मिति १२.०८.२०१३ को पत्रबाट देखिन्छ । बीमालेख पक्षहरूबिच करारीय दायित्व सिर्जना गर्ने सम्झौता हो । बीमितले बीमाशुल्क बुझाएबापत बिमकले जोखिम वहन गर्ने भन्ने करार सम्पन्न भइसकेपछि बीमितले दाबी पाउनु पर्ने एवम् बीमकले क्षतिपूर्ति दिनु पर्नेमा विवाद छैन । बीमकले जोखिम ग्रहण गरेबापत बीमा शुल्क रकम प्राप्त गरेपछि बीमा गरेको मानिनेछ भन्ने माथि उल्लिखित दफा २७ मा कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा आफूले जारी गरेको बीमालेखबापतको रकम पुनरावेदकले प्राप्त गरिसकेको देखिँदा जोखिम बहन गर्न स्वीकार गरेको मान्नु पर्ने ।

बीमा गरिएको सवारी साधन दुर्घटना परेको यथार्थ र वास्तविक जानकारी पाइसकेपश्चात् समेत चेकको भुक्तानी लिएको पुनरावेदकको आचरणबाट समेत जोखिम बहन गर्न स्वीकार गरेको देखिन्छ । सवारी साधनको तेस्रो पक्ष बीमा बीमितलाई प्रत्यक्ष लाभ दिनको लागि भन्दा पनि सम्भावित पीडितलाई पुग्नजाने क्षतिबाट जोगाउने उद्देश्यले सार्वजनिक हितका लागि गरिन्छ । आफैँले बीमा लेख जारी गरी बीमा रकम स्वीकार गरेपछि जोखिम बहन गर्दिन भन्नु सार्वजनिक हितका साथै बीमासम्बन्धी सिद्धान्तविपरीत हुने देखिन्छ । तसर्थ बीमालेख जारी गरी जोखिम स्वीकार गरिसकेपछि सवारी दुर्घटना हुनुअगाडि कम्पनीको खातामा बीमा रकम दाखिल नभएको भनी जोखिम बहन गर्न इन्कार गरेको पुनरावेदकको कार्य कानून र न्याय दुवै दृष्टिकोणले मनासिब देखिन आएन । अतः प्रत्यर्थी नविनकुमार शाहीले पीडित पक्षलाई भुक्तानी गरेको रकम बराबरको रकम पुनरावेदक नेसनल इन्स्योरेन्स कम्पनीले भुक्तानी दिनुपर्ने देखिन आउने ।

माथि विवेचित आधार, कारणबाट नेसनल इन्स्योरेन्स कम्पनी लिमिटेडले दाबी बराबरको रकम भुक्तानी दिनुपर्ने भनी बीमा समितिबाट मिति २०७१।५।२७ मा भएको निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७५।५।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल वैशाख ६ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-WO-०१५२, उत्प्रेषण / परमादेश, उत्प्रेषण / प्रतिषेधसमेत, *रेनु मूलसमेत वि. जिलेट आवासीय मा.वि. कालीमाटीसमेत*

मिति २०७४।५।१९ मा यस अदालतसमक्ष दायर गरिएको प्रस्तुत निवेदनमा उठाइएको विषयको वर्तमान अवस्थालाई हेर्दा निवेदकहरूले विपक्षीउपर २०७४।१।२ गतेदेखि सुरू भएको शैक्षिकसत्रको अवधिभरि अर्थात् २०७४ सालको चैत्र मसान्तसम्म विद्यालयको शैक्षिक वातावरणमा विपक्षीबाट कुनै

प्रकारको हस्तक्षेप नगर्न नगराउन परमादेशलगायतको आदेश जारी हुन माग गरेकोमा निवेदकले कुनै प्रकारको बाधा अवरोध नहोस् भनी माग गरेको शैक्षिकसत्रको अवधि नै हाल व्यतित भइसकेको अवस्थामा निवेदकहरूको माग नै पूरा भइसकेको अवस्था देखिने।

निवेदकहरूले जे-जुन अवधिका लागि परमादेशलगायतको आदेश हुन यस अदालतसमक्ष मागदाबी लिएका हुन् उक्त आदेश कार्यान्वयन हुने अवधि नै समाप्त भइसकेको सन्दर्भमा निवेदकहरूको मागदाबी कायम रहेको भन्ने देखिन आएन । यस्तो अवस्थामा प्रस्तुत रिट जारी गरिरहनुपर्ने औचित्य र आवश्यकतासमेत नरहेकोले प्रस्तुत निवेदनउपर यसै अदालतबाट जारी अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

अतः उपर्युक्त विवेचित तथ्य एवम् प्रमाणसमेतका आधारमा आदेश जारी हुन निवेदकहरूले माग गरेको समयावधि नै व्यतित भई निवेदकहरूले उठाएको विषयको आवश्यकता र औचित्यसमेत समाप्त भई निवेदन दाबी निष्प्रयोजित भइसकेको अवस्थामा विपक्षीहरूका विरूद्ध आदेश जारी गरिरहनुपर्ने नदेखिँदा यस अदालतबाट यसै निवेदनउपर मिति २०७४।५।२१ गते जारी अल्पकालीन आदेशसमेत निष्क्रिय हुने गरी प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ ८ गते रोज ३ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की**, ०७०-WO-००६०, उत्प्रेषण, *उषा यादव वि. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, के.का. भद्रकाली प्लाजा*

स्वविवेकीय अधिकारको प्रयोग गर्दा विवेकपरक र वस्तुनिष्ठ ढङ्गबाट गर्नुपर्ने हुन्छ । निर्णयकर्ताले फरक-फरक अवस्थामा फरक क्षतिपूर्ति निर्धारण गर्न सक्तछ तर त्यसको औचित्य पुष्टि अभिव्यक्त रूपमा भएको हुनुपर्दछ । विनियमावलीले तोकेको हदभन्दा आधा नै रकम उपलब्ध गराउने निर्णय गर्दा के कुन प्रक्रिया र कुन कानूनले उक्त निर्णय गरेको भन्ने उल्लेख नगरी केवल आर्थिक सहायता स्वरूप पाँच लाख रूपैयाँ दिने भनी गरेको निर्णयलाई विवेकसम्मत निर्णय भनी मान्न नमिल्ने । निर्णय गर्दा निर्णयकर्ताले हरेक निर्णयमा आधार र कारण उल्लेख गरी निर्णय गर्नुपर्ने हुन्छ । आधार र कारण उल्लेख नगरी गरेको निर्णय स्वेच्छाचारी हुन्छ । स्वेच्छाचारी निर्णयले अराजकता निम्त्याउँछ । प्रस्तुत निवेदनको सन्दर्भमा कम्पनीको जनशक्ति व्यवस्थापन विभागबाट निर्णय हुँदा अभिव्यक्त रूपमा यो यति कारणले विनियमावलीले तोकेको हदभन्दा कम दिइएको भनी उल्लेख भएको देखिँदैन । यस्तो निर्णयलाई आधार र कारणमा आधारित भएर गरेको निर्णय भनी मान्न नमिल्ने।

रिट निवेदकले निजका पति तारालाल यादवको कम्पनीको कामको सिलसिलामा मिति २०६७।११।३० मा मृत्यु भएकोले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०६१ को विनियम १०८(क) को देहाय (घ) र (ङ) बमोजिम शैक्षिक सन्तति वृत्तिको रकम र कामको सिलसिलामा मृत्यु भएमा पाउने क्षतिपूर्ति आर्थिक सहायता सुविधाबापत रू.५,००,०००।– पाउने भनी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालय, जनशक्ति व्यवस्थापन विभागबाट मिति २०६९।१०।२१ को निर्णय एवम् सोसम्बन्धी अन्य काम कारबाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने । मृतक तारालाल यादवको कम्पनीको कामको सिलसिलामा मृत्यु भएकोले उक्त विनियमावलीको

विनियम १०८ क. को देहाय (ङ) बमोजिम निज मृतक कर्मचारी तारालाल यादवको परिवारले प्राप्त गर्ने रू.१०,००,०००।– (दश लाख रूपैयाँ) र उक्त विनियमावलीको विनियम १०८ क. को देहाय (घ) बमोजिम निजका सन्ततिले कानूनबमोजिम प्राप्त गर्ने शैक्षिक वा सन्तति वृत्तिको हकमा निजको छोरी रूपा यादवको मिति २०५५।१२।१९ मा र दोस्रो सन्तान क्रिस यादवको मिति २०६१।५।१७ मा जन्म भएको भनी मिसिल संलग्न जन्मदर्ताको प्रमाणपत्रबाट देखिएकोले विनियमावलीको उक्त व्यवस्थाअनुरूप मासिक रू.१०००।– निज कर्मचारी तारालाल यादवको मृत्यु भएको मिति २०६७।११।३० देखि निजहरूको उमेर १८ वर्ष पूरा हुने मितिसम्मको हिसाब गरी हुन आउने रकम निजहरूलाई समेत एकमुष्ठ उपलब्ध गराउनु भनी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा काठमाडौंका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल जेठ २० गते रोज १ शुभम।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री प्रकाशमान सिंह राउत**, ०६७-CR-०४९६, जालसाजी, *सुखनन्दन यादवसमेत वि. हनुमान शरण वैष्णव*

वादी दाबीका गुठी जग्गाका सम्बन्धमा प्रतिवादी रामदुलारी शरणले दाबीका जग्गा रामजानकी रसीक विहारी भगवान गुठीको जग्गा भएको कुरालाई अस्वीकार गरेको देखिए पनि सो जग्गाहरू रामानन्दिय वैष्णव वैरागी सम्प्रदायको गुठी जग्गा रहेको कुरालाई स्वीकार गरेकोले दाबीका जग्गा गुठीको जग्गा रहेको कुरामा विवाद देखिँदैन। प्रतिवादी रामदुलारी शरणले पहिलो पटक गुठी जग्गा अनाधिकार धर्मलोप हुने गरी बिक्री राजीनामा गरेकोमा सो राजीनामा लिखतहरू बदर भई उक्त जग्गा श्री रामजानकी रसीक विहारी भगवानकै नाममा कायम रहेका गुठी जग्गालाई दोस्रो पटक जस जसले जग्गा राजीनामा गराई लिएका थिए उनीहरूकै पतिका नाममा मोहियानी हक कायम गराई दिए लिएकोले उक्त गुठीको सम्पत्ति हिनामिना भएको स्पष्ट देखिन आउने।

अतः हक अधिकार नै नभएको व्यक्ति रामदुलारी शरणले यी पुनरावेदक प्रतिवादीहरू सुखनन्दन यादव र रामतलेवर राउतलाई मोही कायम गर्ने गरी गरेको मिलापत्रबाट गुठीको हक अधिकारमा आघात पुगेको र प्रस्तुत मुद्दाको विषयवस्तु गुठी सम्पत्ति संरक्षणसँग सम्बन्धित रहेको हुँदा जालसाजी कार्य थाहा पाएको मितिले हदम्याद कायम गरी फिराद खारेज गर्ने गरी भएको सुरूको फैसला उल्टी गरी उक्त कार्यलाई जालसाज ठहर गरी भएको पुनरावेदन अदालत जनकपुरको फैसला अन्यथा नभई मनासिब देखिन आउने।

तसर्थ, उपर्युक्त विवेचित आधार, प्रमाणबाट हदम्याद नाघेको भनी फिराद खारेज गर्ने गरी महोत्तरी जिल्ला अदालतबाट मिति २०६४।३।२१ मा भएको फैसला उल्टी भई प्रतिवादीहरूको उक्त कार्य कीर्ते कागजको ३ नं. बमोजिम जालसाजी ठहऱ्याई प्रतिवादीहरूलाई रू.२००।– जरिवाना हुने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।८।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल माघ २६ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०६७-CI-०९५५, दोहोरो लगत कट्टा गरी कित्ता संशोधन हक कायम, *श्रीमती फूलकुमारी देवी वि. महेन्द्र राय यादव*

मालपोत ऐन, २०३४ को दफा ७(३)

मा "जग्गावालाको नाम, थर, वतन, उमेर वा निजको बाबु, बाजे, पति वा ससुराको नाम थर वा जग्गाको कित्ता नम्बर, क्षेत्रफल वा किसिम फरक परेकोमा वा दोहोरो दर्ता हुन गएकोमा मालपोत कार्यालयले आवश्यक जाँचबुझ गरी सो कुरा सच्याई दर्ता कायम गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। सोही कानूनी व्यवस्थाबमोजिम सम्बन्धित मालपोत कार्यालय स्वयम्ले संशोधन गरी जग्गाधनी स्रेस्ता खडा गर्न सक्नेमा तेरो मेरो विवाद उठेकोले जिल्ला अदालतमा नालेस गरेकोमा फिराद खारेज गरेकोउपर पुनरावेदन परी पुनरावेदन अदालतबाट वादी दाबीबमोजिम हक कायम गराई पाउने ठहऱ्याई भएको फैसलाको सन्दर्भमा हेर्दा मालपोत कार्यालयको भूलबाट वडा नं.४ को कित्ता नं.४३३ को ०-१५-१० मध्ये ०-९-० जग्गा माधो राय यादवको हक कायम भइसकेपछि बाँकी जग्गा वादी महेन्द्र रायको हुनुपर्नेमा कि.नं.३३३ को जग्गाबाट कित्ताकाट भएको देखिन आयो। उक्त कित्ता नं.३३३ को जग्गाको क्षेत्रफल ०-५-० रहेबाट यी वादीले कित्ताकाट गरी लिएको जग्गा कित्ता नं.३३३ को हो भनी भन्न मिल्ने नदेखिने।

कि.नं.३३३ को जग्गाधनी रामऔतार राय भएबाट निज वादीका दाता जगदिश रायको जग्गासमेत भए रहेको देखिँदैन। यस्तो अवस्थामा उनाउ व्यक्तिका नाउँमा रहेको जग्गाबाट कित्ताकाट गरी लिएको भनी भन्न मिल्ने अवस्था देखिएन। यिनै दाता जगदीश राय यादवको जग्गाबाट कित्ताकाट गरिलिएका माधो राय यदवको ०-९-० जग्गामा भएको लिखत प्रस्तुत मुद्दाको लिखतभन्दा पहिले भएको देखिएको हुँदा फिराद दाबीबमोजिम ०-९-१० जग्गा हक कायम हुने नभई बाँकी जग्गामा मात्र हक कायम हुने।

तसर्थ, वादी दाबीको जिल्ला रौतहट, महमदपुर गाउँ विकास समिति वडा नं.४ कित्ता नं.४३३ को ०-१५-० मध्ये पूर्वतर्फबाट ०-९-० जग्गामा माधो राय यादवको हक कायम हुने र सो ०-१५-० मध्ये बाँकी रहन गएको जग्गा प्रत्यर्थी वादीको हक कायम हुने ठहरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६७।७।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः शोभा पाठक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पुस २५ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६७-CI-०९५६, दोहोरो लगत कट्टा गरी कित्ता संशोधन हक कायम, *श्रीमती फूलकुमारी देवी वि. माधो राय यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७०-CR-०९४९, कर्तव्य ज्यान, *चन्द्रबहादुर ऐरी वि. नेपाल सरकार*

जाहेरवाला मृतकका बाबु रामबहादुर साउदले आफूले दिएको जाहेरी बेहोरा समर्थित हुने गरी सुरू अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ। तसर्थ यी प्रतिवादी चन्द्रबहादुर ऐरीले आफ्नो श्रीमती धनसरी ऐरी र नाबालक छोरी सरस्वती ऐरीलाई हथौडोले प्रहार गरी कर्तव्य गरी मारेको कुरा पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी चन्द्रबहादुर ऐरीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. अनुसारको कसुर गरेको देखिन आउने।

मिसिल संलग्न जाहेरी दरखास्त, मृतकको लास जाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, मार्ने कार्यमा प्रयोग भएको हथौडो बरामद भएको बरामदी मुचुल्का, मौकामा बुझिएका मानिसहरूको भनाइ तथा यी प्रतिवादीले अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्ष गरेको आरोपित कसुरमा साबित भई गरेको बयानबाट समेत यी प्रतिवादी चन्द्रबहादुर ऐरीले आफ्नै श्रीमती धनसरी ऐरी र नाबालक छोरी सरस्वती ऐरीलाई हथौडोले प्रहार गरी कर्तव्य गरी मारेको तथ्य पुष्टि हुन आएको देखिँदा मुलुकी

ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू बैतडी जिल्ला अदालतबाट मिति २०६९।११।२३ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०७०।३।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

अतः माथि विवेचित आधार, प्रमाण र कारणहरूसमेतबाट पुनरावेदक / प्रतिवादी चन्द्रबहादुर ऐरीले आफ्नो श्रीमती र नाबालक छोरी सरस्वती ऐरीलाई हथौडोजस्तो जोखिमी हतियारले प्रहार गरी कर्तव्य गरी मारेको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादीले आफ्नो श्रीमती र छोरीलाई हथौडोले हानी कर्तव्य गरी मारी प्लास्टिकमा बेरी जलाएको हुँदा अभियोग मागदाबीबमोजिम प्रतिवादी चन्द्रबहादुर ऐरीले कसुर अपराध गरेको ठहरी निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू बैतडी जिल्ला अदालतबाट मिति २०६९।११।२३ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०७०।०३।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल कात्तिक १८ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७१-WO-०३३७, उत्प्रेषण / परमादेश, *पुष्पलता पाण्डे (विष्ट) वि. मालपोत कार्यालय, बारा*

प्रस्तुत रिट निवेदनमा उल्लेख भएको कि.नं.११९ को जग्गा फिल्डबुकमा महल खाली जनिएको भन्ने निवेदकको दाबी भएकोमा जङ्गल भनी उल्लेख भएको भने लिखित जवाफबाट देखिन आएको छ। साबिकमा भूमिसुधार लागू हुँदा हदबन्दीमा जग्गा परे नपरेको र सो अवस्थामा राख्ने र छाडेको जग्गाको अवस्था र विवरणसमेत निवेदिकाले केही उल्लेख गर्न सकेको पाइँदैन। निवेदिकाको छुट जग्गा भए प्रथमतः सोको प्राथमिक प्रमाण हुनुको साथै नापीको समयमा पनि आफैँ उपस्थित भएर आफ्नो नाउँमा दर्ता गराउन सक्नु पर्नेमा सो केही गर्न सकेको पाइँदैन। उक्त जग्गा निवेदकले आफ्नो हक भोगको जग्गा भनी दाबी लिए पनि जग्गा नापजाँच ऐन, २०१९ को दफा ६ को उपदफा (५) बमोजिम निर्दिष्ट अवधिभित्र जग्गा नापजाँच हुँदा आफ्नो हकभोगको स्रोत एवम् प्रमाण पेस गरी आफ्नो नाममा दर्ता गराउन सकेको पनि नदेखिने।

नापी हुँदाको बखत कानूनका म्यादभित्र प्रक्रिया पूरा गरी आफ्नो नाममा दर्ता गराउन नसकेको र लामो समयपछि छुट दर्तामा निवेदन दिएको देखिन्छ। यसैगरी जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६(ग) ले अतिक्रमण गरी सरकारी वा सार्वजनिक जनिएको जग्गा भोग गरेपनि व्यक्तिको नाममा दर्ता नहुने कानूनी व्यवस्था गरेको देखिन्छ। उल्लिखित कानूनी एवम् तथ्यगत विश्लेषणबाट मालपोत कार्यालय, बाराले कानूनको परिधिभित्र रही फिल्डबुकमा जङ्गल जनिई / महल खाली छाप लागेको जग्गा व्यक्तिको नाममा दर्ता गर्न नमिल्ने भनी मिति २०७१।७।१४ मा गरेको निर्णय कानूनसम्मत नै देखिने।

तसर्थ, उपर्युक्त विवेचित आधार प्रमाणबाट जिल्ला बारा भोडाहा गा.वि.स. वडा नं.१ग कि.नं.११९ को ज.वि.२२-१५-८ को जग्गाको फिल्डबुकमा जङ्गल जनिई सार्वजनिक सरकारी जग्गा देखिँदा रिट निवेदकको नाममा दर्ता गर्न नमिल्ने भनी मालपोत कार्यालय, बाराबाट मिति २०७१।७।१४ मा भएको निर्णय मनासिब देखिँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

इति संवत् २०७४ साल चैत २८ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, ०६७-CR-०२५७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तिर्थबहादुर राईसमेत*

मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा, Death is caused by suffocation may be by buried under ground alive. Injuries over neck and face caused by sharp weapon भनी suffocation वा जिउँदै गाडिएको अवस्था हुनसक्ने भनी सम्भावना मात्र पेस गरेको देखिन्छ भने यस अदालतबाट विशेषज्ञ डाक्टरलाई बकपत्र गर्न बुझ्ने पटकपटक आदेश हुँदा पनि वादी पक्षबाट विशेषज्ञलाई अदालतमा झिकाई बकपत्र गराई शव परीक्षण प्रतिवेदनलाई Verify गर्न सकेको अवस्था नदेखिने।

घटनास्थल मुचुल्काका देवी बोहरा, विष्णु मगर, सरिता लिम्बू, चन्द्रकला राई, शेरबहादुर लिम्बूले निजको मृत्यु यी प्रतिवादीको कर्तव्यबाट नभई ४/५ सय गाउँलेको प्रतिकारबाट भएको भनी यस अदालतमा बकपत्र गरेको देखिन्छ साथसाथै प्रतिवादीका साक्षी नक्कल सिंह राई, डम्बर पौडेल, सरोज गोले तामाङसमेतले पनि ४/५ सय गाउँलेको प्रतिकारबाट निज सन्तकुमार राईको मृत्यु भएको भनी एकै मिलानको बकपत्र गरिदिएको देखिन्छ। यसरी यिनै १८ जना प्रतिवादीबाट नै कसुर गरेको भनी मिसिल संलग्न कुनै पनि प्रमाणबाट नदेखिएको र मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) र १३(३) नं. बमोजिमको कर्तव्य ज्यानको कसुर स्थापित नै हुन नसकेको यस अवस्थामा अभियोग मागदाबीबमोजिम प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) र १३(३) नं. बमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा प्रस्तुत बहससँग सहमत हुन सकिएन । पुनरावेदन अदालत विराटनगरको मिति २०६६।४।२२ को फैसला परिवर्तन गर्नुपर्ने अवस्था नदेखिँदा सदर हुने।

इजलास अधिकृत: पाराश्वर कडेल
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, ०७३-WO-०१६९, उत्प्रेषण / परमादेश, *जोसेफ सिल्भानुस वि. यातायात व्यवस्था कार्यालय, एकान्तकुना ललितपुरसमेत*

कर्जा प्रवाह गर्दा बैंक तथा वित्तीय संस्थामा धितो राखेको सम्पत्तिमा ऋणीकै अधिकार रहेको मान्ने हो भने बैंक तथा वित्तीय संस्थाबाट लगानी गरिएको कर्जा असुल हुनसक्ने अवस्थाको विद्यमानता नरहने हुँदा कर्जा प्रवाह गर्दा धितो राखी लिखत पारित गरी आफ्नो नाममा आएको सम्पत्तिमा कर्जा चुक्ता नभएसम्म ऋणदाताकै अधिकार रहेको पाइने।

निवेदनमा उल्लिखित गाडीको पहिलो रोक्का बैंकको ऋणबापत रहेको भन्ने देखिँदा सो सम्पत्तिबाट बैंकले आफ्नो लेना रकम असुलउपर गरिसकेपछि मात्र बाँकी रहेको सम्पत्ति अन्यमा जान सक्ने हुन्छ । एक पटक एउटा काममा रोक्का रहिरहेको सम्पत्ति सो रोक्का फुकुवा नहुँदै अर्को कामको लागि पछि दोहोरो रोक्का राख्ने कार्यलाई कानूनसम्मत मान्न मिल्दैन । पहिले जुन प्रयोजनको लागि रोक्का रहेको हो सो प्रयोजन समाप्त भएपछि बाँकी रहेको अवस्थामा मात्र अन्य प्रयोजनको लागि रोक्का गर्न मिल्ने।

प्रस्तुत मुद्दामा ऋणदाता स्ट्याण्डर्ड चार्टर बैंक लिमिटेडले पिताम्बरप्रसाद पोखरेललाई रू.१२,५५,०००।- ऋण प्रवाह गर्दा निजका नाउँमा रहेको बा.६ च ४२९५ नं. को कार बैंकको नाममा नामसारी गराई धितो राखेको भन्ने देखिन्छ । ऋणी पिताम्बरप्रसाद पोखरेल विरूद्ध विशेष अदालतमा चलेको भ्रष्टाचारसम्बन्धी मुद्दामा विपक्षीमध्येका अख्तियार दुरूपयोग अनुसन्धान

आयोगको पत्रानुसार विपक्षीमध्येका यातायात कार्यालयले सो कार रोक्का राखेको भन्ने देखियो । उक्त कार मिति २०६९।४।१ मा निवेदक बैंकको नाममा लिखत पारित भएको र ऋणीले निवेदक बैंकबाट लिएको कर्जा चुक्ता गरिसकेको भन्ने नदेखिएको अवस्थामा उल्लिखित कानूनी व्यवस्थाअनुसार सो धितोको सम्पत्ति लिलाम बिक्री गरी निवेदक बैंकले आफ्नो लेना साँवा तथा ब्याज रकम असुलउपर गर्न नपाउने गरी सो धितोको सम्पत्ति नै रोक्का राख्ने गरी विपक्षीहरूबाट भएको पत्राचार र सोका आधारमा रोक्का राखेको कार्यलाई कानूनसम्मत मान्न नसकिने ।

अतः विवेचित तथ्य एवम् प्रमाणसमेतको आधारमा निवेदक बैंकका नाममा लिखत पारित गरी नामसारी भइसकेको दाबीको बा.६ च ४२९५ नं. को कारलाई ऋणी पिताम्बरप्रसाद पोखरेलको सम्पत्ति भनी निज विरूद्ध चलेको भ्रष्टाचारको मुद्दामा रोक्का राख्नको लागि विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट जारी भएको मिति २०६८।८।१८ च.नं. ५१८ को पत्र र सोका आधारमा भए गरेका काम कारबाही कानूनसम्मत नदेखिँदा उक्त पत्र तथा सोका आधारमा रोक्का राखेको कार्य उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनबमोजिम ऋण प्रवाह गर्दा राखेको धितोबाट बैंकले आफ्नो लेना रकम असुलउपर गर्न पाउने हुँदा निवेदक बैंकको कर्जा असुली गर्ने गराउने कार्यमा बैंकबाट लेखी आएबमोजिम धितोमा राखिएको सो बा.६ च ४२९५ नं. को गाडी निवेदक बैंकका नाममा दाखिल खारेज नामसारी गर्नु गराउनु भनी विपक्षी यातायात व्यवस्था कार्यालयका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०६५-CI-०१६४, बाटो कायम गरिपाऊँ, *मनमाया श्रेष्ठ वि. चन्द्रबहादुर श्रेष्ठसमेत*

ओखलढुङ्गा जिल्ला, नर्वदेश्वर गा.वि.स. वडा नं.६ को कि.नं.१६७ र १६८ को जग्गा प्रतिवादी मनमाया श्रेष्ठको, कि.नं.१६९ जग्गा कुवा पोखरी, कि.नं.१७० को जग्गा नरबहादुर श्रेष्ठको, कि.नं.१७२ को जग्गा चन्द्रबहादुर श्रेष्ठको र कि.नं.२०० को जग्गा डिका दास श्रेष्ठको नाउँ दर्ताको भएको कुरामा विवाद भएन । अदालतको आदेशानुसार नापी शाखा ओखलढुङ्गाको च.नं.९० मिति २०५२।८।२२ को प्राप्त पत्रसाथ संलग्न नक्सा ट्रेसबाट प्रतिवादीको कि.नं.१६७ र सोको साँधको कि.नं.१६८ को बिचबाट गोरेटो बाटो गएको र कि.नं.१७० र १७२ को जग्गामा जाने गोरेटो बाटो रहेको देखिन्छ । सर्वोच्च अदालतको मिति २०६२।६।३ को फैसलाबमोजिम पुनरावेदन अदालत राजविराजबाट बुझिएका कि.नं.१७० का जग्गाधनी नरबहादुर श्रेष्ठ हाजिर भई तारेख गुजारी बसेकोले निजको कथन आउन नसके पनि कि.नं.१६७ र कि.नं.१६८ को बिचबाट गोरेटो बाटो देखिँदा उक्त गोरेटो बाटो प्रतिवादी मनमाया श्रेष्ठले आफ्नो कि.नं.१६७ को जग्गामा घुसाई बाटो हटक गरेको भन्ने सुरू फैसला सो हदसम्म सदर गरेको पुनरावेदन अदालत राजविराजको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

सर्भे नक्सामा बाटो देखिएको हुँदा सोही नक्साअनुरूपको बाटो हुनुपर्ने हुन्छ । मिसिल संलग्न नापी शाखा ओखलढुङ्गाले सर्वोच्च अदालतलाई लेखेको च.नं.७४ मिति २०६१।९।१२ को पत्रको प्रतिलिपि हेर्दा कि.नं.१६७ र १६८ को बिच भई

कि.नं.१७२ सम्म गएको गोरेटो बाटोको चौडाइको टायल चेक माग भएकोमा गोरेटो बाटो दोहोरो नभई एकहोरो कित्ता सिमानासरहको बाटो भएकोले उक्त बाटोको चौडाइको क्षेत्रफल यकिन गर्न नसकिएको भनी उल्लेख भएको देखिन्छ । यसरी सर्भे नक्सामा कि.नं.१६७ र १६८ बिचमा गोरेटो बाटो देखिएको र नापी कार्यालयले सर्वोच्च अदालतलाई लेखेको पत्रबाट सिमानासरहको बाटो दोहोरो नभई एकहोरो भएको भनी उल्लेख भएसमेतबाट बाटोको चौडाइ यकिन गर्न नसकिए पनि सिमासरहको गोरेटो बाटोसम्म मात्र त्यहाँ भएकोले सोही गोरेटो बाटो मात्र कायम गर्नुपर्नेमा १ मिटरको चौडाइको बाटो कायम गर्ने गरी ओखलढुङ्गा जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी गोरेटो बाटोसम्म मात्र कायम हुने ठहऱ्याई पुनरावदेन अदालत राजविराजबाट भएको फैसला मनासिब नै देखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार, कारणबाट १ मिटर चौडाइको बाटो कायम हुने ठहऱ्याई सुरू ओखलढुङ्गा जिल्ला अदालतबाट मिति २०५४।९।८ मा भएको फैसला केही उल्टी गरी कि.नं.१६७ र १६८ को बिचबाट गोरेटो बाटोसम्म कायम हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६४।९।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६७-CI-११२८, जग्गा खिचोला हक कायम, *मनमाया श्रेष्ठ वि. चन्द्रबहादुर श्रेष्ठसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०६९-WO-०४५६, उत्प्रेषण / परमादेश, *दीपकनाथ आचार्य वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत*

निवेदक दीपकनाथ आचार्यले बढुवामा सिफारिस भएका विपक्षीहरूमध्ये सबैभन्दा जेष्ठ रहेको, शैक्षिक योग्यता, तालिम र कार्य सम्पादन मूल्याङ्कन सबैमा अरूको भन्दा कम अङ्क आउने आधार नरहेको भन्ने निवेदनमा उल्लेख गरेको देखिन्छ । प्रा.वि. प्रथम श्रेणीमा बढुवा हुनलाई प्रा.वि. तृतीय श्रेणीमा अस्थायी नियुक्ति पाएको मितिदेखि नै जेष्ठताको अङ्क पाउनुपर्ने दाबी लिई जेष्ठ रहेको आधार रिट निवेदनमा उल्लेख गरेको पाइने । शिक्षा सेवा आयोग नियमावली, २०५७ को नियम २७ मा बढुवाको निमित्त सम्भाव्य उम्मेदवार बन्न सम्बन्धित श्रेणीको तहमा पाँच शैक्षिक सत्रको नोकरी अवधि पूरा गरेको शिक्षक हुनुपर्ने भन्ने व्यवस्था छ । निवेदक र बढुवामा परेका सबै शिक्षकहरूको मिति २०६२।६।७ देखि जेष्ठता लागू हुने गरी प्रा.वि. द्वितीय श्रेणीमा बढुवा भएकोले हालको तहमा बढुवा हुने योग्यता पुगेको देखिने । ज्येष्ठताबापत अङ्क गणना सम्बन्धमा नियम २९ को उपनियम (१) मा सम्बन्धित तहमा स्थायी नियुक्ति भई अध्यापन गरेको भए प्रत्येक वर्षको २.५ अङ्कका दरले र अस्थायी नियुक्ति भई अध्यापन गरेको भए प्रत्येक वर्षको १.२५ अङ्कका दरले बढीमा ३५ अङ्क प्राप्त गर्ने कानूनी व्यवस्था रहेको देखिने ।

सरकारले सामुदायिक विद्यालयमा प्रत्येक तहमा शिक्षक पदको तीनवटा श्रेणीको व्यवस्था गरेको शिक्षा नियमावली, २०५९ को नियम ८८ बाट देखिन्छ । प्राथमिक विद्यालयको शिक्षकको श्रेणीमा प्रथम, द्वितीय र तृतीय गरी तीनवटा तहमा वर्गीकरण गरेको पाइन्छ । यी तिनै तहमा कार्य सम्पादन मूल्याङ्कनको आधारमा बढुवा हुने सर्तहरू फरक, फरक रहेको देखिन्छ । प्रा. वि. प्रथम तहमा बढुवा हुनलाई प्रा.वि. द्वितीय तहमा भएको नियुक्ति मितिबाट जेष्ठताको अङ्क गणना हुने देखिन्छ । प्रा.वि. प्रथम श्रेणीमा बढुवा हुनलाई प्रा.

वि. द्वितीय श्रेणीमा बढुवा पाएको जेष्ठता मितिदेखि जेष्ठताको अङ्क गणना हुने हुँदा प्रा.वि.तृतीय श्रेणीमा पाएको अस्थायी नियुक्ति मितिदेखि नै जेष्ठताको अङ्क गणना हुनुपर्ने भन्ने निवेदकको भनाई तर्कसङ्गत् रहेको देखिन नआउने।

शैक्षिक योग्यतामा एस.एल.सी. द्वितीय श्रेणीमा र शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह तृतीय श्रेणीमा उत्तीर्ण गरेकोले विपक्षी प्रकाश अर्याल र विनोदकुमार चौधरी दुवैले दुवै तहमा तृतीय श्रेणीमा उत्तीर्ण गरेको हुँदा निजहरूभन्दा २ अङ्कले शैक्षिक योग्यतामा अगाडि भएको र अन्य विपक्षीभन्दा कम अङ्क नहुने निवेदकको दाबी देखिन्छ। विनोदकुमार चौधरीले लिखित जवाफमा प्रविणता प्रमाणपत्र तह द्वितीय श्रेणीमा उत्तीर्ण गरेको उल्लेख गरी विहार इन्टरमिडिएट शिक्षा परिषद्, पटनाबाट कला सङ्कायमा इन्टरमिडिएट गरेको Provisional Certificate को प्रतिलिपि पेस गरेको देखिने। साथै प्रकाश अर्यालले वि.एड. द्वितीय श्रेणीमा उत्तीर्ण भएको र शिक्षा शिक्षणसँग सम्बन्धित दश महिना तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि पेस गरेको देखिन्छ । दुई दर्जनभन्दा बढी तालिम लिएकोले १० अङ्क आउनु पर्ने साथै विद्यार्थीले प्राप्त गरेको उपलब्धि अरूको भन्दा राम्रो रहेको, शिक्षण सुधारको प्रतिवेदन अनुसन्धान गरी निरन्तर तयार गरेको, विशेष जिम्मेवारीमा प्रधानाध्यापक भई काम गरेको र सुपरीवेक्षक, पुनरावलोकन समितिबाट दिने १० अङ्क प्राप्त गरेको वा गर्नुपर्ने अवस्था रहेको भन्नेसमेत निवेदकको दाबी रहेको देखिन्छ । पुनरावलोकन समितिले दिएको कार्य सम्पादन मूल्याङ्कनबापतको अङ्कबाहेक अरू अङ्क निजले थाहा पाउन सक्ने कानूनी व्यवस्था रहेको अवस्थामा न्यूनतम अङ्क पाउने विपक्षीको अङ्कभन्दा कति कम रहेको र आफ्नो कुन अङ्क नजोडिएकोले बढुवा हुने कानूनी हकबाट विपक्षीले वञ्चित गरेको हो सो स्पष्ट रूपमा निवेदनमा खुलाएको नदेखिने।

कुनै व्यक्तिको संविधान तथा कानूनप्रदत्त हकको कहीँकतैबाट अतिक्रमण भएको र सोउपर उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन भएको अवस्थामा मात्र यस अदालतको असाधारण क्षेत्राधिकार आकर्षित हुन्छ। असाधारण क्षेत्राधिकार आकर्षित हुन कानूनद्वारा सिर्जित भएको हक, अधिकार कानूनको अख्तियारी प्रयोग गर्ने अख्तियारवालाबाट अतिक्रमित भएको कुरा प्रथमदृष्टि (Prima facie) मा नै देखिनु पर्दछ। निवेदकले वास्तविक र गम्भीर तवरमा आफ्नो मौलिक वा कानूनी हक अपहरण गरिएको कुरा देखाउन सक्नु पर्दछ। संविधान प्रदत्त मौलिक हक संरक्षित हक भएकोले त्यसको प्रचलनको हक पनि संरक्षित भएको हुने। प्रस्तुत निवेदनबाट बढुवा सिफारिसउपर निवेदकसमेतको उजुरीका आधारमा पुनरावलोकन हुँदा अङ्क गणनाको त्रुटि सच्याई बढुवा हुने व्यक्तिहरूको संशोधित नामावली प्रकाशित गरेको पाइन्छ। प्रकाशित संशोधित नामावलीमा निवेदकको बढुवा सूचीमा नाम समावेश भएको देखिँदैन । उक्त निर्णयले निवेदकको संविधान प्रदत्त मौलिक हक हनन् गरेको भन्ने देखिएन । यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गतको आदेश जारी हुन अधिकारप्राप्त अख्तियारवालाबाट गरेको निर्णयमा प्रत्यक्षत: कानूनी त्रुटि भएको हुनुपर्ने । निवेदकले कानूनी हक हनन् भएको कुरामा प्रस्ट दाबी लिएको नदेखिँदा (कपोलकल्पित, आधारहीन, कारणबेगर) अनुमानको भरमा दिएको निवेदनबाट सबुद प्रमाणहरूको विवेचना, विश्लेषण र मूल्याङ्कन गरी गुण, दोष र औचित्यलाई जाँचेर निष्कर्ष वा निर्णयमा पुग्न प्रस्तुत उत्पेषणको रिट निवेदनबाट मिल्ने नदेखिने।

अतः उल्लिखित आधार, कारणहरू तथा कानूनी सिद्धान्तबाट क्षेत्रीय शिक्षा निर्देशनालय, क्षेत्रीय बढुवा समिति, मध्यपश्चिमाञ्चल, सुर्खेतबाट भएको

मिति २०६९।२।५ भएको बढुवा सिफारिसउपर शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरबाट मिति २०६९।४।२६ मा भएको पुनरावलोकनको निर्णयबाट निवेदकको कुनै संवैधानिक तथा कानूनी हकमा आघात पुगेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७३ साल माघ २५ गते रोज ३ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६८-CR-०९५३, जबरजस्ती करणी, *किसनबहादुर तिरूवा वि. नेपाल सरकार*

प्रत्यक्षदर्शी पीडित क कुमारीकी आमा अमृता तिरूवाको किटानी जाहेरीलाई गडाउ हुने गरी निजले अदालतमा बकपत्र गरेको देखिन्छ। पीडित क कुमारीले बयान गर्दा किसनबहादुर तिरूवा मेरो नजिक खटियामा आई मैले लगाएको कट्टु खोली निजले मलाई जबरजस्ती करणी गरेको हो, म रोई कराई गर्दा निजले मलाई नरूनु भनी हानेको, सोही समयमा आमा आएकी र मलाई जबरजस्ती करणी गरी राखेको आमाले देखेको हो, उक्त घटनापूर्व पनि मेरो बुबाले मलाई जबरजस्ती करणी गर्ने गरेको थियो भनी कागज गरेको देखिन्छ भने निज प्रतिवादी किसनबहादुर तिरूवा स्वयम्ले अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबिती रही अदालतमा बयान गर्दा स.ज.नं. ४ मा उक्त वारदात भएको भनिएको रात म रक्सीको नसामा रहेकोले छोरीलाई बलात्कार गरे वा गरेन त्यो मलाई जानकारी छैन। छोरीलाई बलात्कार गरे पनि भन्न सक्दिन वा गरेन पनि भन्न सक्दिन भनी आफूले उक्त कसुर गरेको स्वीकार्दै स.ज.नं.११ मा मेरो हातबाट केही गल्ती भएको छ त्यसको सजाय मैले पाउनै पर्ने होला भनी निज प्रतिवादीले जबरजस्ती करणीको कसुर गरेको स्वीकारी रहेको अवस्थामा निज प्रतिवादीलाई निर्दोष मान्न नसकिने।

प्रतिवादीको आफ्नै श्रीमती प्रत्यक्षदर्शी भई आफ्नै छोरीलाई करणी गरेको भनी निज श्रीमान् प्रतिवादीउपर किटानी जाहेरी परेको र त्यसै बिनाकारण जाहेरी दिनुपर्ने अवस्थासमेत रहे भएको नदेखिएको अवस्थामा परेको उक्त जाहेरीलाई समर्थन गरेको पीडितको मौकाको कागज, साबिती बयानलाई पुष्टि हुने गरी निज प्रतिवादीले अदालतमा गरेको बयानसमेतबाट आरोपित कसुर गरेको पुष्टि भइरहेको अवस्था छ। Medical Report बाट जबरजस्ती करणीका कुनै चिह्न नरहेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर भएकोमा वारदात भएको दिनभन्दा ६ दिनपछि चिकित्सक परीक्षण भएकोले जबरजस्ती करणीको चिह्न नरहेको हुनसक्ने तथा सबै अवस्थामा त्यस्तो चिह्न रहन्छ भन्ने पनि हुँदैन। कुनै पनि प्रमाणले महत्त्व पाउन उक्त प्रमाणलाई समर्थन गर्ने अन्य प्रमाणहरू मालाकार रूपमा रहेको हुनुपर्छ अन्यथा सो प्रमाण गौण प्रमाणको रूपमा रहन्छ। यसरी गौण रूपमा रहेको प्रमाणको मूल्याङ्कन नगरेको भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार, प्रमाणहरूसमेतबाट सुरू कञ्चनपुर जिल्ला अदालतले निज प्रतिवादी किसनबहादुर तिरूवालाई जबरजस्ती करणी महलको ३(१) बमोजिम १५ वर्ष कैद सजाय हुने र ऐ.को १० नं. बमोजिम रू.३५,०००।– क्षतिपूर्ति भराई पाउने ठहर्‍याई भएको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६८।३।१२ को फैसला सदर गरेको मिति २०६८।८।१४ को पुनरावेदन अदालत महेन्द्रनगरको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-०२९६, नकबजनी चोरी, *नेपाल सरकार वि. सुरन वली*

जाहेरवालीको घरकोठामा लगाएको ताला फोडी निजको कोठाबाट मङ्गलसूत्रसमेतका सामान चोरी भई नकबजनी चोरीको वारदात भएको कुरा मिसिल संलग्न घटनास्थल मुचुल्का, जाहेरी दरखास्त तथा मौकामा बयान गर्ने व्यक्तिहरूको भनाइबाट पुष्टि भएको पाइन्छ। यी प्रतिवादीले आफूले जाहेरवालीको मङ्गलसूत्र निजको भान्जाले भनेअनुसार बिक्री गरिदिएको कुरा अदालतसमक्ष स्वीकार गरेको पाइन्छ। तर सो गहना बिक्री गर्ने व्यक्तिलाई आफ्नो बयानमा साक्षीसम्म राख्न सकेको नपाइनुका साथै सो मंगलसूत्र बिक्री गरेको अघिल्लो दिनमै जाहेरवालीको चोरीसम्बन्धी जाहेरी दरखास्तसमेत परेबाट प्रतिवादीको सो बयान खण्डित भइरहेको अवस्थामा निज प्रतिवादीले जाहेरवालीको घर कोठामा लगाएको ताला फोडी सो मङ्गलसूत्र चोरी गरी नकबजनी चोरीको वारदात घटाएको र सो मङ्गलसूत्र रू.६,०८०।- मा सुन पसलमा बिक्री गरेकोसम्म तथ्य स्थापित हुन आउने।

अतः प्रतिवादी स्वयम्ले अदालतसमक्ष बयान गर्दा रू.६,०८०।- मा सुनको मङ्गलसूत्र बिक्री गरी रकम लिएको स्वीकार गरेबाट वारदातमा स्वीकार गरेको उक्त रू.६,०८०।- बिगो कायम भई अन्य बरामद हुन नसकेको धनमालको बिगो यिनै प्रतिवादीले चोरी गरेको ठहर गर्न नमिल्ने र प्रतिवादीले स्वीकार गरेको रू.६,०८०।- मा बिक्री गरेको मङ्गलसूत्र नकबजनी तवरले चोरी गरेकोमा प्रतिवादी राजु भन्ने सुरन वलीलाई मुलुकी ऐन, चोरीको महलको १२, १४(१) नं. बमोजिम डेढ महिना कैद र चोरी गरेको कायम भएको बिगोको डेढी बढाई जरिवाना हुने ठहऱ्याएको सुरूको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६८।९।२६ गतेमा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल मङ्सिर ३० गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CI-०००५, बहाल भराई पाऊँ, *नानीबाबु श्रेष्ठ वि. पूर्णभक्त प्रधानाङ्ग*

पुनरावेदक प्रतिवादीले मिति २०५४।१२।२१ मा प्रत्यर्थी वादीलाई ३ महिनाको लागि भोगबन्धकीको लिखत गरिदिएको भए पनि हालसम्म पनि सो भोगबन्धकीको लिखत यथावत् कायम रहिरहेको देखिन आएको छ। उक्त घर जग्गा प्रतिवादीले निखनेको देखिन आएको छैन। यी पुनरावेदक प्रतिवादीले मासिक रू.६,०००।- का दरले बहाल रकम बुझाउने गरी उक्त घरजग्गामा बहालवालाको हैसियतले हालसम्म पनि बसोबास गरी आएको भन्ने नै देखिने।

मासिक रूपमा बहाल रकम बुझाउने गरी कबुलियत गरेको लिखतबमोजिमको रकम एकपटक निश्चित अवधिको हकमा तिरी बुझाइसकेको अवस्थामा सो बुझाइसकेको अवधिको बहाल रकम पुनः बुझाउनु पर्ने हुँदैन। तर सो अवधिपश्चात् सोही हैसियतले निरन्तर रूपमा बहालमा भोग गरेको अवस्थामा सो भोग गरेको अवधिको हुन आउने बहाल रकम तिर्नु बुझाउनु पर्ने होइन भन्ने अर्थ गर्न नमिल्ने।

पुनरावेदक प्रतिवादीबाट प्रत्यर्थी वादीले दाबीबमोजिमको घरबहाल रकम भराई पाउने नै अवस्था देखिन आउँछ। सोबमोजिमको रकम आफूले तिरी बुझाइसकेको वा आफू उक्त घर जग्गामा नै नबसेको भन्ने यी पुनरावेदक प्रतिवादीले जिकिर लिन नसकेको अवस्थामा वादीले प्रतिवादीबाट दाबीबमोजिमको बहाल रकम भराई लिन पाउने नै देखिन आएको छ। प्रस्तुत मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको

सुरू जिल्ला अदालतको फैसला नमिलेको हुँदा सो फैसला उल्टी गरी वादी दाबीबमोजिम बहाल रकम भराइदिने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।११।१७ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ प्रस्तुत मुद्दामा बहाल रकम भराइ पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।१।१० मा भएको फैसला मिलेको नदेखिएकोले सो फैसला उल्टी भई वादीको सुरू फिराद दाबीबमोजिम मिति २०५७।१२।२१ देखि मिति २०६०।१२।२० सम्म तीन (३) वर्षको बहाल रकम रू.२,१६,०००।- (दुई लाख सोह्र हजार रूपैयाँ) यी पुनरावेदक प्रतिवादीबाट भराई लिन पाउने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।११।१७ मा भएको फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७४ साल साउन २३ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६६-WO-०४११, उत्प्रेषण / परमादेश, *रामचन्द्र चौधरी वि. हिमालय आदर्श नि.मा.वि. को विद्यालय व्यवस्थापन समितिसमेत*

एकातर्फ निलम्बनपछाडि निवेदकलाई कुनै कानूनी कारबाही भएको देखिँदैन भने अर्कोतर्फ २०६५।६।५ देखि हालसम्म पनि अर्थात् करिब ९ वर्षसम्म पनि उक्त निलम्बन यथावत् रही रहेको देखिन्छ । यिनै निवेदकले पुनरावेदन अदालत विराटनगरमा दायर गरेको लगाउको निषेधाज्ञायुक्त परमादेशको मुद्दामा विपक्षी विद्यालय व्यवस्थापन समितिले लिखित जवाफमा निवेदकलाई हाजिर गर्न नरोकेको वा रोक्ने मनसाय नभएको भनी जिकिर लिएको आधारमा रिट निवेदन खारेज भएपश्चात् पनि यी निवेदकलाई विद्यालयमा हाजिर गराएको देखिँदैन । शिक्षा नियमावली, २०५९ को नियम १४१ को विपरीत ३ महिनाभन्दा बढी अवधिसम्मको निलम्बन कायम रहन सक्ने नदेखिँदा विपक्षी विद्यालय व्यवस्थापन समितिको मिति २०६५।६।५, २०६५।६।८ को निर्णय तथा सोसम्बन्धी मिति २०६५।६।९ को पत्राचारसमेत कायम रहन सक्ने देखिँदैन । ३ महिनाभन्दा बढी करिब ९ वर्षसम्म कायम रहेको निलम्बनको निर्णय बदर गरी आफूलाई विद्यालयमा हाजिर गरी पाउन विपक्षी विद्यालय व्यवस्थापन समितिको नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदन दाबी अन्यथा मान्न नमिली मनासिब नै देखिने।

तसर्थ, शिक्षा नियमावली, २०५९ को नियम १४१ को विपरीत ३ महिनाभन्दा बढी करिब ९ वर्षसम्म कायम रहेको विपक्षी विद्यालय व्यवस्थापन समितिको मिति २०६५।६।५ र २०६५।६।८ को निर्णय तथा सोसम्बन्धी मिति २०६५।६।९ को पत्राचारसमेत कायम रहन नसक्ने देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निलम्बनसम्बन्धी उपर्युक्त निर्णयहरू बदर भएकोले अब यी निवेदकलाई विद्यालयमा हाजिर गराई कामकाज गर्न दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: विमला पौडेल

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

- यसै लगाउको ०६६-CI-०७३७, निषेधाज्ञा / परमादेश, *रामचन्द्र चौधरी वि. हिमालय आदर्श नि.मा.वि. को विद्यालय व्यवस्थापन समितिसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CI-०७४३, निर्णय बदर, *मंगलराज बाराही वि. ईन्द्रकुमारी श्रेष्ठ*

विवादित जग्गामा दुवै पक्षले आ-आफ्नो हक रहेको छ भनी दर्ता नामसारी गरिपाउन दिएको निवेदनको कथनबाट नै मूल रूपमा हकबेहकमा प्रश्न समावेश भएको यस्तो अवस्थामा सो हकबेहकका सम्बन्धमा सबुद प्रमाण बुझी सो सबुद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्ने सुरू अधिकारक्षेत्र मालपोत कार्यालयलाई रहेको छैन । यस्तो अवस्थामा उक्त विवादको कि.नं. ९१ को जग्गा कसका नाउँमा दर्ता नामसारी हुने हो भन्ने सम्बन्धमा सोही हकबेहकतर्फको मुख्य विवादको निरूपणका लागि उक्त जग्गामा हक कायम गराउन दुवै पक्षलाई सुरू जिल्ला अदालतमा पठाउनु पर्नेमा सो नपठाई उक्त कित्ता नं.९१ को क्षेत्रफल ०-७-३-० जग्गा निवेदक मंगलराज बाराहीको नाममा दर्ता नामसारी गरिदिने र दाबीकर्ता ईन्द्रकुमारी श्रेष्ठ तथा सुदर्शन श्रेष्ठलाई सो निर्णयमा चित्त नबुझे ऐनका म्यादभित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जान सुनाई दिनु भनी मिति २०७०।१०।२१ मा मालपोत कार्यालय, ललितपुरबाट भएको सो निर्णयले उक्त हकबेहकको मूल प्रश्नको निरूपण गर्नेतर्फ निर्णय गरिएको नभई उक्त विवादित जग्गा नै विवादको एक पक्षका नाउँमा दर्ता नामसारी हुने भनी गरेको निर्णय नमिलेको हुँदा उक्त निर्णय बदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।०६।२६ मा भएको फैसला मिलेको देखिने।

तसर्थ, उल्लिखित विवेचित आधार र प्रमाणसमेतबाट मालपोत कार्यालय, ललितपुरबाट मिति २०७०।१०।२१ मा भएको निर्णय बदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।६।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल असोज ३० गते रोज २ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६५-WO-१०४८, उत्प्रेषण / परमादेश, *अमरभगत चौधरी थारूसमेत वि. जिल्ला प्रशासन कार्यालय*

निवेदकहरूको जग्गा उखुबाली विकास कार्य सञ्चालनका लागि २०२३ सालमा कानूनबमोजिमका प्रक्रिया पूरा गरी क्षतिपूर्ति दिएर प्राप्त गरेको भन्ने देखिन्छ । त्यतिबेला जग्गा प्राप्तिसम्बन्धी ऐन, २०१८ प्रचलनमा थियो । उक्त ऐनअनुसार जग्गा प्राप्त गर्दा उक्त ऐनको दफा ३ अनुसार सार्वजनिक काम वा कर्पोरेसनको लागि जग्गाप्राप्त गर्न सकिने व्यवस्था भएको देखिन्छ । सार्वजनिक कामको परिभाषा दफा २(ग) मा र कर्पोरेसनको परिभाषा दफा २(घ) मा भएको देखिन्छ । उक्त दुवै परिभाषा हेर्दा चिनी कारखाना दफा २(घ) मा पर्ने र चिनी कारखानाले गर्ने काम २(ग) भित्र पर्ने देखिन्छ । निवेदकहरूको जग्गाप्राप्त गर्दा जग्गाधनीलाई क्षतिपूर्ति दिन क्षतिपूर्ति अङ्क निर्धारण गर्दा विचार राख्नुपर्ने कुराहरू सोही ऐनको परिच्छेद ३ मा भएको देखिन्छ । जग्गा प्राप्ति ऐन, २०१८ को दफा २(ग) को कामको लागि दफा ३ को अधिकार प्रयोग गरी दफा ४ बमोजिमको सूचना प्रकाशित गर्दा पनि दफा ६ बमोजिम निवेदकहरूको उजुरी नपरेकोले परिच्छेद ३ बमोजिमका कुराहरूसमेत विचार गरी कानूनबमोजिम क्षतिपूर्ति दिई कारखानाको नाममा नामसारीसमेत भएको देखियो । यसबाट कानूनको रीत पुऱ्याई निवेदकहरूको जग्गाको स्वामित्व कारखानाको नाममा सरेपछि र निवेदकहरूको नामको लगत कट्टासमेत भएपछि उक्त जग्गा निवेदकहरूले बिक्री गरेसरह नै हुने।

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३४(१) को व्यवस्थालाई दुई भागमा राखेर हेर्नुपर्ने हुन्छ । एक बढी हुन आएको जग्गा फिर्ता गर्ने र अर्को सरकार वा संस्थानले

अन्य काममा प्रयोग नगरेमा यी दुवै अवस्थामा मात्र सरकारले चाहेमा जग्गा साबिक जग्गाधनीबाट रकम फिर्ता लिई जग्गा फिर्ता गर्नसक्ने देखिन्छ । यो पनि साबिक जग्गाधनीको हक नभई सहुलियतसम्म मात्र हो । सरकारको पूर्ण स्वामित्व भएको संस्थाको लागि प्राप्त गरेको जग्गा उक्त संस्था निजीकरण ऐन, २०५० को दफा १६ को उपदफा (१) बमोजिम खारेज भएपछि सरकारले अरू कुनै सार्वजनिक काममा लगाउन सक्ने नै हुनाले रिट निवेदकहरूले पहिले लिएको मुआब्जा फिर्ता लिई आफ्नो नाममा कायम हुनुपर्ने भनी लिएको दाबी जग्गा प्राप्ति ऐन, २०३४ विपरीत देखिने ।

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३३ ले नेपाल सरकार वा नेपाल सरकारका पूर्ण स्वामित्व भएको संस्थाको लागि प्राप्त गरिएको जग्गा सो कामको लागि आवश्यक नपरेमा त्यस्तो जग्गा अन्य सार्वजनिक काममा प्रयोगमा ल्याउन सक्ने देखिन्छ । तत्कालीन बिरगन्ज चिनी कारखानासँग भएको जग्गा नेपाल सरकारको नाममा हस्तान्तरण भएको र उक्त जग्गा नेपाल सरकारले जुनसुकै सार्वजनिक कामको प्रयोगको लागि ल्याउन सक्ने नै देखियो । एकपटक अधिग्रहण भएको जग्गा निवेदकहरूले माग गरेबमोजिम लामो समयपश्चात् हाल आएर जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३४ बमोजिम निवेदकहरूलाई फिर्ता गर्नुपर्ने तर्क कानून र न्यायसङ्गत देखिएन । अतः माथि विवेचित आधार प्रमाणबाट निवेदन जिकिरबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस २४ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-CI-१३६९, सम्बन्ध विच्छेद, अंश, *डिमा तेम्बा शेर्पा वि. डिमापुट शेर्पा*

सुरू अदालतमा पेस भएका तायदाती फाँटवारीमा वादीले “आफ्नो जिम्मामा बन्डा गर्नुपर्ने सम्पत्ति छैन” भन्ने बेहोरासमेत पारी तायदाती फाँटवारी पेस हुन आइसकेकोमा निज वादीको जिम्मामा अन्य चल सम्पत्तिसमेत बाँकी रहेको छ भनी जिकिर गर्ने यी प्रतिवादीले वादी जिम्मामा रहेको सो सम्पत्तिको परिमाणसहितको विवरण खुलाई उजुरी तथा निवेदन पेस नगरेको यस अवस्थामा न्यायकर्ताले अनुमानका आधारमा वादीको जिम्मामा बन्डा गर्नुपर्ने अन्य चल सम्पत्तिसमेत बाँकी रहेको छ होला भनी ठहर गर्नसक्ने अवस्थासमेत नरहने ।

वादीको जिम्मामा रहेको कुनै बन्डा गर्न बाँकी सम्पत्तिको सम्बन्धमा सुरू मिसिल संलग्न रहेको तायदाती फाँटवारीहरू वा प्रतिवादीले पेस गरेको निवेदनको बेहोराबाट समेत सम्पत्तिको कुनै विवरण खुल्न देखिन नआएको अवस्थामा सुरू अदालतको फैसलामा सो सम्बन्धमा केही उल्लेख गरिरहनुको कुनै औचित्यसमेत नदेखिएको हुँदा सो हदसम्मको सुरू फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसलासमेत मिलेकै देखिँदा वादीको जिम्माको चल सम्पत्तिका सम्बन्धमा उच्च अदालत पाटनको फैसलामा बन्डा हुने नहुने केही उल्लेख गरिएन भनी यी पुनरावेदक प्रतिवादीले लिएको उक्त पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तायदाती फाँटवारीमा उल्लिखित व्यक्तिगत ऋणका हकमा साहूका नालेस परेका बखत साहूले भराई लिन पाउने वा नपाउने के हो ? पाउने भए के कति रकम भराई लिन पाउने हो ? भन्नेसमेतका सम्बन्धमा सोही मुद्दाबाट ठहरेबमोजिम हुने नै हुँदा सो तायदाती फाँटवारीमा उल्लिखित व्यक्तिगत ऋण तिर्नु बुझाउनु पर्ने दायित्वसमेतका हकमा फैसला कार्यान्वयनको क्रममा समेत यकिन गरी निर्क्योल हुन सक्ने नै हुँदा उक्त व्यक्तिगत ऋणका हकमा तायदाती

फाँटवारीमा उल्लेख गरिएकै आधारमा मात्र बन्डा ठहर गर्नु न्यायोचित नहुने हुँदा उक्त व्यक्तिगत ऋणको रकमका सम्बन्धमा बन्डा लाग्ने नलाग्ने भनी ठहर गर्नुपर्ने अवस्था विद्यमान नदेखिएबाट यी पुनरावेदक प्रतिवादीले पेस गरेको उक्त तायदाती फाँटवारीमा उल्लेख गरिएको व्यक्तिगत ऋणबाहेकको संस्थागत रूपमा लिएको प्रमाणित र विवादरहित सिद्धार्थ बैंकको ऋणलाई सम्म बन्डा गर्ने ठहर गरेको उच्च अदालत पाटनको उक्त मिति २०७३।१०।१० को फैसला मिलेकै देखिँदा निज प्रतिवादीले तायदाती फाँटवारीमा देखाएको व्यक्तिगत ऋणसमेत अहिले नै बन्डा हुनुपर्ने भनी फैसलामा उल्लेख हुनुपर्ने भन्ने यी प्रतिवादीको उक्त पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित आधार, कारण एवम् प्रमाणसमेतबाट तायदाती फाँटवारीमा पुनरावेदक प्रतिवादीले उल्लेख गरेको सिद्धार्थ बैंकको ऋण बन्डा नगर्ने र विवाह खर्चका सम्बन्धमा केही नबोली भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७३।३।५ को फैसला सो हदसम्म केही उल्टी गरी विवाह नभएका अंशियारहरूको कानूनबमोजिमको पाउने विवाह खर्च पर सारी एवम् तायदाती फाँटवारीमा उल्लिखित ऋणमध्ये सिद्धार्थ बैंकको ऋणका हकमा ५ भागको १ भाग बन्डा लाग्ने भनी ठहर गरेको उक्त उच्च अदालत पाटनको मिति २०७३।१०।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

इति संवत् २०७४ साल मार्ग १ गते रोज ६ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-CI-१०५०, उत्प्रेषण / परमादेश, *बाबुराम बानियाँ क्षेत्री वि. मालपोत कार्यालय, सिन्धुलीसमेत*

निवेदक वादीले दिएको जग्गा खिचोला मुद्दामा मिति २०३०।०९।१० मा सिन्धुली जिल्ला अदालतको तथा मिति २०३२।०२।१५ को जनकपुर अञ्चल अदालतको फैसला तथा निवेदक प्रतिवादी भएको दर्ता बदर मुद्दामा २०५२।११।१६ मा सर्वोच्च अदालतबाट भएको फैसलालाई निवेदकले प्रमाणको रूपमा उल्लेख गरेकोमा ती फैसलाको सम्बन्धमा कुनै विवेचना निर्णयमा भएको देखिँदैन। निवेदकले भू.सु. ७ नं. फाँटवारीसमेतलाई प्रमाणको रूपमा पेस गरेको देखिएको छ। ती सबै प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने हुन्छ। फिल्डबुकमा लेखिएको बेहोरालाई मात्र आधार मान्न मिल्दैन भनी यस अदालतबाट ने.का.प.२०३८, नि.नं.१४८० पृष्ठ १५२ मा प्रतिपादित सिद्धान्तसमेतका आधारमा विपक्षी मालपोत कार्यालयको उक्त त्रुटिपूर्ण कार्यका विरूद्धमा परेको प्रस्तुत रिट निवेदन खारेज हुने भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।१०।७ मा भएको आदेश मिलेको देखिन नआउने।

तसर्थ, निवेदकले दिएको विपक्षी कार्यालयमा प्राप्त हुन आएको उक्त निवेदनमा उल्लिखित दाबीको जग्गाहरूमध्ये कि.नं.२६ को खोल्सो र कि.नं.४३ को बगर भनी फिल्डबुक उतारमा उल्लेख भएको आधारमा उक्त जग्गालाई सरकारी जग्गाको परिभाषाभित्र परेको भनी उक्त जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गर्न यस कार्यालयको क्षेत्रभित्र नपर्ने भन्दै कुनै ठहर निर्णय नै नगरी निवेदकलाई विपक्षी मालपोत कार्यालय, सिन्धुलीबाट च.नं.३८३ मिति २०७०।५।१७ को पत्रबाट जानकारी गराइएको उक्त पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। निवेदकले दाबी लिएको उक्त निवेदनमा उल्लिखित जग्गाको सम्बन्धमा निवेदकले पेस गरेका सबुत प्रमाणहरू तथा जे जो सबुत प्रमाण बुझ्नु पर्ने हो बुझी निवेदकको नाममा दाबीको जग्गा दर्ता हुने वा नहुने सम्बन्धमा सबुद प्रमाणको मूल्याङ्कन गरी ठहर

निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, सिन्धुलीका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७४ साल भदौ १५ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-WO-०६०१, उत्प्रेषण / परमादेश, *उद्धवबहादुर कार्की वि. उदयपुर सिमेन्ट लि. प्रधान कार्यालय, उदयपुरसमेत*

निवेदक हिमाल सिमेन्ट कम्पनीको प्रबन्धक पदबाट मिति २०५४।४।२९ मा सरूवा भई उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा आउनुभएकोमा निजले उक्त उद्योगमा सरूवा भई आउँदा निजले पाउनुपर्ने जीवन बीमा रकम साबिकको कार्यालय हिमाल सिमेन्टबाट उदयपुर सिमेन्ट उद्योगमा सरूवा नगरी १११/२ वर्षको रू.४,६२,२१६।९८ जीवन बीमा रकम मिति २०५५।९।१९ मा म्याचुरिटी भई हिमाल सिमेन्ट उद्योगकै तर्फबाट निजले भुक्तानी लिइसकेको भन्ने विपक्षी उदयपुर सिमेन्ट उद्योग लिमिटेडको तर्फबाट महाप्रबन्धक सुरेन्द्र पौडेलको लिखित जवाफलाई रिट निवेदकले खण्डन गर्न सकेको अवस्था नदेखिँदा निजले आफ्नो सेवा अवधिमा बीमाबापतको रकम लगिसकेको भन्ने देखिने।

एकपटक सुविधा लिइसकेकोमा नाइनास्ती नरहेका निज निवेदकले पछि पनि जहाँजहाँ सरूवा भयो सरूवा भएपिच्छेको कार्यालयबाट जीवन बीमाको सुविधा पटकपटक पाउने भन्ने उक्त नियमावलीमा भएको व्यवस्थाको मक्सद होइन । मिसिल संलग्न कागजातबाट बीमा समर्पण मूल्यबापतको रकम बीमा संस्थानले बैंक चेकमार्फत मिति २०७१।४।५ मा उदयपुर सिमेन्ट उद्योगलाई पठाई दिइसकेको देखिएबाट निवेदकको रिट प्रवेशको बाटो सफा हात र शुद्ध मनसायले अभिप्रेरित नदेखिने।

सेवा अवधिमा एकपटक मात्र पाउने कानूनी व्यवस्था भएको सावधिक जीवन बीमाको रकम एक कार्यालयबाट अर्को कार्यालय सरूवा हुने क्रममा नै झिकिसकेका निज रिट निवेदक उदयपुर सिमेन्ट उद्योग लिमिटेडको आफैँ महाप्रबन्धक भई कार्य गर्दाको अवस्थामा बैठक बसाली उक्त निर्णय गरेको देखिन्छ। यसर्थ उद्योगको बैठकको निर्णय भनिएको उक्त निर्णयको कार्यान्वयनबाट कानूनी व्यवस्थाविपरीतको कार्य हुने र व्यक्ति स्वयम्को हकमा बाहेक संस्थागत आधारमा सो निर्णय फाइदाजनक नदेखिएको अवस्थामा निवेदन बेहोरामा उठाएबमोजिमको निज रिट निवेदकको हक अधिकारको हनन् भएको भनी मान्न नमिल्ने।

तमाम नोकरी अवधिको एकपटक मात्र जीवन बीमाबापतको रकम प्राप्त गर्नसक्ने कर्मचारी सेवा, सर्त नियमावलीको स्पष्ट प्रतिकूल आफैँ महाप्रबन्धक भई आफूलाई नै फाइदा र उद्योगलाई ठूलो रकम नोक्सान हुने गरी निर्णय गरेको कार्यलाई कुनै पनि मूल्य मान्यतामा स्वीकार गर्न सकिने देखिँदैन र त्यस्तो गैरकानूनी निर्णयलाई उद्योगको निर्णय तथा उद्योग मन्त्रालयको हवाला दिँदैमा त्यसले कानूनी मान्यता पाउन नसक्ने।

तसर्थ उल्लिखित विवेचित आधार र प्रमाणसमेतबाट विपक्षी राष्ट्रिय बीमा संस्थान, उदयपुर सिमेन्ट उद्योग लिमिटेड एवम् निजका महाप्रबन्धकसमेतका विपक्षीले निवेदन दाबीबमोजिम निवेदकका नाउँको रकम रोक्का राखेको नदेखिएको एवम् निवेदकले उक्त रकम हिमाल सिमेन्ट उद्योगबाट पहिला नै लिइसकेको देखिएको अवस्था र निश्चित सेवा अवधिपश्चात् १ पटक मात्र पाउने कानूनी व्यवस्थासमेतको आधारमा रकम पटकपटक नयाँ नयाँ कार्यालयबाट लिने मनसायबाट ग्रसित विपक्षीको प्रस्तुत रिट निवदनमा निवेदन मागबमोजिमको अवस्थाको विद्यमानता नदेखिँदा आदेश जारी गर्नुपर्ने देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत २८ गते रोज ४ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६८-WO-०६०९, उत्प्रेषण / परमादेश, *गोखुल मण्डल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारसमेत*

निवेदक मिति २०६७।४।११ मा विष सेवन गरी मृत्यु भएकी जिल्ला रामेछाप, प्रिती गाउँ विकास समिति वडा नं.६ बस्ने गंगाबहादुर कार्कीकी छोरी वर्ष १८ की अनिता माया (लक्ष्मी कार्की) को वारदातस्थलबाटै लास सद्‌गत गर्न लैजाने भए रू. बीस हजार मागी बुझी लास सद्‌गत गर्न दिएको विषयमा पत्रपत्रिका र एफ.एम. रेडियोबाट समाचार प्रकाशित भएकोले मौजुदा प्रहरी ऐन र प्रहरी नियमावलीविपरीतको कार्यमा निज संलग्न भई प्रहरी आचरण प्रतिकूल एवम् पदीय जिम्मेवारीविपरीतको कार्य गरेकोले निजलाई प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (ङ) को कसुरमा सोही नियम ८४ को (ज) बमोजिम भविष्यमा सरकारी नोकरी निमित्त सामान्यत: अयोग्य ठहरिने गरी नोकरीबाट हटाउने भन्ने प्रहरी महानिरीक्षक, प्रहरी प्रधान कार्यालयबाट मिति २०६७।६।१५ मा निर्णय भएको र सोही निर्णय सदर हुने ठहर्‍याई गृह मन्त्रालयबाट निर्णय भएको देखिने।

निवेदकले मृतक अनितामाया कार्कीको लास पोष्टमार्टम गराउनको लागि सदरमुकाम जिल्ला अस्पताल ल्याउँदा ५०/६० हजार लाग्छ घटनास्थलबाटै बुझ्ने हो भने त्यसको आधा रकम दिए म मिलाई दिन्छु भनेपछि मृतकका बुबा गंगाबहादुर कार्कीले ऋण खोजी रू.२० हजार दिएको विषयमा अख्तियारप्राप्त अधिकारीले स्पष्टीकरण सोधेको देखिन्छ। यसरी निवेदकले गरेको कसुर र निजलाई हुनसक्ने सजायसम्बन्धी कानूनी व्यवस्थाको उल्लेख गरी स्पष्टीकरण सोधेको देखिएकोले सफाइको उचित मौका दिएको नै देखिन आउने।

निवेदक प्रहरी सेवामा कार्यरत रहेको र वारदात हुँदाको दिन आफू कार्यरत रहेको तथ्यमा कुनै विवाद देखिँदैन। प्रहरी सेवा मात्र होइन जुनसुकै सार्वजनिक संगठनमा अनुशासनको अति नै महत्त्व रहन्छ। अझ प्रहरी संगठन त जनताको जिउ धनको रक्षार्थ अहोरात्र खट्नुपर्ने संगठनमा जुनसुकैबेला पनि कर्तव्यमा तयार रहनुपर्ने र संगठनको नियम अनुशासनलाई कडाइका साथ पालना गर्नुपर्दछ। यस्ता सुरक्षासँग सम्बद्ध निकाय Chain of Command अन्तर्गत सञ्चालित हुन्छन् र हुनुपर्दछ। साथै मिसिल हेर्दा निवेदकले आचरणसम्बन्धी नियमको उल्लङ्घन गरी रकम लिएको प्रहरी कर्मचारीलाई संगठनमा राखी रहँदा संगठनप्रति आस्थावान्, नैतिकवान्, कर्मठ र कर्तव्यनिष्ठ अन्य प्रहरी कर्मचारीहरूमा समेत नकारात्मक प्रभाव पर्नुको साथै दर्जागत मर्यादा कायम राख्न कठिन र संगठनको उद्देश्य प्राप्तिमा अवरोध एवम् प्रतिकूल असर पर्ने देखिएकोले निजलाई नोकरीबाट बर्खास्त गरिएको भन्ने उल्लेख भएको पाइने।

ऐन, नियमको बर्खिलाप कार्य गरी अनुशासन तोडेको आरोपमा निवेदकलाई भएको कारबाही र सो कारबाही सदर भइसकेको अवस्था पनि देखियो। सो कारबाहीमा त्यस्तो गम्भीर त्रुटि रहे भएको नदेखिएको अवस्थामा उक्त कारबाहीसम्बन्धी निर्णयसमेतका कामकारबाही बदर हुनुपर्दछ भन्ने निवेदकको जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार, कारणबाट अति नै अनुशासनमा चल्नुपर्ने प्रहरी संगठनमा यी निवेदक अनितामाया कार्कीको आत्महत्याको विषयमा लास पोष्टमार्टम नगरी सद्‌गत गर्न दिएबापत गैरकानूनी रूपमा शरणकुमार कार्की हस्ते मृतकका बाबु गंगाबहादुर कार्कीबाट रू.२०,०००।– लिएको देखिएकोले निवेदकलाई प्रहरी नियमावली, २०४९ को नियम ८८ (ङ) को कसुरमा सोही नियमावलीको नियम ८४ (ज) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी नोकरीबाट हटाउने गरी प्रहरी महानिरीक्षक,

प्रहरी प्रधान कार्यालयबाट मिति २०६७।६।१५ मा भएको विभागीय निर्णय सदर हुने ठहऱ्याई उपप्रधान तथा गृहमन्त्री, गृह मन्त्रालयबाट मिति २०६८।७।२२ मा भएको निर्णयमा कुनै त्रुटि नदेखिई कानूनसम्मत नै देखिएकाले निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल पुस २१ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-WO-०१५०, उत्प्रेषण / परमादेश, *लक्ष्मीप्रसाद घिमिरेसमेत वि. आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ समेत*

निवेदकहरूलाई विपक्षी स्वावलम्बन विकास केन्द्रले मिति २०५८।११।६ मा सेवाबाट हटाउने निर्णय गरेउपर निवेदकहरूले श्रम अदालतमा मिति २०५८।१२।१२ मा पुनरावेदन गरेको र श्रम अदालतबाट मिति २०६१।६।१९ मा निवेदकहरूलाई बहाली गरी सेवाबाट हटाएको मितिदेखि पुनर्बहाली नभएसम्मको नियमानुसार पाउने सुविधा विपक्षी स्वावलम्बन विकास केन्द्रबाट पाउने भनी निर्णय भएको देखियो। उक्त निर्णय बदर गरिपाउँ भनी विपक्षी स्वावलम्बन विकास केन्द्रले यस अदालतमा रिट निवेदन दायर गरेकोमा श्रम अदालतको फैसला कानूनसम्मत भएको हुँदा रिट निवेदन खारेज हुने ठहर्छ भनी यस अदालतबाट मिति २०६६।११।१२ मा फैसला भएको र सोबमोजिम विपक्षी स्वावलम्बन विकास केन्द्रले मिति २०६७।३।१६ मा निवेदकहरूलाई हाजिर हुन आउनु भनी पत्र पठाई सेवामा पुनर्बहाली गरेको देखिने।

कानूनबमोजिम आम्दानी जोड्दा जुन वर्षमा जति पारिश्रमिक पाउने हो सोहीबमोजिम हिसाब गरी गणना गरिनु पर्दछ र सोहीअनुरूप नै आयकर कट्टा गरिएको हुनुपर्दछ। निवेदकहरूको पुनर्बहाली भएको अवधि आ.व.२०५८।०५९ देखि २०६६।०६७ सम्मको तलब, भत्ता तथा सञ्चित घर बिदाको रकमसमेतको हिसाब गरी गणना गर्दा सबै आ.व.को एकमुष्ठ रूपमा हिसाब नगरी प्रत्येक आर्थिक वर्षको आयको छुट्टाछुट्टै हिसाब गरी आय निर्धारण गर्नुपर्नेमा विपक्षीहरूले एकमुष्ठ रूपमा आय निर्धारण गरी कर कट्टी गरेको देखिएकोले सोलाई कानूनसम्मत भएको भनी मान्न नमिल्ने।

तसर्थ, निवेदकहरूको पुनर्बहाली भएको अवधि आ.व.२०५८/०५९ देखि २०६६/०६७ सम्मको तलब, भत्ता तथा सञ्चित घर बिदाको रकमसमेतको हिसाब गर्दा सबै आ.व.को एकमुष्ठ रूपमा हिसाब गरी एकै वर्षको आय मानी गैरकानूनी रूपमा करकट्टी गर्ने गरेको विपक्षीहरूको कार्य कानूनसम्मत भएको नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब निवेदकहरूको अलगअलग आ.व. को पारिश्रमिक आय गणना गर्दा कर लाग्ने भए सो कर कट्टा गरी बाँकी कट्टा गरेको कर निवेदकहरूलाई फिर्ता दिनु भनी परमादेशको आदेशसमेत विपक्षीहरूको नाममा जारी हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल भदौ ३१ गते रोज १ शुभम्।

- यसै लगाउको ०६७-WO-०२३८, उत्प्रेषण / परमादेश, *संजिवकुमार लामा वि. आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ७

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-००७४, जबरजस्ती करणी र ज्यान मार्ने उद्योग, *केशव के.सी. वि. नेपाल सरकार*

मौकामा बुझिएकी मिराकुमारी शर्माले जगतकुमारी थापासँगै रहेको अवस्थामा एकजना

केटाले बच्चालाई अँठ्याइरहेको अवस्थामा देखी गुहार माग्दा मानिसहरू जम्मा हुँदा केटो भागिसकेको थियो, पछि अपराधी फेला पर्‍यो भनेको सुनेको र निज केशव के.सी. हो भन्थे भनी गरेको सुरू अदालतसमक्षको बकपत्र, सोही बेहोरालाई समर्थन हुने गरी सँगसाथमा रहेका राजु खड्काले समेत उक्त वारदातमा संलग्न भनिएका व्यक्तिलाई पक्री ल्याउँदा निज प्रत्यक्षदर्शी मीराकुमारी शर्मालाई सोध्दा पक्री ल्याएका निजै केशव के.सी. ले उक्त घटना घटाएको हो भनी चिनाइदिएको बेहोरा लेखाई बकपत्र गरिदिएको अवस्था र परिस्थितिबाट पनि यिनै प्रतिवादी केशव के.सी. ले निज पीडित नाबालिकाउपर दुर्व्यवहार गरेको भन्ने पुष्टि भइरहेको देखिने।

पीडित सँगसँगै खेलिरहेकी प्रत्यक्षदर्शी सिन्जिना के.सी. ले अनुसन्धानका क्रममा गरेको बयान र अदालतसमक्ष आई गरिदिएको बकपत्र बेहोरामा उल्लेख गरेको अभियुक्तले लगाएको लुगा कपडा र पक्राउ पर्दा निज प्रतिवादीले लगाएको लुगा मिलेको अवस्था परिस्थितिसमेतबाट उक्त वारदात यिनै प्रतिवादीले गराएको तथ्य पुष्टि भएको देखिने।

पीडितको शारीरिक परीक्षण प्रतिवेदन, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, घटना विवरण कागज गर्ने व्यक्तिहरूको अदालतको बकपत्र, जाहेरवालाको बकपत्र, स्वयम् प्रतिवादीको अदालतको बयानसमेतबाट निज प्रतिवादी केशव के.सी.ले जबरजस्ती करणी गरी ज्यान मार्ने उद्योगको कसुर गरेको स्थापित हुन आउने।

प्रतिवादीको अनुसन्धानको क्रममा भएको मौकाको बयान, निज पक्राउ पर्दाको अवस्था र अदालतसमक्ष गरेको बयानबाट समेत निज पूर्णरूपमा मानसिक असन्तुलनको अवस्थामा रही आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने स्थितिमा थिए भन्ने मान्न मिलेन। घटना हुँदा मानसिक असन्तुलन रहेको आधिकारिक प्रमाण पेस गर्न नसकेका यी प्रतिवादीले कुनै समयमा सोही बिमारीका कारण औषधी सेवन गरिरहेको छु भनी जिकिर लिँदैमा सोही आधारमा सामान्य अवस्थामा रहँदा गरेको आपराधिक कार्यबाट छुट पाउन नसक्ने।

पीडितलाई पहिले नोट देखाई फकाई, नमानेपछि हातमा समाई जबरजस्ती तानेर जङ्गलतिर लगी डर धाक देखाई करणी गरिसकेपछि प्रमाण नष्ट गर्न भीरबाट फाल्ने, करणीपश्चात् नाबालक र शिथिल बालिकालाई फाली अपराधबाट जोगिन, मानिसको हो हल्लापछि भागेर लुकीछिपी बसेको अवस्थामा तत्काल यी प्रतिवादी पक्राउ परेको घटनाक्रमबाट देखिइरहेको हुँदा मानसिक असन्तुलन भएको व्यक्तिबाट त्यस किसिमको क्रियाकलाप गर्नसक्ने अवस्था रहँदैन। तसर्थ, आफ्नो कामको परिणाम थाहा पाउन नसक्ने अवस्थामा थियो भन्ने तर्क औचित्यपूर्ण नदेखिने।

घटना घटिसकेपछि घटना लुकाउनका लागि ज्यानै लिने गरी बालिकालाई खोल्सामा फालेको, बालिकालाई फकाउनका लागि पैसा दिन खोजेको र पैसा नलिएपछि जबरजस्ती तानेर लगी करणी गरेको देखिएबाट निज प्रतिवादी आफूले गरेको कामको प्रकृति र परिणाम थाहा पाउन नसक्ने अवस्थामा थियो भन्ने जिकिर मनासिब नदेखिने।

घटना वारदातको अवस्था, किटानी जाहेरी, पीडितको मौकामा गरिएको कागज र अदालतमा जबरजस्ती करणी भएको भन्ने स्पष्ट बकपत्र, बुझिएका मानिसहरूले अदालतसमक्ष उपस्थित भई गरिदिएको बकपत्र, पीडित र पीडक प्रतिवादीको शरीरमा पाइएको घाउ, पीडितसँग खेल्न गएकी बालिका सिन्जिना शर्मासमेतको कागजसमेतका आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी निर्दोष रहेछन् भन्ने देखिएन। प्रतिवादी आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा पाउन नसक्ने अवस्थामा थिए भन्ने मिसिल संलग्न प्रमाणबाट प्रमाणित हुन नसकेको हुँदा दण्ड सजायको १ नं. ले सजाय उन्मुक्ति पाउन सक्ने पनि पाइएन। पीडितलाई बेहोस अवस्थामा फेला पारी तत्काल उद्धार र उपचार गरी बचाउन सफल भएको देखिँदा यी पुनरावेदक प्रतिवादीले अभियोग दाबीअनुसार पीडित दैलेख (घ) लाई जबरजस्ती करणी गरेको र त्यसपछि

ज्यान लिने मनसायले भिरबाट तल फालेको देखिँदा निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको १ नं. विपरीत सोही महलको ३(१) नं. बमोजिम १३ (तेह्र) वर्ष कैद र सोही महलको १० नं. बमोजिम रू.१ लाख क्षतिपूर्तिको रकम प्रतिवादीबाट पीडितले भराई लिन पाउने ठहर गरी एउटै वारदातमा ठुलो अपराधको सजाय हुने कानूनी व्यवस्थाबमोजिम ज्यान मार्ने उद्योगको कैदको सजाय तोकिरहन नपर्ने ठहर गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला मनासिब नै देखिने।

तसर्थ किटानी जाहेरी दरखास्त, अधिकारप्राप्त अधिकारीसमक्ष गरेको प्रतिवादीको मौकाको बयान, पीडितको मौकाको कागज एवम् अदालतसमक्ष गरेको बकपत्र, बुझिएका मानिसहरूले अदालतमा गरेको बकपत्र, पीडितको शरीरमा देखिएका घाउचोटहरू, चश्मदिद रूपमा रहेकी सिन्जिना शर्मा (पीडितसँगै खेल्दै बसेकी) को मौकाको कागज र नन्दा जैशीसमेतको कागजको आधारमा यी पुनरावेदक प्रतिवादीले गरेको कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. तथा ज्यानसम्बन्धी महलको १५ नं. को कसुर स्थापित भई जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १३(तेह्र) वर्ष कैदको सजाय गरी सोही महलको १० नं. बमोजिम रू.१,००,०००।– (एक लाख) क्षतिपूर्ति भराई पाउने र ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम कसुर स्थापित भए तापनि एउटै वारदातमा विभिन्न अपराध गरे पनि ठुलो अपराधको सजाय हुने भनी गरेको सुरू दैलेख जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत सुर्खेतको मिति २०७०।९।३ को फैसला सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकेसरी पोखरेल

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल जेठ १७ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-१५९३, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. सुरेन्द्रप्रसाद यादवसमेत*

प्रतिवादी उमेश चौधरीलाई प्रतिवादी सुरेन्द्रप्रसाद यादवले मौकाको बयान कागजमा पोल गरे पनि अदालतमा बयान गर्दा बरामद लागु औषध आफ्नोसमेत भएको तथ्यलाई इन्कार गरी उमेश चौधरीले फसाउन राखी दिएको भनी आफैँ कसुरबाट उम्कन अरूलाई पोल गरेको अवस्था छ। आफ्नो डेरा कोठाबाट बरामद भएको लागु औषध डेरामा राख्ने, बिक्री व्यवहार गर्नेसमेतका कार्यमा यो यसरी निज उमेश चौधरीको संलग्नता थियो भन्ने सम्बन्धमा स्पष्ट आधार र प्रमाणबिना नै एउटै घरमा कोठा लिई बस्ने व्यक्ति बरामदी मुचुल्कामा संलग्न भएकै आधारमा कसुरमा संलग्न थिए होलान् भनी अनुमान गरी कसुरदार ठहर गर्नु न्यायसङ्गत हुने नदेखिने।

वादी पक्षको अभियोग दाबी मिसिल संलग्न अन्य प्रमाणहरूबाट समेत बरामद लागु औषधको कारोबारमा यी प्रतिवादी उमेश चौधरीसमेतको संलग्नता रहेको भन्ने खुल्न आएको छैन। खानतलासी तथा बरामदी मुचुल्कामा समेत निज उमेश चौधरी रोहबरमा बसेको देखिँदैन । बरामदी मुचुल्काका काम तामेल गर्ने स.प्र.नि. नवराज काफ्लेले समेत सुरेन्द्रप्रसाद यादवले पक्राउ पर्दाका बखत प्रतिवादी उमेश चौधरीका बारेमा केही भनेका थिएनन्। बरामद भएको लागु औषध सुरेन्द्रप्रसाद यादव सुत्ने खाटको पूर्वतर्फको सिरानीमुनिबाट बरामद भएको हो भनी बरामदी मुचुल्कालाई समर्थन हुने गरी बकपत्र गरिदिएको पाइन्छ । यसरी खानतलासी तथा बरामदी मुचल्का, बरामदी मुचुल्काका व्यक्ति स.प्र.नि. नवराज काफ्लेको अदालतसमक्ष भएको बकपत्रसमेतबाट निज प्रतिवादी उमेश चौधरीको बरामद लागु औषधको कारोबारमा संलग्नता थियो भन्ने प्रारम्भिक अवस्थाबाटै नदेखिने।

प्रतिवादीमध्येका सुरेन्द्रप्रसाद यादवले झिकाएअनुसार रकम ल्याइदिने पुष्पराज यादवसँग साथ बस्ने व्यक्ति भएको नदेखिएको र वारदातकै

समयमा मात्र निज घरबाट उक्त रूपैयाँ प्रतिवादी सुरेन्द्रप्रसाद यादवको पत्नीले दिएअनुसार पुऱ्याउन गएको भन्ने देखिएको छ। बरामद भएको मोटरसाइकल बरामद भएको लागु औषध लिई बिक्री वितरणमा लगी हिँडेको बेला पक्राउ गरेको भन्ने नदेखिई डेराकोठाभित्र रहेको लागु औषधसँग त्यसको सम्बन्ध रहेको र सोही मोटरसाइकलमार्फत कारोबार हुन्थ्यो होला भनी अनुमानकै भरमा जफत गर्नु न्यायसङ्गत हुने पनि देखिएन। उल्लिखित तथ्य एवम् प्रमाणका आधारमा प्रस्तुत मुद्दामा प्रतिवादीमध्येका सुरेन्द्रप्रसाद यादवलाई सम्म कसुरदार ठहऱ्याई अन्य प्रतिवादीहरू पुष्पराज यादव तथा उमेश चौधरीलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ दिने तथा बरामद भएको नगद रू.२५,०००।– एवम् मोटरसाइकल जफत नहुने गरी भएको सुरूको फैसला प्रमाण मूल्याङ्कनको रोहबाट सुरू फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, प्रतिवादी सुरेन्द्रप्रसाद यादवलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ) (ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४ (१) (छ) (२) बमोजिम निजले गरेको कसुरको मात्राअनुसार १० वर्ष कैद र रू.७५,०००।– (पचहत्तर हजार) जरिवाना सजायसमेत हुने, बरामद भएको नगद तथा मोटरसाइकल जफत नहुने र प्रतिवादीहरू पुष्पराज यादव तथा उमेश चौधरीले आरोपित कसुरबाट सफाइ पाउने भनी सुरू बारा जिल्ला अदालतबाट भएको मिति २०७१।२।७ को फैसला सदर हुने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकेसरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०४३४, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. श्रीमती भावना बस्नेत*

प्रतिवादी भावना बस्नेतले अनुसन्धानका क्रममा र अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रही बयान गरे तापनि जाहेरवाला र प्रतिवादीबिच कुनै प्रकारको रिसइवी झै-झगडा पनि नभएको अवस्थामा यौन सम्पर्क गर्न बाध्य तुल्याएको भनी आफ्नो चरित्रलाई नै असर पार्ने गरी जाहेरी दिनु, बयान गर्नु र सो कुरालाई अदालतमा समेत आई बकपत्र गरिदिनुपर्ने कुनै कारण नदेखिने।

जाहेरवालीले प्रतिवादीको होटलमा काम गरेको डेढ महिना मात्र भएको र जाहेरीमै यौन सम्पर्क गर्न दबाब दिएको सहन नसकी जाहेरी दिएको भन्ने मिसिल कागजातबाट देखिन आएको र प्रतिवादीले पीडित जाहेरवालीलाई काम गरेको दिनको रकम दिएको भन्ने नदेखिएकोले यी दुवैबिच काम गरेको दिनको रकम लिने दिने कुरामा सामान्य विवाद हुनुलाई अस्वाभाविक मान्न नसकिने हुँदा पीडितलाई तलबसमेत नदिएको स्थितिमा पीडितलाई विभिन्न ग्राहकवर्गसँग यौन सम्पर्क राख्न लगाउन दुरूत्साहन दिन प्रेरित गरेको मान्नुपर्ने अवस्था यस मुद्दाको प्रकृतिबाट देखिने।

यौनजन्य क्रियाकलापमा संलग्न भएको भन्ने जाँच परीक्षणसमेत नभएको र जाहेरवालाको अनुसन्धानका क्रममा भएको बयान, अदालतसमक्ष गरिदिएको बकपत्र तथा परिस्थितिजन्य प्रमाणहरूसमेतबाट यी प्रतिवादीले जाहेरवालीलाई त्यस्तो यौनजन्य क्रियाकलापमा संलग्न गराएको भन्ने पुष्टि हुने तथ्ययुक्त प्रमाण नभए पनि रेस्टुरेन्टमा ग्राहक संख्या बढ्ने नियतले जाहेरवालीलाई वेश्यावृत्तिमा लगाउने जस्तो कार्य गरेको थिइनन् होला भनी भन्न सकिने अवस्था नदेखिएको स्वयम् प्रतिवादीले मौकाको बयानमा जाहेरवालीसँग रिसइवी थिएन भन्ने बयान गरेबाट पुनरावेदन अदालत पाटनको फैसला अन्यथा मान्नुपर्ने अवस्था नदेखिने।

तसर्थ, सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।३।२३ मा भएको फैसला मिलेको

नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी भावना बस्नेतलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(ख) तथा १५(१)(ज) बमोजिम रेष्टुरेन्टमा ग्राहक संख्या बढाउने नियतले जाहेरवालीलाई वेश्यावृत्तिमा लगाउने जस्तो कार्य गर्न जाहेरवालीलाई दुरूत्साहन दिई वेश्यावृत्तिमा लगाउने उद्योगको कसुर गरेको ठहर्नाले प्रतिवादी भावना बस्नेतलाई सोही ऐनको दफा १५(१)(ज) ले दफा १५(१)(ख) मा उल्लेख भएको न्यूनतम सजायको आधाले हुने ५ (पाँच) वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१०।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकेसरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल चैत १६ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CI-१६०४, निषेधाज्ञा, *हरिबहादुर बोगटी वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*

बैना पट्टाको कागज र अन्य लेनदेन जस्तो देवानी दायित्वको विषयमा विवाद उत्पन्न भएमा त्यस्ता विषय हेर्ने सम्बन्धित अदालत वा निकाय वा पदाधिकारीबाट उपचार प्राप्त गर्नुपर्नेमा विपक्षी जिल्ला प्रशासन कार्यालयलाई त्यस्तो विषयको निवेदन लिई कारबाही गर्ने अधिकार कानूनले प्रदान गरेको छैन। यद्यपि सोही जरियाबाट शान्ति सुरक्षामा असर पर्ने र पक्षहरूबिच उत्पन्न हुने झै-झगडालगायत शान्ति सुरक्षाकै प्रश्न उपस्थित भएमा जिल्ला प्रशासन कार्यालयले रोकथामको लागि आवश्यक कार्य गर्नसक्ने अधिकार स्थानीय प्रशासन ऐन, २०२८ ले प्रदान गरेको नै पाइने।

निवेदकले विपक्षी रामचन्द्र तण्डुकारलाई जिउ ज्यानमा धावा बोलेकोसमेत हुँदा जिउ ज्यानको सुरक्षा गरिपाउँ भनी परेको निवेदनको आधारमा शान्ति सुरक्षाको लागि मात्र पत्राचार गर्ने भनी जिल्ला प्रशासन कार्यालयमा परेको निवेदनपत्रको तोक आदेशकै आधारमा यी निवेदकको कानूनप्रदत्त हकमा आघात परेको भनी मान्न नमिल्ने गरी भएको पुनरावेदन अदालत पाटनको आदेशलाई अन्यथा गरिरहनु पर्ने नदेखिने।

तसर्थ, निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन भनी प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्‍याई मिति २०७१।९।२१ मा जारी अन्तरिम आदेशसमेत निष्क्रिय हुने गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०७१।११।२० को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकेसरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख १४ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-MS-००१८, अवहेलना, *सनतकुमार शर्मा वि. शोभाकान्त लामिछाने*

यिनै निवेदकले मिति २०७३।३।१६ मा यस अदालतसमक्ष निवेदन पेस गरी विकास समितिले मलाई कारबाही गर्नुपर्ने अवस्थासमेत नदेखिएको भनी मेरो तलब भत्ता रोक्का गर्ने मिति २०७१।११।२९ को पत्र, मलाई निलम्बन गर्ने मिति २०७२।६।७ को पत्र र मलाई सजाय प्रस्ताव गरी गोरखापत्रमा प्रकाशित मिति २०७२।६।१४ को सूचनासमेत रद्द गरिएको कुरा मिति २०७३।२।४ को पत्रद्वारा मलाई जानकारी गराएकोले मैले उक्त निवेदन (०७२-WO-०२८२) फिर्ता लिन निवेदन गरी सम्मानित अदालतबाट मिति २०७३।२।६ मा फिर्ता भइसकेको हुँदा मूल रिट निवेदन नै फिर्ता भइसकेको हुँदा कानूनबमोजिम होस भनी फिर्ता आदेशको प्रतिलिपि साथै राखी निवेदन पेस गरेको मिसिल सामेल रहेको देखिने।

तसर्थ प्रस्तुत विवादको मूल रिट निवेदन (०७२-WO-०२८२) नै फिर्ता भइसकेको भन्ने उपस्थित निवेदकका कानून व्यवसायीको समेत

जिकिर रहेको देखियो । यस अदालतको जुन आदेशको पालना भएन भनी अदालतको अवहेलना भयो भनी सजायको माग दाबी गरिएको हो सो निवेदनको औचित्यता नै समाप्त भइसकेको देखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः नगेन्द्रकेसरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख १४ गते रोज ५ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०३१२, सवारी ज्यान, *नेपाल सरकार वि. गंगादेवी परियारसमेत*

प्रतिवादीहरू सुनिल परियार र गंगादेवी परियारले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०६८।३।२४ गते बिहान मोटरसाइकल चलाउने अनुमति नलिएका प्रतिवादी सुनिल परियारलाई प्रतिवादी गंगादेवी परियारले आफ्नो नाममा रहेको लु.७ प ७३१८ नं.को मोटरसाइकल चलाउन दिई प्रतिवादी सुनिल परियारले हाँकी बर्दघाटतर्फ गइरहेको अवस्थामा साइकल यात्री तेजिन्द्रध्वज छन्त्याललाई ठक्कर दिई घाइते भएका र उपचारको क्रममा निजको मृत्यु भएको हो भनी आरोपित कसुरमा साबित रही बयान गरे तापनि प्रतिवादीहरूले अदालतमा बयान गर्दा आफ्नो बयान फेरी उक्त मोटरसाइकल प्रतिवादी सुनिल परियारले चलाएको अवस्थामा साइकल यात्री तेजिन्द्रध्वज छन्त्याललाई ठक्कर दिएको होइन । मोटरसाइकल चलाउने लाइसेन्स भएका निज प्रतिवादीको दाजु अनिल परियारले चलाएको र प्रतिवादी सुनिल परियार पछाडि बसेको अवस्थामा उक्त मोटरसाइकलले साइकल यात्री तेजिन्द्रध्वज छन्त्याललाई ठक्कर दिई निजको उपचारको क्रममा मृत्यु भएको हो भनी आरोपित कसुरमा पूर्णरूपले इन्कार रही बयान गरेको देखिने ।

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान र अनुसन्धानका क्रममा तयार भएको जाहेरी दरखास्तसमेतका कागजातहरूको बेहोरालाई प्रतिवादीहरूले अदालतमा गरेको इन्कारी बयान, बुझिएका अनिल परियारले घटना हुँदा उक्त मोटरसाइकल प्रतिवादी सुनिल परियारले नचलाई आफूले चलाएको स्वीकार गरी गरेको बकपत्र, जाहेरवाला मृतककी श्रीमती इश्वरी छन्त्याल, घटनाको प्रत्यक्षदर्शी भनिएका वादीको साक्षी अशोक पन्थ र प्रतिवादीका साक्षी हरिहर चौहानले घटना हुँदा उक्त मोटरसाइकल प्रतिवादीका दाजु अनिल परियारले चलाएका थिए, प्रतिवादी सुनिल परियार मोटरसाइकलको पछाडि बसेका थिए भनी गरेको बकपत्रबाट खण्डित भइरहेको अवस्था छ भने घटना हुँदा उक्त मोटरसाइकल यी प्रतिवादी सुनिल परियारले नै चलाएका थिए भन्ने पुष्टि हुने खालको अन्य कुनै तथ्ययुक्त र स्वतन्त्र प्रमाण वादी पक्षबाट पेस गर्न सकेको नपाइने ।

वादीले सुनिल परियार र गंगादेवी परियारलाई मात्र प्रतिवादी बनाई अभियोगपत्र दायर गरेको प्रस्तुत मुद्दामा प्रतिवादी गंगादेवी परियारले आफ्नो नाममा दर्ता रहेको मोटरसाइकल चलाउने अनुमति नलिएका आफ्ना छोरा प्रतिवादी सुनिल परियारलाई चलाउन दिई प्रतिवादी सुनिल परियारले नै चलाएको उक्त मोटरसाइकलले साइकल यात्री तेजिन्द्रध्वज छन्त्याललाई ठक्कर दिई उपचारको क्रममा निजको मृत्यु भएको भन्ने आरोपित कसुर वादी नेपाल सरकारतर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा र वादीका साक्षीहरूले समेत यी प्रतिवादी सुनिल परियारले मोटरसाइकल चलाएको होइन भनी अदालतमा बकपत्र गरेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसला प्रमाण ऐन, २०३१ को दफा १८ र २५ समेतका

आधारमा अन्यथा नदेखिएकोले प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी सुनिल परियार र गंगादेवी परियारलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरी नवलपरासी जिल्ला अदालतले मिति २०६८।७।१६ मा गरेको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६९।८।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल असोज १४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-१५७७, लागु औषध (गाँजा), *नेपाल सरकार वि. शम्भु राम*

प्रतिवादी शम्भुरामले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत आरोपित कसुरमा पूर्णरूपले इन्कार रही गरेको बयान, सहअभियुक्त शनी पटेलले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत प्रतिवादी शम्भुरामलाई आफूले नचिनेको, उक्त गाँजा ओसारपसार गर्नमा प्रतिवादी शम्भुरामको संलग्नता थिएन भनी शम्भुरामले गरेको इन्कारी बयानलाई समर्थन हुने गरी गरेको बयान, प्रतिवादी शम्भुराम उक्त बरामदी लागु औषध (गाँजा) ओसारपसार गर्ने कार्यमा संलग्न नरहेको, प्रहरीसँग वादविवाद भएको कारण निजलाई प्रहरीले पक्राउ गरेको हो भनी वस्तुस्थिति मुचुल्कामा सही गर्ने फुलचन महरासमेतले मौकामा लेखाई दिएको बेहोरा र प्रतिवादी शम्भुरामका साक्षी रामबाबु पटेलले गरिदिएको बकपत्रसहितको मिसिल संलग्न कागजातहरूबाट यी प्रतिवादी शम्भुरामले आरोपित कसुर गरेकै हुन् भनी शङ्कारहित तवरबाट भन्न सक्ने अवस्था विद्यमान नदेखिने।

प्रतिवादी शम्भुरामले बरामदी मुचुल्कामा सहिछाप गरे तापनि उक्त बरामदी मुचुल्का झुट्टा हो । आफू उक्त लागु औषध (गाँजा) ओसारपसार गर्ने कार्यमा संलग्न नरहेको र आफूबाट उक्त गाँजा बरामद भएकोसमेत होइन भनी आरोपित कसुरमा पूर्णरूपले इन्कार रही अधिकारप्राप्त अधिकारी र अदालतमा समेत बयान गरेको एवम् घटनास्थलमा प्रत्यक्ष उपस्थित भएका अर्का प्रतिवादी शनी पटेलले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा, वस्तुस्थिति मुचुल्कामा सहिछाप गर्ने फुलचन महरासमेतले वस्तुस्थिति मुचुल्कामा तथा प्रतिवादीका साक्षी रामबाबु पटेलसमेतले अदालतमा गरेको बकपत्रमा समेत उक्त लागु औषध (गाँजा) प्रतिवादी शनी पटेलबाट मात्र बरामद भएको हो । उक्त लागु औषध (गाँजा) ओसारपसार गर्ने कार्यमा यी प्रतिवादी शम्भुराम संलग्न छैनन् । प्रहरीसँग वादविवाद भएको कारण प्रहरीले प्रतिवादी शम्भुरामसमेतलाई पक्राउ गरेको हो भनी एकै मिलानको बेहोरा लेखाइदिएको देखिन्छ । यसरी मिसिल संलग्न अन्य प्रमाणहरूबाट यी प्रतिवादी शम्भुरामसमेतबाट उक्त लागु औषध (गाँजा) बरामद भएको भन्ने बरामदी मुचुल्काको बेहोरा खण्डन भइरहेको अवस्थामा बरामदी मुचुल्कामा यी प्रतिवादी शम्भुरामले सहिछाप गरेकै आधारमा मात्र यी प्रतिवादी शम्भुरामसमेत कसुरदार हुन् भनी भन्ने अभियोग प्रमाणित हुने अवस्था नदेखिने।

प्रतिवादी शम्भुरामले बरामद भएको लागु औषध (गाँजा) ओसारपसार गर्न अर्का प्रतिवादी शनी पटेललाई सहयोग गरी मतियारको भूमिका निर्वाह गरेको भन्ने आरोपित कसुर वादी नेपाल सरकारतर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादी शम्भुरामलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादी शम्भुरामलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरी पुनरावेदन अदालत

हेटौंडाले मिति २०७२।१।८ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल असोज १७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-०९७२, जबरजस्ती करणी (शरीर बन्धक लिई), *नेपाल सरकार वि. गणेश दुलाल*

प्रतिवादी गणेश दुलालले पीडित परिवर्तित नाम (क) कुमारीलाई अपहरण तथा शरीर बन्धकमा लिई जबरजस्ती करणी गरेको भन्ने आरोपित कसुर वादी नेपाल सरकार तर्फबाट प्रमाणित गर्न जाहेरी बेहोरा र प्रहरीमा कागज गर्ने व्यक्ति एवम् पीडिताका फोटोहरू पेस भएका छन् । जाहेरी बेहोरा जाहेरवाली आफैँले अदालतमा आई खण्डन गरेबाट र प्रहरीमा कागज गर्नेहरूलाई अदालतमा उपस्थित गराई बकपत्र गराउन नसकेबाट ती प्रमाणहरूमा प्रश्नचिह्न लाग्न गएको छ । जहाँसम्म अश्लिल फोटो बरामद भएको भन्ने प्रमाण छ । सो फोटोको विषय अन्य प्रचलित कानूनबमोजिम सजायको भागिदार हुने विवाद भएपनि अन्य परिस्थितिजन्य प्रमाणको अभावमा अश्लिल फोटो बरामद भएकै कारणबाट अपहरण तथा शरीर बन्धक लिई जबरजस्ती करणी भएको विश्वास गर्नु न्यायसङ्गत नदेखिने ।

प्रतिवादीले अदालतमा बयान गर्दा पीडिताको अश्लिल तस्वीर सार्वजनिक गरिदिने धम्की दिई पीडितालाई करणी गरी आरोपित कसुर गरेको कुरामा पूर्ण रूपले इन्कार रही बयान गरेको, जाहेरवाली (क) कुमारीले अदालतमा बकपत्र गर्दा आफूले प्रहरीमा दिएको जाहेरी दरखास्तको बेहोरालाई पूर्ण रूपले खण्डन गरी प्रतिवादीले आफ्नो अश्लिल फोटो सार्वजनिक गरिदिने धम्की दिई आफूलाई जबरजस्ती करणी गरेको होइन भनी तथा प्रमाणको रूपमा पेस भएका फोटोहरूमा अनुहारसम्म आफ्नो हो भनी फोटोको सत्यतामा पीडित जाहेरवालीले स्वयम् प्रश्न उठाई गरेको बकपत्र, त्यस्तै प्रहरीमा कागज गर्ने अन्जली गुरूङ, वस्तुस्थिति मुचुल्कामा सही गर्ने योगेन्द्र गुरूङ, विष्णुप्रसाद फुयाल र हरिबहादुर बस्नेतसमेतले आफूले प्रहरीमा गरेको कागजको पूर्ण रूपले खण्डन गरी प्रतिवादीले पीडिताको अश्लिल तस्वीर खिची उक्त अश्लिल तस्वीर सार्वजनिक गरिदिन्छु भनी पीडितालाई यी प्रतिवादीले जबरजस्ती करणी गरेको होइन भनी गरेको बकपत्र, अनुसन्धान तहकिकातको सिलसिलामा तयार भएका कागजातमा उल्लिखित कुरा प्रमाणमा लिन सो व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई सो कुरालाई समर्थन हुने गरी बकपत्र गर्नुपर्ने भन्ने प्रमाण ऐन, २०३१ को दफा १८ ले गरेको व्यवस्था, कोशी अञ्चल अस्पतालले दिएको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समेत पीडिताउपर जबरजस्ती करणी भएको भन्ने दाबीसमेत पुष्टि हुन नसकेको अवस्था तथा यी प्रतिवादीले आरोपित कसुर गरेकोमा वादी नेपाल सरकारतर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेकोसमेत नदेखिँदा यी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम जबरजस्ती करणी र शरीर बन्धकको कसुरमा सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मिलेकै देखिँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार, कारणहरूबाट प्रतिवादी गणेश दुलालले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरले मिति २०७१।३।१८ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अरूणकुमार कोइराला

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल असोज १७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-१५७१ र ०७२-RC-०१२६,

कर्तव्य ज्यान, *गोपाल सार्की वि. नेपाल सरकार र नेपाल सरकार वि. हेमबहादुर भुजेलसमेत*

पुनरावेदकले आफ्नो नाम गोपाल तोलाङ्गे नभई गोपाल सार्की भएको भनी जिकिर लिए तापनि तोलाङ्गे थर सार्की जातिकै देखिनुका साथै अभियोगपत्रको विरूद्ध खण्डमा उल्लिखित गोपाल तोलाङ्गे भन्ने व्यक्ति म होइन भन्ने पुनरावेदकको वतनमा गा.वि.स. एकै रही वडा नं. सम्म फरक रहेको देखिएको अवस्थामा आफू निर्दोष भए त्यस्तो गम्भीर अभियोगमा पक्राउ परेका यी पुनरावेदकले अभियोग लागेका व्यक्ति उक्त गा.वि.स. मा छुट्टै छन्, निज यी यस्ता व्यक्ति हुन्, सो व्यक्तिको उक्त गा.वि.स. मा यो, यस ठाउँमा घर बसोबास छ, निज जीवित छन् वा मरिसके जस्ता कुरा पुनरावेदकले खुलाउन सक्नुपर्नेमा सो गर्न सकेको देखिन आउँदैन । गाउँ-ठाउँ भएकाले खुलाउन असम्भव हुँदैन । यो, यस कारणले त्यस्तो खुलाउन सम्भव छैन भन्ने पुनरावेदकको भनाइ पनि नदेखिने ।

सहप्रतिवादीहरूले आफ्नो बयानमा उल्लेख गरेको प्रतिवादी गोपाल तोलाङ्गे भन्ने व्यक्ति चिनी सनाखत गरिदिनुहोस् भनी यी प्रतिवादी गोपाल तोलाङ्गे भनिएको गोपाल सार्कीसमेतलाई उपस्थित गराई प्रतिवादी गोविन्द मग्राती सार्कीलाई सोधनी गर्दा उक्त मुद्दामा मैले आफ्नो बयानमा उल्लेख गरेका हज्मा कम्पनीमा मिस्त्रीको काम गर्ने प्रतिवादी गोपाल तोलाङ्गे भन्ने व्यक्ति यिनै हुन्, निजको बाबु बाजेको नाम थाहा छैन, निजको वतन जिल्ला सिन्धुली, गा.वि.स. सितलपाटी वडा नं.१ हो भनी सुनी थाहा पाएको हो, सोअनुरूपको वतन मैले आफ्नो बयानमा खुलाई लेखाएको हो, निज प्रतिवादी गोपाल तोलाङ्गेलाई मैले राम्रोसँग हेरी चिनी पहिचान गरी सनाखतसमेत गरिदिएँ भनी सनाखत कागजसमेत गरिदिएको देखिन्छ र सो सनाखतलाई यो, यसकारणले अन्यथा हो भनी तथ्यगत रूपमा पुनरावेदकले जिकिर लिएको नदेखिने ।

पुनरावेदकले अभियोगपत्रमा उल्लिखित गोपाल तोलाङ्गे भन्ने व्यक्ति र गोपाल सार्की भन्ने व्यक्ति (आफू) भिन्दाभिन्दै व्यक्ति हो भनी बयान तथा पुनरावेदनसमेतमा जिकिर लिए तापनि सोलाई पुष्टि गर्न नसकेको, अभियोगपत्रमा निजको नाम गोपाल तोलाङ्गे उल्लेख भएको र पुनरावेदकले पेस गरेको नागरिकताको प्रमाणपत्रमा निजको नाम गोपाल सार्की उल्लेख भई दुवैमा निजको नाम मिल्न गई अभियोगपत्रमा थर (तोलाङ्गे) उल्लेख भएको र पुनरावेदकको नागरिकतामा जात (सार्की) उल्लेख भएकोसम्म देखिएको र अभियोगपत्रमा उल्लिखित ठेगाना र पुनरावेदकको नागरिकताको प्रमाणपत्रको ठेगानामा जिल्ला र गा.वि.स. समेत एकै भई वडा नं. सम्म फरक परेको देखिएको र प्रतिवादी गोपाल तोलाङ्गे भन्ने व्यक्ति यिनै हुन् भनी सहअभियुक्त प्रतिवादी गोविन्द मग्रातिले सनाखतसमेत गरेको देखिएकोले अभियोगपत्रमा उल्लिखित गोपाल तोलाङ्गे भन्ने व्यक्ति आफू होइन भन्ने पुनरावेदकको पुनरावेदन जिकिर तथ्यसङ्गत नभई निजको जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी गोपाल तोलाङ्गे भनिएको गोपाल सार्कीले अदालतमा गरेको बयान तथा पुनरावेदनमा आफू घटना हुनुभन्दा २/४ दिनअगाडि नै पानीबाट चल्ने मिल लिन काठमाडौं गएको र घटना भएको ७/८ दिनपछि उक्त घटना भएको स्थानमा आएपछि मात्र घटना भएको जानकारी पाएको हो र सोही मितिदेखि हालसम्म म सोही घटना वारदातस्थलको आसपासको सडक निर्माणस्थलमा अविच्छिन्न रूपमा काम गर्दै आएको थिएँ भनी जिकिर लिए तापनि निजले उक्त मिल खरिद गरेको बिल, भरपाई केही पेस गर्न सकेको देखिँदैन भने मिल ल्याएर यो, यस, ठाउँमा जडान गरिएको छ आदि केही खुलाउन नसक्नुको साथै सो मिल यो, यस ठाउँको यो, यस पसलमा, यो समयमा खरिद गरेको हुँ भन्नेसमेत केही खुलाएको देखिँदैन । जहाँसम्म निजको साक्षीहरू भीमबहादुर

सार्की र भीमप्रसाद प्रसाईंले सो मितिमा निज मिल किन्न काठमाडौं गएका हुन् भनेका छन् भन्ने हकमा तथ्यगत प्रमाणको अभावमा साक्षीको मौखिक भनाइलाई आधार मानी पुनरावेदकलाई अभियोग दाबीबाट सफाइ दिनु न्यायको दृष्टिले मिल्दैन । साथै निजले उक्त घटना घटेपछि सोही ठाउँको सडक निर्माणस्थलमा अविच्छिन्नरूपमा काम गरेको देखिने पुष्टि हुने हाजिरीलगायत कुनै प्रमाण पेस गर्न सकेकोसमेत नदेखिने।

प्रतिवादीहरूले अदालतमा बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान हामीले भनेअनुसार लेखिएको होइन, जबरजस्ती सहिछाप गराएका हुन् भनी जिकिर लिएकामा निजहरूले आफूहरूलाई अधिकारप्राप्त अधिकारीसमक्ष जबरजस्ती बयान गराउनु पर्ने चित्त बुझ्दो कारण खुलाउन सकेका छैनन् भने यी प्रतिवादीहरूलाई अधिकारप्राप्त अधिकारीसमक्ष कागज गराउँदा के कसरी जबरजस्ती सहिछाप गराएको हो सोसमेत खुलाउन सकेको देखिँदैन साथै गोलो बाँसले मृतकका घाँटी थिचेको भन्ने प्रतिवादीहरूको मौकाको बयान भनाइ घाँटीको हड्डी भाँचिएको कारण मृतकको मृत्यु भएको भन्ने मृतकको शव परीक्षण प्रतिवेदन (Post-mortem report) बाट समर्थित भइरहेको देखिन्छ र अन्य कुनै कारणले मृतकको मृत्यु भई खोलामा रहेको भन्ने प्रतिवादीहरूको भनाइ देखिँदैन र मृतकको मृत्युको अन्य सम्भावित कारणसमेत प्रतिवादीहरूले उल्लेख गर्न सकेको देखिँदैन । निजहरूको मौकाको बयानअनुरूप मृतकको शव नदीमा भेटिएकोबाट निजहरूको मौकाको बयान मिसिल संलग्न प्रमाणबाट समर्थित भइरहेको र मौकाको साबिती बयान भनाइ (वारदातबारे) यो, यसकारणले अन्यथा हो भनी तथ्यगत रूपमा प्रतिवादीहरूले खुलाउन नसकेबाट प्रतिवादीहरूले अदालतमा गरेको इन्कारी बयान विश्वासयोग्य देखिन नआउने।

The cause of death could be due to fracture neck bone भन्ने मृतकको शव प्रतिवेदन रहेको अर्थात् घाँटीको हड्डी भाँचिएबाट मृतकको मृत्यु भएको भन्ने देखिएको र सुनकोशी नदी किनारामा पानीभित्र घोप्टो अवस्थामा रहेको मृतकको लासलाई बाहिर निकाली हेर्दा मृतकको बायाँ हात भाँचिएको, पछाडि ढाड, घाँटी र छातीको भागमा नीलो कालो डाम रहेको भन्नेसमेत देखिएको छ । जसबाट मृतकलाई कुटपिट गरी मारी नदीमा फालेको पुष्टि हुन्छ । साथै लास परीक्षण गर्दा घाँटी भाँचिएको (neck fractured) देखिएको थियो । घाँटीको हड्डी भाँचिएपछि मानिस मर्ने र मरिसकेपछि मानिसको शरीरको सिस्टम नै बन्द हुने भएकोले पानीमा फाली दिँदा पेट, फोक्सोमा कुनै पदार्थ प्रवेश नहुने हुँदा त्यस्तो अवस्थामा पेट खाली (Stomach empty) हुन्छ र फोक्सो भरिएको (Lungs congested) हुन्छ भनी मृतकलाई मारेर सुनकोशी नदीमा फालिएको भन्ने तथ्यलाई पुष्टि हुने गरी शव परीक्षण गर्ने चिकित्सक छविलाल थापामगरले अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । उपर्युक्त शव परीक्षण प्रतिवेदन, लासजाँच मुचुल्का तथा विशेषज्ञको बकपत्रसमेतले यी प्रतिवादीहरूले गरेको मौकाको साबिती बयानलाई नै समर्थन गरेको देखिने।

जाहेरी दरखास्त, प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, शव परीक्षण प्रतिवेदन, लासजाँच मुचुल्का, घटना विवरण कागज, जाहेरवाला युवराज देवकोटा र घटना विवरण कागजमा सही गर्ने मोहनप्रसाद देवकोटासमेतका व्यक्तिहरू तथा शव परीक्षण गर्ने चिकित्सक छविलाल थापामगरले अदालतमा उपस्थित भई गरेको बकपत्रसमेतका कागज प्रमाण तथा सर्वोच्च अदालतबाट प्रतिपादित उपर्युक्त सिद्धान्तबाट समेत यी प्रतिवादीहरूले आफूहरूसँगै काम गर्ने जाहेरवालाका भाइ वेदप्रसाद देवकोटालाई बाहिरको मानिस आएर काम गरेको तथा काम गर्दा आफूहरूसँग नमिली झगडा गर्ने गरेको भन्ने रिसइवीको कारण योजनाबद्ध रूपमा

कुटपिटसमेत गरी कर्तव्य गरी मारी सुनकोशी नदीमा फाली आरोपित कसुर गरेको मालाकाररूपमा पुष्टि भइरहेको देखिने।

प्रतिवादीहरू सबै मिली जाहेरवालाको भाइ वेदप्रसाद देवकोटालाई कुटपिटसमेत गरी कर्तव्य गरी मारेको मिसिल संलग्न कागज, प्रमाणबाट पुष्टि भए तापनि मृतकको मृत्यु प्रतिवादीमध्ये यो, यसको चोटको कारण भएको वा मुख्य प्रतिवादी यही हो भनी भन्न सकिने अवस्था विद्यमान नदेखिँदा प्रतिवादी गोविन्द मग्राती, उज्वल भन्ने हेमबहादुर भुजेल, रामशरण भन्ने श्यामबहादुर भुजेल र नकुल कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।९।२।४ को फैसला र पुनरावेदक प्रतिवादी गोपाल तोलाङ्गे भनिएको गोपाल सार्कीलाई सोही नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७३।११।१०।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीहरू गोविन्द मग्राती, उज्वल भन्ने हेमबहादुर भुजेल, रामशरण भन्ने श्यामबहादुर भुजेल र नकुल कार्कीलाई पुनरावेदन अदालत जनकपुरले र पुनरावेदक प्रतिवादी गोपाल तोलाङ्गे भनिएको गोपाल सार्कीको हकमा उच्च अदालत, पाटनले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद गर्ने राय व्यक्त गरेको सुरू जिल्ला अदालतको राय सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुर र उच्च अदालत पाटनको राय सम्बन्धमा विचार गर्दा यी प्रतिवादीहरूले मृतक वेदप्रसाद देवकोटालाई जोखिमी हतियार प्रयोग गरी मारेको नदेखिए तापनि प्रतिवादीहरूले आफूहरूसँग काम गर्ने साथीलाई बाहिरको मानिस आएर काम गरेको र आफूहरूसँग मिल्न नसकी झै-झगडा गरेको भन्ने रिसइवीको कारण मार्ने योजना बनाई प्रतिवादी उज्वल भन्ने हेमबहादुर भुजेलको होटलमा खाना खाई सोही होटलमा प्रतिवादी गोविन्द मग्राती सँगसँगै सुतेको अवस्थामा प्रतिवादीहरू मिली मृतकको मुख, नाक, घाँटी थिची न्यौपाने खोला बगरमा लगी प्रतिवादीहरूले ढुङ्गा तथा लाठीले कुटपिट तथा घाँटी थिची योजनाबद्ध तरिकाले क्रूरतापूर्वक सामूहिक रूपमा जाहेरवालाको भाइ वेदप्रसाद देवकोटाको हत्या गरी सुनकोशी नदीमा फालेका र यी प्रतिवादीहरूले अदालतमा बयान गर्दा आफूहरूले गरेको कसुरमा इन्कार रही न्याय सम्पादन गर्ने कार्यमा अदालतलाई असहयोग गरेको देखिएको स्थितिमा यी प्रतिवादीहरूलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम राय लगाई कम सजाय गर्न न्यायको रोहमा कदाचित मिल्ने नदेखिएकोले उक्त नं. बमोजिम प्रतिवादीहरूलाई जनही १० वर्ष कैद गर्न जाहेर गरेको सुरू जिल्ला अदालतको राय सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुर र उच्च अदालत पाटनको राय सदर नहुने।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल पुस ५ गते रोज ५ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-WO-१००७, उत्प्रेषण, *सुमनकुमार श्रेष्ठ वि. श्रम अदालत, अनामनगरसमेत*

तनुष टेक्सटाइल इन्डस्ट्रिज प्रा.लि.को व्यवस्थापकहरूलाई कर्मचारीहरूले थुनछेक गरेको देखिन्छ तर उक्त विवाद को कसले गरेको भन्ने कुरा प्रमाणबाट यकिन हुन सकेको देखिँदैन। यी विपक्षीहरू नारायणप्रसाद पटेल र सोस्तालाल पटेल वारदातमा संलग्न नरहेको भनी कसुरमा इन्कार रही स्पष्टीकरण पेस गरेको उक्त स्पष्टीकरण पेस गरेको पत्रको बेहोराबाट देखिन्छ । निवेदन दाबीबमोजिम तनुष टेक्सटाइल इन्डस्ट्रिज प्रा.लि.को व्यवस्थापकहरूलाई निजहरूले नै थुन्ने कार्य गरेका हुन् भन्ने कुरा कुनै पनि प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

विपक्षीहरूले श्रम ऐन, २०४८ को दफा

५१(क) बमोजिमको कसुर गरेको भन्ने वस्तुनिष्ठ आधार, कारण र प्रमाणबाट पुष्टि भएको अवस्थामा मात्र उक्त ऐनको दफा ५२(४) बमोजिम कर्मचारीलाई प्रतिष्ठानको सेवाबाट हटाउने निर्णय प्रतिष्ठानले गर्न सक्दछ । प्रस्तुत विवादमा यी निवेदकले विपक्षी नारायणप्रसाद पटेल र सोस्तालाल पटेलले श्रम ऐन, २०४८ को दफा ५१(क) बमोजिमको कसुर गरेको भन्ने कुरा पुष्टि हुने वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको नदेखिने ।

विपक्षीहरूसमेत गरी चारजना व्यक्तिहरूउपर उजुरी परेकोमा अन्य व्यक्तिहरूसँग स्पष्टीकरण सोधिएकोसमेत देखिँदैन । यी विपक्षीहरूले आफूहरूलाई वारदातको दिन प्रतिष्ठानमा बोलाउने व्यक्तिहरूको नामसमेत उल्लेख गरी स्पष्टीकरण पेस गरेकोमा प्रतिष्ठानको तर्फबाट निजहरूलाई बुझ्नेसमेतको कार्य गरेको देखिँदैन । उक्त कम्पनीमा कर्मचारीको हकहितको लागि स्थापित कर्मचारी युनियन रहेको र सो युनियनको नेतृत्व चन्द्रेश्वर शाहले गरेको भनी स्पष्टीकरणमा उल्लेख गरेको अवस्थामा निज चन्द्रेश्वर शाहलाई समेत बुझिएको नदेखिने ।

श्रम अदालत अनामनगर, काठमाडौंले मिसिल संलग्न प्रमाणहरूको विश्लेषण र विवेचना गरी लिखित जवाफ प्रस्तुतकर्ता कर्मचारीहरूले श्रम ऐन, २०४८ को दफा ५१(क) बमोजिमको कसुर गरेको स्थापित नभएको हुँदा निवेदकले दफा ५१(क) को कसुरमा ऐ. ऐनको दफा ५२(४) बमोजिम सेवाबाट हटाउने गरी गरेको निर्णय श्रम ऐनको उक्त कानूनी व्यवस्थाको प्रतिकूल भएको हुँदा उक्त निर्णय बदर गरी निजहरूले साबिकको पदमा पुनर्बहाली पाउने र छुटेको अवधिको पारिश्रमिकसमेत पाउने भनी गरेको फैसला कानूनसम्मत रहेकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

अतः विवेचित आधार र कारणसमेतबाट यी विपक्षीहरूलाई श्रम ऐन, २०४८ को दफा ५१(क) को कसुरमा सोही ऐनको दफा ५२(४) बमोजिम प्रतिष्ठानको सेवाबाट हटाउने गरी मिति २०६८।५।१४ मा भएको निर्णयलाई बदर गरी निजहरूले प्रतिष्ठानको साबिक पदमा पुनर्बहाली पाउने र छुटेको अवधिको पारिश्रमिकसमेत पाउने ठहऱ्याई श्रम अदालत काठमाडौंबाट मिति २०६९।८।८ मा भएको फैसलामा कुनै कानूनी त्रुटिको विद्यमानता नदेखिएको हुँदा निवेदकको मागअनुसारको आदेश जारी गर्नुपर्ने देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल भदौ ३१ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-WO-०१९७, उत्प्रेषण, *महेशकुमार जाजु वि. श्रम अदालत, अनामनगरसमेत*

कम्पनीमा कार्यरत कर्मचारीलाई सेवाबाट हटाउने जस्तो काममा निर्णय गर्दा निजलाई प्रतिवादको मौका दिई निजबाट पेस भएको स्पष्टीकरणको उचित मूल्याङ्कन गर्दा चित्त नबुझेमा वा निजले तोकिएको म्यादभित्र स्पष्टीकरण पेस नगरेको अवस्थामा मात्र निजलाई सेवाबाट हटाउनु पर्नेमा सो नगरी यी विपक्षी विनोद मेहत्तरलाई प्रतिवादको मौका नै नदिई सेवाबाट हटाएको मिसिल संलग्न प्रमाण कागजातबाट देखिने ।

प्रतिवादको मौका पाएको कुरा व्यावहारिक रूपमा नै देखिनु पर्दछ । प्रतिवादको मौका दिने कुरा केवल औपचारिकताको लागि मात्र नभई सम्बन्धित व्यक्तिले आफ्नो भनाई पेस गर्ने अधिकारको विषय हुने ।

विपक्षी विनोद मेहत्तरले मिति २०७०।९।८ मा मात्र पत्र प्राप्त गरेको भन्ने तथ्यलाई निवेदकले अन्यथा भन्न सकेको पनि देखिँदैन । आफूले पठाएको सूचना सम्बन्धित कर्मचारीले प्राप्त गऱ्यो या गरेन भन्ने यकिन नगरी निजले सूचना प्राप्त गर्नुभन्दा अगावै गरेको निर्णय बदर गर्ने गरी गरेको श्रम अदालत काठमाडौंको फैसलाले निवेदकको कानूनी एवम् संवैधानिक हक अधिकारमा कुनै किसिमको आघात पुगेको मान्न मिल्ने नदेखिने ।

श्रम अदालत अनामनगर, काठमाडौंले मिसिल संलग्न प्रमाणहरूको विश्लेषण र विवेचना गरी लिखित जवाफ प्रस्तुतकर्ता विपक्षी विनोद मेहत्तरले श्रम ऐन, २०४८ को दफा ५१(क) बमोजिमको कसुर गरेको स्थापित नभएको हुँदा निवेदकले दफा ५१(क) को कसुरमा ऐ. ऐनको दफा ५२(४) बमोजिम सेवाबाट हटाउने गरी गरेको निर्णय श्रम ऐनको उक्त कानूनी व्यवस्थाको प्रतिकूल भएको हुँदा उक्त निर्णय बदर गरी निज विनोद मेहत्तरले साबिकको पदमा पुनर्बहाली पाउने र छुटेको अवधिको पारिश्रमिकसमेत पाउने भनी गरेको फैसला कानूनसम्मत रहेकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

अतः माथि विवेचित आधार र प्रमाणसमेतबाट यी विपक्षी विनोद मेहत्तरलाई सेवाबाट हटाउने गरी एसियन थाई फुड्स प्रा.लि. बाट मिति २०७०।९।५ मा भएको निर्णय त्रुटिपूर्ण रहेको हुँदा उक्त निर्णय बदर हुने ठहऱ्याएको श्रम अदालत काठमाडौंको मिति २०७१।१।२४ को फैसला कानूनसम्मत रहेकोले निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल भदौ ३१ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-WO-०२०२, उत्प्रेषण, *ओमनारायण कर्माचार्य वि. श्रम अदालत, अनामनगरसमेत*

विपक्षी नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, धुलिखेल रूट इकाई समितिमा १० जना वा सोभन्दा बढी कामदार वा कर्मचारी कार्यरत रहेको अवस्था भएमा मात्र निज निवेदकको हकमा श्रम ऐन, २०४८ मा भएका कानूनी व्यवस्था लागू हुने ।

निवेदकले काम गरेको विपक्षी समितिले नै १० जनाभन्दा कम कामदार वा कर्मचारी रहेकोले निवेदकको हकमा श्रम ऐन, २०४८ मा भएको कानूनी व्यवस्था लागू हुने अवस्था नरहेको भनी लिखित जवाफ पेस गरेको देखिन्छ । नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, धुलिखेल रूट इकाई समितिमा १० जना वा सोभन्दा बढी कामदार वा कर्मचारी कार्यरत रहेका छन् भनी निवेदकले वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिँदैन । दश जनाभन्दा कम कामदार वा कर्मचारी कार्यरत रहेको प्रतिष्ठानमा काम गर्ने कामदार वा कर्मचारीको हकमा नेपाल सरकारको मिति २०४९।१२।१७ को राजपत्रमा प्रकाशित सूचनामा उल्लेख भएका व्यवस्था मात्र लागू हुने देखिएको अवस्थामा श्रम ऐन, २०४८ मा भएका व्यवस्था निज निवेदकको हकमा लागू हुने नदेखिने ।

उत्प्रेषणको रिट जारी हुनको लागि निवेदकको कानूनी वा संवैधानिक हकमा आघात पुगेको र निवेदकको हकदैया स्थापित भएको हुनुपर्दछ । मातहत अदालत वा अर्धन्यायिक निकायबाट भएको निर्णय प्रथमत: गैरकानूनी रहेको अवस्थामा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गर्न अदालतबाट आदेश जारी हुने ।

निवेदकको हकमा श्रम ऐनको व्यवस्था आकर्षित नहुने देखिएबाट प्रस्तुत मुद्दामा निवेदकको कानूनी वा संवैधानिक हक अधिकारमा आघात पुगेको अवस्था देखिन आएन । यसरी निज निवेदकको हकमा श्रम ऐन, २०४८ का कानूनी व्यवस्था लागू हुन नसक्ने भन्ने नेपाल सरकारको मिति २०४९।१२।१७ को राजपत्रमा प्रकाशित सूचनामा उल्लेख भएका कानूनी व्यवस्थासमेतबाट देखिएको अवस्थामा निज निवेदकलाई समितिको सेवाबाट हटाएको निर्णयउपर श्रम अदालतमा पुनरावेदन गर्ने हकदैया नै नरहेको देखिँदा सो आधारमा निवेदकको पुनरावेदन खारेज हुने ठहऱ्याएको श्रम अदालतको फैसला कानूनसम्मत नै देखिन आएकोले आधिकारिक निकायबाट भएको कानूनसम्मत फैसला निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गर्न नमिल्ने ।

अतः विवेचित आधार र कारणसमेतबाट

श्रम अदालत काठमाडौंबाट मिति २०७०।१२।२६ मा भएको त्रुटिपूर्ण फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरी नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, धुलिखेल रूट इकाइ समितिको सेवामा पुनर्बहाली गरी छुट अवधिको तलबभत्तासमेत दिलाई दिनु भनी विपक्षीका नाममा परमादेको आदेश जारी गरिपाउँ भन्ने निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७५ साल भदौ ३१ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०५९४ र ०७२-CR-१०८३, कर्तव्य ज्यान, *शारदा पासी कोरी वि. नेपाल सरकार* र *राजेन्द्र कुर्मी वि. नेपाल सरकार*

प्रतिवादी शारदा पासी कोरीले अदालतमा समेत श्रीमान् राजेन्द्र कुर्मीको घरमा जान्छु भनेका र भोलिपल्ट लास भेट्टिएकाले निज राजेन्द्र कुर्मीले नै मारेको हुनुपर्छ भनी बयान गरेको देखिन्छ। प्रतिवादी राजेन्द्र कुर्मीले अदालतमा बयान गर्दा गयाप्रसादलाई प्रहरीले पक्राउ गरेका र मलाई पनि पक्राउ गर्छन् भन्ने डरले भागेको हुँ। भागेको कारण शारदा पासी कोरीले जाहेरी दिएकी हुनसक्छिन् भनी उल्लेख गरेको देखिन्छ। त्यस्तै निजले बयानमा प्रहरीमा कागज गर्ने बेचेलाल लोधले आफू स्कुलको अध्यक्ष पदमा उठेकामा मैले अन्य मुस्लिम उम्मेदवारलाई समर्थन गरेका कारण रिसइबी लिएर मेरोसमेत संलग्नतामा कर्तव्य गरी ज्यान मारेको हो भनी उल्लेख गरेका हुन् भने पनि निजले उक्त स्कुलको नाम, निर्वाचन मिति र अध्यक्षमा को विजय भयो भनी खुलाउन सकेको देखिँदैन। आफूले नमारेको भए प्रतिवादी घटनापछि फरार रहनु पर्ने अवस्था देखिँदैन भने शारदा पासी कोरीसँग कुनै रिसइवी थिएन भनेबाट निजले समेत त्यतिकै पोल गर्नुपर्ने कारण देखिँदैन। यसरी प्रतिवादी शारदा पासी कोरीको अनुसन्धान अधिकारी र अदालतको बयान बेहोरा, जाहेरी दरखास्तको बेहोरा, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागज गर्नेहरूले लेखाई दिएको बेहोरासमेतबाट यी प्रतिवादी राजेन्द्र कुर्मीको संलग्नतामा नै मृतक विजयकुमार कोरीको मृत्यु भएको देखिन आउने।

प्रतिवादी शारदा पासी कोरीले अनुसन्धान अधिकारीसमक्षको बयानमा मेरो सासूले आफू मर्नुअगाडि श्रीमान्लाई बेलौतीको रूखमुनि चाँदीका गहना राखेको भनी भनेअनुसार बेलौतीको रूखमुनि खन्दा चाँदीका गहना भेटिएका र उक्त गहना बेच्न भनी राजेन्द्र कुर्मी र हक्कल भन्ने राम फेरन कोरीसमेत ४ जना गएका हुन्। बिक्री गर्न जाने क्रममा हक्कल भन्ने राम फेरन कोरीले तिमीलाई के ल्याइदिने हो भनेकामा मैले कंगन ल्याइदिन भनेकी थिएँ। निजले नापो ल्याउ भनेपछि मैले हातमा लगाएको पहेलो रंगको कंगन दिएकी हुँ। उक्त कंगन वारदात हुनु ८/९ दिनअगाडि शैलेन्द्र बर्माले मलाई लगाउन दिएकी थिइन्। वारदातस्थलमा फेला परेका उक्त कंगन निजहरूले मेरो श्रीमान्लाई मार्ने क्रममा फुटाली फालिदिएको हुनुपर्छ। निजहरूले नै सो चाँदीका गरगहना लिने खाने नियतका साथ मेरो श्रीमान्लाई मारेका हुन् भनी बयान गरेको देखिन्छ। निजले अदालतमा बयान गर्दासमेत उक्त चाँदीका गरगहना खाने नियतले राजेन्द्र कुर्मीसमेतले मारेका हुन् भनी लेखाएको पाइन्छ। घटना विवरण गर्ने पुनम बर्माले घटना हुनु १० दिन पहिले मैले निज शारदा पासी कोरीलाई १ थान पहेलो रंगको कंगन दिएकी थिएँ भनी उल्लेख गरेबाट प्रतिवादी शारदा पासी कोरीको भनाइलाई पुष्टि गरेको देखिन्छ। निज प्रतिवादीसमेतको संलग्नतामा मृतकलाई कर्तव्य गरी मारेको भए निजको हातमा रहेका कंगन फुट्दा कुनै चोटपटक लाग्नु पर्नेमा सो नदेखिएको र कुनै संघर्षको चिह्नसमेत नदेखिएको अवस्थामा अनुमानको भरमा निजको समेत संलग्नतामा मृतकलाई कर्तव्य गरी मारेको भन्ने देखिन आएन। यस्तो अवस्थामा अनुमानको भरमा निज प्रतिवादी शारदा पासी कोरीलाई सजाय गर्नु फौजदारी न्यायको

सिद्धान्तको प्रतिकूल हुने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी राजेन्द्र कुर्मीको हकमा निजले मृतकलाई कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले पुनरावेदन अदालत नेपालगन्जबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर ठहर गरी अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद गर्ने राय व्यक्त गरेको फैसला मिलेकै देखिँदा सदर हुने र प्रतिवादी शारदा पासी कोरीको हकमा निजले मृतकलाई कर्तव्य गरी मारेको भन्ने कुनै प्रमाणबाट पुष्टि हुन नआएकोले पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला उल्टी भई अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१६५० र ०७३-CR-०२२७, कर्तव्य ज्यान र जबरजस्ती करणी उद्योग, *शैलेन्द्रकुमार महतो वि. नेपाल सरकार र नेपाल सरकार वि. गगनकुमार राम*

घटनाका प्रत्यक्षदर्शी रहेका त्रिपित रायले अनुसन्धानका क्रममा र अदालतमा समेत यी प्रतिवादीहरू सोभितलाल महतो भन्ने शैलेन्द्रकुमार महतो रामसागर सदायले मृतकको घाँटी हँसियाले रेटी कर्तव्य गरी मारेको प्रत्यक्ष देखेको हुँ भनी लेखाइदिएको पाइएको छ । यी प्रतिवादीहरूले अनुसन्धानका क्रममा आफूहरूले मृतकलाई पानी परिरहेको समयमा ट्र्याक्टरमुनि जबरजस्ती करणी गर्न खोज्दा निज रून कराउन थालेकोले पोल खुल्छ भन्ने डरले हँसियाले घाँटी रेटी मारेको भनी लेखाई दिएको पाइन्छ । दुवै प्रतिवादीहरूले घटनाक्रमसमेत उल्लेख गरी अनुसन्धानमा गरिदिएको बयानको भनाइ एकआपसमा घटनाक्रमसहित मिल्न आएको पाइन्छ । निजहरूको अनुसन्धानको बयानको तथ्य त्रिपित रायको अनुसन्धानको र अदालतको बकपत्र बेहोराबाट समेत पुष्टि हुन गएको पाइन्छ । साथै घटनास्थल लास जाँच मुचुल्का, पोस्टमार्टम रिपोर्टलगायतका वस्तुगत प्रमाणहरूबाट पनि हँसियाले घाँटी रेटी मारेको देखिई निजहरूको अनुसन्धानको बयान समर्थित हुन आएको छ। निजहरूको अदालतको इन्कारी बयान कहीँकतैबाट समर्थित हुनसमेत आएको देखिँदैन। यस्तो मिसिल संलग्न प्रमाणहरूबाट समर्थित भइरहेको र निजहरूको अनुसन्धानको बयानलाई झुट्ठा रहेछ भनी भन्न नसकिने।

पुनरावेदक / प्रतिवादीहरू सोभितलाल महतो भन्ने शैलेन्द्रकुमार महतो र रामसागर सदायले मृतकलाई जबरजस्ती करणी गर्न खोज्दा निज मृतकले नमानी कराउन थालेपछि पोल खुल्छ भन्ने डरले हँसियाले मृतकको घाँटी रेटी कर्तव्य गरी मारेको भन्ने तथ्य स्थापित भएको छ । यसबाट यी पुनरावेदक / प्रतिवादीहरूले जबरजस्ती करणीको उद्योगको कसुर र कर्तव्य ज्यानको कसुर गरेको पुष्टि हुन आएको छ । त्यसैले निज प्रतिवादीहरूलाई जबरजस्ती करणीको उद्योगको कसुरमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम ४ वर्ष कैद सजाय र ऐ. ऐनको ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने तथा ठूलो सजाय भइसकेको अवस्थामा सानो सजाय नहुने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिन आउने।

गगनकुमार रामउपर किटानी जाहेरी परेको देखिँदैन । निज अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दासमेत कसुरमा इन्कार रहेको पाइन्छ । घटनाका प्रत्यक्षदर्शी त्रिपित रामले यी प्रतिवादीको समेत वारदातमा संलग्नता रहेको भनी अनुसन्धानका क्रममा र अदालतमा समेत भन्न सकेको पाइँदैन । निजको सर्टमा लागेको रातो पदार्थ रगत नभएको भन्ने जाँच प्रतिवेदनबाट देखिन आएको छ । त्यस्तै सहप्रतिवादीहरू सोभितलाल महतो भन्ने शैलेन्द्रकुमार महतो र रामसागर सदायले

अनुसन्धानमा बयान गर्दा आफूहरू २ जनाको मात्र उक्त वारदातमा संलग्नता रहेको तथा यी प्रत्यर्थी / प्रतिवादी गगनकुमार रामको वारदातमा कुनै संलग्नता नरहेको भनी लेखाइदिएको पाइन्छ । यसरी मिसिल संलग्न कागज प्रमाणहरू हेर्दा यी प्रतिवादी गगनकुमार रामको वारदातमा संलग्नता रहेको पुष्टि हुने कुनै आधार प्रमाण रहेको देखिन नआउने ।

वादी नेपाल सरकारले त्रिपित रायले शोभित महतोले मृतकको घाँटी रेट्दा अन्य २ जना लेवरहरू रहेको भनी अनुसन्धानका क्रममा बताएको र अदालतमा गगनले जगल्टा समातेको भनी अदालतमा गरेको बकपत्रको स.ज. २४ मा समेत उल्लेख गरेकोले निजको पनि वारदातमा संलग्नता रहेको पुष्टि हुन्छ भनी जिकिर लिए पनि निजले अनुसन्धानको कागज २ जना लेवरमा यी गगनकुमार राम नै रहे भएको भनी यकिनसाथ भन्न सकेको पाइँदैन । त्यस्तै अदालतको बकपत्रको स.ज. २४ मा गगनकुमार रामले जगल्टा समातेको भनेपनि सोही बकपत्रको स.ज. १५ मा कसले कुन अङ्ग समातेको थियो, मैले टाढाबाट देख्न सकिन भनी लेखाइदिएको पाइन्छ । यसबाट निजको गगनकुमार रामले मृतकको जगल्टा समातेको भन्ने भनाइ सत्य रहेछ भनी मान्न सकिँदैन । निजले आफ्नो बकपत्रमा अन्यत्र कहीँकतै निज गगनकुमारको संलग्नता रहेको भनी भन्न सकेको छैन । यसरी यी प्रतिवादी गगनकुमार रामको वारदातमा संलग्नता रहेको भन्ने कुरा कुनै प्रमाणबाट समर्थित र स्थापित हुन नसकेको अवस्थामा निजलाई अभियोग दाबीअनुसार सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार प्रमाणहरूबाट प्रतिवादीहरू सोभितलाल महतो भन्ने शैलेन्द्रकुमार महतो एवम् रामसागर सदायले राधा कुमारी रायलाई जबरजस्ती करणीको उद्योग गरी कर्तव्य गरी मारेको देखिएकोले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने, कर्तव्य ज्यानमा सजाय भइसकेको र उक्त सजाय ठूलो सजाय भएकोले जबरजस्ती करणी उद्योगमा केही गरिरहनु नपर्ने र यी प्रत्यर्थी / प्रतिवादी गगनकुमार रामले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई सुरू सिराहा जिल्ला अदालतबाट मिति २०७०।११।२७ मा भएको फैसला निज शैलेन्द्रकुमार महतो र रामसागर सदायलाई जबरजस्ती करणीको उद्योगमा सजायसम्म नतोकेको हदसम्म मात्र केही उल्टी गरी निजहरूलाई सो कसुरमा जबरजस्ती करणीको महलको ५ नं. बमोजिम ४ वर्ष कैद सजाय हुने, निजहरूलाई ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने, यो सजाय ठूलो भएकोले जबरजस्ती करणी उद्योगमा भएको ४ वर्षको कैद सजाय कार्यान्वयन गर्नु नपर्ने र प्रत्यर्थी / प्रतिवादी गगनकुमार रामले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।३।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यदुराज शर्मा
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७४ साल मङसिर १४ गते रोज ५ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०९१०, उत्प्रेषण, राम सोभित कुर्मी वि. पुनरावेदन अदालत जनकपुरसमेत

निवेदकले निवेदनसाथ पेस गरेको २०७०।११।३ को जायजात तथा तायदात मुचुल्का, २०७०।१२।३० को पञ्चकिर्ते मूल्याङ्कन मुचुल्का, मिति २०७१।२।७ को पहिलो डाँक लिलाम मुचुल्का र मिति २०७१।३।१७ को दोस्रो डाँक लिलाम मुचुल्काको छायाँप्रति हेर्दा सबै मुचुल्काहरूमा यी रिट निवेदक राम सोभित कुर्मी रोहबरमा बसी सहिछाप

गरेको देखिन्छ । जसबाट अदालतले अपनाएको सम्पत्ति लिलाम प्रक्रियामा निवेदक स्वयम् सहभागी भएको पाइने।

उक्त जायजात तथा तायदात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कन मुचुल्का, पहिलो तथा दोस्रो डाँक लिलाम मुचुल्का सबैमा रोहबरमा बसिदिनु हुनको लागि जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(६) बमोजिम सम्बन्धित निकायलाई पत्राचार भएको भन्ने कुरा उक्त लिलामसम्बन्धी प्रक्रियामा भएका मुचुल्काबाट देखिने।

लिलामसम्बन्धी कारबाहीमा निवेदकलाई आफैँले सो जग्गा सकार गरी लिनसक्ने मौका रहेकोमा सो मौकामा उदासिन भएकै कारण लिलामसम्बन्धी प्रक्रिया अगाडि बढी विपक्षी शिवशङ्कर सहनीले लिलाम सकार गरेको देखिन्छ । सो लिलामसम्बन्धी प्रक्रिया र लिलाम डाँक हुँदासमेत रिट निवेदकको उपस्थिति रही ती मुचुल्काहरूलाई मान्यता दिइरहेको पनि देखियो। यस अवस्थामा अहिले आएर बिगो रकम सकार गर्न तयार छु भनी निवेदन दिएको आधारमा रीतपूर्वक भए गरेको लिलाम प्रक्रियालाई गैरकानूनी भन्न नमिल्ने।

अत: विवेचित आधार एवम् कारणहरूबाट पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।१२।२७ मा भएको आदेश त्रुटिपूर्ण देखिन आएन । तसर्थ, निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गरी रहनुपर्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विदुरकुमार उपाध्याय

इति संवत् २०७४ साल वैशाख १४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०३११, उत्प्रेषण / परमादेश, *हरिप्रसाद शर्मा आचार्य वि. फैसला कार्यान्वयन अधिकारी, काठमाडौं जिल्ला अदालतसमेत*

फैसला कार्यान्वयन अधिकारीबाट फैसला कार्यान्वयनको कारबाही पृथक क्षतिपूर्ति मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन परेको आधारमा फैसला कार्यान्वयन तामेलीमा राख्न न्यायोचित नहुने हुँदा बहालसमेत मुद्दाको फैसला कार्यान्वयन तामेलीमा राख्न मिलेन कानूनबमोजिम गर्नु भन्ने मिति २०७१।११।२७ मा आदेश भएकोमा सो आदेशउपर परेको मुलुकी ऐन, अ.बं. ६१ नं. बमोजिमको निवेदनमा काठमाडौं जिल्ला अदालतबाट फैसला कार्यान्वयन अधिकारीबाट मिति २०७१।११।२७ मा भएको आदेश मिलेकै देखिँदा केही परिवर्तन गरिरहनु परेन भनी मिति २०७२।३।४ मा आदेश भएको पाइने।

पुनः सो आदेशउपर मुलुकी ऐन, अ.बं.१७ नं. बमोजिम परेको निवेदनमा पुनरावेदन अदालत पाटनबाट फैसला कार्यान्वयन अधिकारीबाट भएको आदेश सदर गर्ने गरी भएको त्यस अदालतको मिति २०७२।३।४ को आदेश बेरीतको नदेखिँदा परिवर्तन गर्नुपर्ने देखिएन भन्ने मिति २०७२।५।२५ मा आदेश भएको देखिने।

फैसलाअनुसार कार्यान्वयन गर्ने विषय अन्यथा प्रमाणित नभएमा रोक्नुपर्ने हुँदैन । फैसलाको अन्तिमताको सिद्धान्त (Principal of finality of case) अनुसार पनि दुई तहका अदालतबाट फैसला भएको अवस्थामा फैसला कार्यान्वयनलाई रोक्न मिल्ने हुँदैन। फैसलाअनुसार कार्यान्वयन पनि समयमै हुनुपर्ने।

निवेदनले क्षतिपूर्ति पाउँ भनी दिएको विषय छुट्टै कानूनी प्रक्रियाअनुसार उपचार प्राप्त गर्नसक्ने स्थिति रहेको हुन्छ। बहाल भराई पसल कवल खाली गराइ पाउँ भन्ने मुद्दाको फैसला अन्तिम भइरहेको स्थितिमा उक्त क्षतिपूर्तिको विषयले अन्तिम भइरहेको फैसला कार्यान्वयनको प्रक्रियालाई रोक्नुपर्ने कुनै कानूनी आधार नदेखिने।

तसर्थ, विवेचित आधार एवम् कारणहरूबाट सुरू काठमाडौं जिल्ला अदालतको आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।५।२५ को आदेश कानूनबमोजिम नै हुँदा

निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृतः विदुरकुमार उपाध्याय
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७४ साल वैशाख १४ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७२-WO-०३१०, उत्प्रेषण / परमादेश, *हरिप्रसाद शर्मा आचार्य वि. फैसला कार्यान्वयन अधिकारी, काठमाडौं जिल्ला अदालतसमेत* भएको रिट निवेदनमा पनि यसैअनुसार आदेश भएको छ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-WO-०६४२, उत्प्रेषण / परमादेश, *चन्द्रकला गुरूङ वि. रामबहादुर गुरूङसमेत*

तायदाती फाँटवारीमा यी विपक्षीमध्येका लिला गुरूङ र कल्पना गुरूङले लोग्नेबाट अंश लिई सम्बन्ध विच्छेदसमेत हुने गरी मिति २०७२।२।५ मा मिलापत्र गरेको देखियो। लिला गुरूङ र रामबहादुर गुरूङबिचमा भएको मिलापत्र बदर गरिपाउँ भनी यी रिट निवेदिकाले ०७१-CP-११८० को मिलापत्र बदर नामसारी मुद्दा रूपन्देही जिल्ला अदालतमा दायर गरेकोमा वादी दाबी नपुग्ने ठहरी फैसला भएको देखियो। रूपन्देही जिल्ला अदालतबाट भएको उक्त फैसलालाई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट सदर हुने गरी मिति २०७३।१०।२ मा फैसला भएको देखिने।

०७१-CP-११६९ को अंश नामसारी मुद्दामा तायदाती माग गर्दा सो मिलापत्रलाई आधार लिई लिला गुरूङ र कल्पना गुरूङलाई बाहेक गरी सम्पत्तिको तायदाती फाँटवारी लिने गरी रूपन्देही जिल्ला अदालतबाट आदेश भएकोमा सो आदेशउपर मुलुकी ऐन, अ.बं.१७ नं. बमोजिम परेको निवेदनमा पुनरावेदन अदालत बुटवलबाट उक्त आदेशलाई सदर गर्ने गरी आदेश भएको देखियो। प्रस्तुत रिट निवेदनमा उक्त आदेश गर्ने अदालतहरूलाई विपक्षी बनाइएको पनि देखिएन। अदालतबाट भएको फैसला प्रमाणहरूलाई दृष्टिगत गर्दा तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।१०।२१ मा भएको आदेश त्रुटिपूर्ण देखिन आएन। प्रस्तुत रिट खारेज हुने।
इजलास अधिकृतः कृति थापा
कम्प्युटर: देविना खतिवडा
इति संवत् २०७५ साल असार १३ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-११४०, ०७१-CI-११४७, उत्प्रेषण / परमादेश, *जिल्ला विकास समिति, झापाका तर्फबाट अख्तियारप्राप्त ऐ.का स्थानीय विकास अधिकारी फणिन्द्र दाहाल वि. प्रो.मौसम थापा र जिल्ला विकास समिति, झापा वि. प्रो.मौसम थापा*

निवेदक प्रोप्राइटर मौसम थापा, झापाली इन्टरनेसनल इञ्जिनियर एण्ड विल्डर्स, झापा र विपक्षी जिल्ला विकास समिति, झापाको बिचमा झापा जिल्लाको विरिङ टाङटिङ नदीको नदीजन्य बालुवा, गिटी, रोडा, ढुङ्गासमेतका निर्माण सामग्रीको बिक्री मूल्य कर असुल गर्ने सम्बन्धमा बोलपत्र आह्वान भई निज निवेदक मौसम थापाको बोलपत्र स्वीकार गरी प्रक्रिया सङ्गतरूपमा झापाली इन्टरनेसनल इञ्जिनियर एण्ड विल्डर्सले आ.व.२०७१/०७२ को लागि सो नदीजन्य निर्माण सामग्रीको बिक्री मूल्य कर असुलमा ठेक्काको इजाजत मिति २०७१।०३।३२ मा पाएको तथ्य मिसिल संलग्न उक्त इजाजतको प्रतिलिपिबाट देखिन आएको छ। उक्त इजाजत हेर्दा, निवेदकले विरिङ टाङटिङ तथा सो नदीमा मिसिने खहरे खोलाबाट निकालिने निर्माण सामग्रीको बिक्री मूल्य कर शीर्षकमा वार्षिक रू.९१,९१,९११।९१।- कबोल गरी यस कार्यालयबाट मिति २०७१।०२।२० मा स्वीकृत भई छुटसहित एकमुष्ट रकम रू.८२,७२,७२१।- बुझाएकोले मिति २०७१ श्रावण १ गतेदेखि २०७२ आषाढ मसान्तसम्म नदीजन्य निर्माण सामग्री बिक्री मूल्य कर असुल गर्न गराउन भनी मिति २०७१।०३।३२ मा इजाजत पाएको देखिने।

निवेदकलाई इजाजत दिइसकेको अवस्थामा

जिल्ला विकास समितिको कार्यालय, भद्रपुर, झापाबाट मिति २०७१।४।५, च.नं.३० को ठेक्का बदर गरिएको भनी निवेदकलाई पत्र पठाएको पाइन्छ । सो पत्रमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय वातावरण व्यवस्थापन शाखाको च.नं.४५०, मिति २०७१।३।३१ को निर्णयानुसार विरिङ खोलाको चुरे क्षेत्रको केही भागबाट निर्माण सामग्री उत्खनन् एवम् सङ्कलन तथा बिक्री मूल्य कर नउठाउनु भनी लेखिएकोले तपाइँको नाममा आ.व.२०७१/०७२ का लागि सञ्चालन भएको ठेक्का बदर गरिएको छ, बिक्री मूल्य कर असुल नगर्न यो जानकारी गराइएको छ भन्ने बेहोरा रहेको पाइने।

नेपालको चुरे-तराई क्षेत्रमा पर्ने ३६ वटा जिल्ला तोकिएको र सो जिल्लामा रहेको नदीबाट उत्खनन् एवम् सङ्कलन गरिने नदीजन्य निर्माण सामग्रीको नियमन तथा व्यवस्थापन गर्न आफ्नो मातहतको ७५ वटै जिल्ला विकास समितिको कार्यालयमा निर्देशनात्मक पत्राचार गरेको देखिन आयो। चुरे-तराई क्षेत्रमा पर्ने नदीनालाहरूबाट नदीजन्य निर्माण सामग्रीहरूको उत्खनन् सङ्कलनमा सम्म रोक लगाइएको पाइन्छ। विरिङ नदीको केही भाग चुरे क्षेत्रमा परेको देखिन्छ भने बाँकी भाग तराईमा परेको देखिन्छ । चुरे क्षेत्रमा परेको नदीको नदीजन्य निर्माण सामग्रीको उत्खनन् एवम् सङ्कलनको कार्यसम्म रोक लगाएको वातावरण व्यवस्थापन विभागको पत्रले विरिङ नदीको तराईमा पर्ने अन्य भागबाट उत्खनन् एवम् सङ्कलन हुने निर्माण सामग्रीसमेतमा रोक लगाएको भन्न मिल्ने नदेखिने।

निवेदकले नदीजन्य पदार्थको उत्खनन् र सङ्कलनको ठेक्काको इजाजत प्राप्त गरेको नभई नदीजन्य निर्माण सामग्रीको बिक्री मूल्य कर असुल गर्ने गराउनेसम्मको कार्यको ठेक्का इजाजत प्राप्त गरेको देखिन्छ। निवेदकले आ.व.२०७१/०७२ को १ वर्षको लागि सो बिक्री मूल्य कर असुल गर्ने अख्तियारी पाएकोमा सो अवधि व्यतित भइसकेको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सो निर्णयको आधारमा निवेदकलाई सुनुवाइको कुनै मौका नै नदिई ठेक्का रद्द गर्ने गरेको मिति २०७४।४।४ को निर्णय र बिक्री मूल्य कर ठेक्का बदर गरी बिक्री मूल्यकर असुल नगर्नु भनी मिति २०७१।४।५, च.नं.३० को पत्रसमेत बदर गर्ने गरेको पुनरावेदन अदालत इलामको फैसला अन्यथा भन्न नमिल्ने।

अतः जिल्ला विकास समितिको कार्यालय, झापाबाट भएको मिति २०७१।४।४ को निर्णय र सोको आधारमा आ.व.२०७१।०७२ को बिक्री मूल्य कर असुल गर्ने ठेक्का बदर गरी बिक्री मूल्य कर असुल नगर्नु हुन भनी निवेदकलाई दिइएको मिति २०७१।४।५, च.नं.३० को पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको र निवेदकलाई मिति २०७१।३।३२, च.नं.३८५० को इजाजत पत्रबमोजिम निर्माण सामग्री बिक्री मूल्य कर उठाउन दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर गरी पुनरावेदन अदालत इलामबाट मिति २०७१।६।२९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

कम्प्युटर : देविना खतिवडा

इति संवत् २०७५ साल जेठ ३० गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-०२४७, निषेधाज्ञा, तारानाथ अधिकारी वि. भरत रायमाझी

निवेदक भरत रायमाझीको दाबीबमोजिम जिल्ला विकास समिति, कास्कीले सिसौघारी घुमाउने घाटको ढुङ्गा, गिट्टी, बालुवा, रोडाको बिक्री ठेक्का सिम्रन कन्सट्रक्सन प्रा.लि. लाई आ.व.२०७१/०७२ र २०७२/०७३ को लागी ठेक्का दिएको तथ्यमा विवाद देखिँदैन। दाबीको कि.नं.११८५, ११८७, ११८९ र १२१० समेतका जग्गाहरू निवेदक भरत रायमाझीको नाउँमा दर्ता रहेको तथ्य प्रमाणको रूपमा पेस भएको जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिन आएको छ। निवेदकको नाउँमा दर्ता भएको जग्गाहरूमा हकबेहकको कुनै प्रश्न तत्काल रहेको देखिन नआएको

अवस्थामा सो जग्गाहरू निवेदकको निर्विवाद हकमा रहेको देखिन आउने।

आफ्नो क्षेत्रभित्रको नदीनालाको रोडा, बालुवा, ढुङ्गा गिटीको बिक्री गरी त्यसबाट आएको रकम जनकल्याण कार्यमा सदुपयोग हुने, निवेदकसमेतले सो ठेक्काको माग गरेको तर निजलाई नपरेकोले झुट्टा निवेदन दिएका हुन् भन्ने लिखित जवाफ तथा पुनरावेदन जिकिर रहेको देखिए तापनि निर्विवाद हकमा रहेको व्यक्तिको जग्गामा कानूनबमोजिम बाहेक कुनै किसिमको हस्तक्षेप गर्न मिल्ने नदेखिने।

आफ्नो हकमा असर पर्नसक्ने आशङ्का नभए निवेदक श्रम, स्रोत र समय खर्च गरी अनावश्यक रूपमा अदालत प्रवेश गर्नुपर्ने मनासिब कारण देखिँदैन। पुनरावेदन अदालत पोखराबाट निवेदकको निर्विवाद हकमा रहेको जग्गामा सम्म कुनै असर पुग्ने किसिमको कार्य नगर्नु नगराउनु भनी विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश जारी भएको देखिने।

निषेधाज्ञाको आदेश विवादित विषयमा निवेदकको निर्विवाद हक वा स्वामित्व भएको हकमा हुनसक्ने सम्भावित अवरोधलाई निषेध गर्न जारी गरिने आदेश हो। विवादित कार्यबाट हुने नोक्सानीलाई रोक्न र बढी हानि हुनबाट बचाउन निषेधाज्ञाको आदेश जारी गरिन्छ। निवेदकको दाबीको निर्विवाद हकमा रहेको देखिन आएको जग्गाहरूमा कुनै किसिमको असर पुऱ्याउने विपक्षीहरूको कार्यलाई पुनरावेदन अदालत पोखराबाट रोक लगाएको देखिने।

विपक्षीहरूको कानूनबमोजिमको अन्य कार्यमा रोक लगाएको पाइँदैन। वस्तुतः निवेदकको निर्विवाद हकमा रहेको जग्गामा पर्नसक्ने विपक्षीको सम्भावित गैरकानूनी कार्यमा सम्म निषेध गरी पुनरावेदन अदालत पोखराबाट भएको आदेश अन्यथा भन्न नमिल्ने।

अतः निवेदकको नाउँमा दर्ता रहेको कि.नं.११८५, ११८७, ११८९ र १२१० समेतको जग्गाहरूमा निवेदको निर्विवाद हक रहेको देखिन आएकोले कानूनबमोजिम बाहेक उल्लिखित जग्गाहरूको चारकिल्लाभित्र निवेदकलाई असर पर्ने गरी कुनै कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७१।१०।२८ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालिबहादुर साम्यु लिम्बू
कम्प्युटर : देविना खतिवडा
इति संवत् २०७५ साल जेठ ३० गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०७२-CI-०२४९, निषेधाज्ञा, *तारानाथ अधिकारी वि. सम्झना रायमाझी* भएको निवेदनमा पनि यसै प्रकृतिको आदेश भएको छ।

## इजलास नं. ११

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-WO-११६४, उत्प्रेषण, *हसिमुन मियाँसमेत वि. नेपाल आयल निगम, बबरमहलसमेत*

नेपाल आयल निगमको पदपूर्ति समितिले मिति २०७३।३।४ मा खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिको लागि गरेको विज्ञापन नेपालको संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाल आयल निगम लि. कर्मचारी प्रशासन विनियमावली, २०६३ (एक्काइसौं संशोधनसहित) को विनियम ४.२ को उपविनियम (५) बमोजिम प्रकाशन भएको देखिन्छ। उक्त विज्ञापनमा आदिवासी / जनजाति, मधेसी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने उम्मेदवारको लागि समावेशी कोटासमेत छुट्याई विज्ञापन गरेको देखिन्छ। उक्त विनियम ४.२ को उपविनियम (५) मा रहेको समावेशी कोटामा संविधानको धारा ५१ को खण्ड (ज) को उपखण्ड (१०) मा भएको व्यवस्थाअनुसार अलग रूपमा मुस्लिम वर्गलाई उल्लेख गरेको देखिँदैन। यस दृष्टिले हेर्दा विवादित विज्ञापन संविधानको

धारा ४२ अनुकूल भएन कि भन्ने प्रतीत हुन्छ । तर नेपालको संविधानको धारा ३०४ को उपधारा (१) मा संविधान प्रारम्भ हुँदाको बखत कायम रहेका नेपाल कानून खारेज वा संशोधन नभएसम्म लागू रहने, तर संविधानसँग बाझिएमा संविधानबमोजिमको संघीय संसद्को पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुने व्यवस्था भएबाट नेपाल आयल निगम कर्मचारी प्रशासन विनियमावली, २०६३ (एक्काइसौं संशोधनसहित) को विनियम ४.२ लाई उल्लिखित एक वर्षको अवधि भुक्तान नहुँदैको अवस्थामा भए गरिएका काम कारबाहीको सन्दर्भमा अमान्य ठहर गर्न मिल्ने नदेखिने ।

तसर्थ विवादित सूचनालाई कानून प्रतिकूल मान्न मिलेन । यसका अतिरिक्त अहिले उक्त विज्ञापनअनुसारको पदपूर्तिसमेत भइसकेको भन्ने जिकिर प्रस्तुत हुन आएको देखिन्छ । निवेदन मागअनुसार आदेश जारी गर्नुपर्ने अन्य कुनै मनासिब कारण देखिँदैन । अत: रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ / डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७५ साल वैशाख १६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६८-CI-०६९५, मध्यस्थकर्ता नियुक्ति गरिपाउँ, *शिवदत्त भट्टराईसमेत वि. जि.फोर. यस. सेक्युरिटिज सर्भिसिज नेपाल प्रा.लि.*

पुनरावेदक प्रतिवादी बिरगन्ज उ.म.न.पा. कार्यालय र ग्रुप फोर फालक नेपाल प्रा.लि. (Guoup 4 Falck Nepal Ltd.) हाल जि.फोर.यस. सेक्युरिटिज सर्भिसेज नेपाल प्रा.लि. बिच २१ अप्रिल २००४ (२०६१।१।९) मा सुरक्षा सेवा उपलब्ध गराउने (Contract for guarding services) सम्बन्धमा भएको लिखित सम्झौताको सम्बन्धमा कुनै विवाद देखिएन । सो सम्झौताअनुसार हालको जि.फोर.यस. सेक्युरिटिज सर्भिसेज नेपाल प्रा.लि.ले मिति मे २००४ देखि अक्टोबर २००४ सम्म सुरक्षा सेवा प्रदान गरेको र सोबापतको रकम भुक्तानी माग गर्दा विपक्षी बिरगन्ज उ.म.न.पा. कार्यालयले रकम भुक्तानी दिनबाट इन्कार गरेको भनी प्रस्तुत विवादको उठान भएको देखिने ।

विवादको समाधनको सम्बन्धमा उक्त करार सम्झौताको भाग १० मा settlement of dispute खण्डअन्तर्गत “Any claims, dispute and or difference arising out of, or relating to this contract including interpretation of its terms will be resolved through joint discussion of authorized representatives of the concerned parties. However, if the disputes are not resolved by the discussions then the matter will be referred for adjudication to the arbitration of a person appointed by the parties in Nepal in accordance with the Nepali laws” भन्ने उल्लेख भएको देखियो । उपर्युक्त settlement of dispute सम्बन्धी सर्तअनुसार पक्षहरूका बिच कुनै विवाद उत्पन्न भएमा सम्बद्ध पक्षहरूले छलफल गरी विवाद समाधान गर्ने र त्यस्तो छलफलबाट विवादको समाधान हुन नसकेमा मध्यस्थकर्ताद्वारा विवाद समाधान गर्ने सर्तलाई दुवै पक्षले स्वीकार गरी सम्झौता भएको देखिने ।

करारका दुवै पक्षहरू निरन्तर संवादमा रहेको भन्ने मिति २०६६।५।८ को Guoup 4 Falck Nepal Ltd. को रकम भुक्तानी पाउँ भन्ने पत्र तथा मिति २०६६।५।११ को बिरगन्ज उपमहानगरपालिका कार्यालयको “ग्रूप ४ फाल्क र बिरगन्ज उपमहानगरपालिकाबिच २१ अप्रिल २००४ मा सुरक्षा सेवा प्रदान गर्ने लिखित सम्झौता भएअनुसार तहाँबाट ६,७६,७००।२० (छ लाख छयहत्तर हजार सात सय रूपैयाँ पैसा बीस) माग भएकोमा यस कार्यालयका तत्कालीन लेखा अधिकृतले प्रक्रिया नपुगेकोले भुक्तानी दिन नमिल्ने भनी प्रशासन शाखामा फायलसमेतको कागजात फिर्ता गरिएकोले सोहीअनुसारको बेहोरा

जानकारीको लागि अनुरोध छ" भन्नेसमेत बेहोराको पत्रहरूबाट देखिने।

21 May, 2004 मा भएको सम्झौतामा सम्झौता कार्यान्वयन गर्दा विवाद उत्पन्न भएमा दुवै पक्षबिच छलफलबाट विवाद समाधान गर्ने र त्यसरी दुई पक्षका बिच छलफल गर्दा विवाद समाधान नभएमा मध्यस्थद्वारा विवाद समाधान गरिने सर्तमा दुवै पक्ष सहमत भई हस्ताक्षर गरी सम्झौता गरेको देखिन्छ। छलफलबाट विवादको समाधान हुन नसकेको कुरामा पक्षहरूबिच विवाद पनि देखिँदैन। यस अवस्थामा निवेदकले मध्यस्थता ऐन, २०५५ को दफा ७(१) बमोजिम उल्लेख गरेका मध्यस्थकर्ताहरू भरत संग्रौला, तर्कराज भट्ट र धनेश्वर शाहलाई मध्यस्थकर्ता नियुक्तिको लागि गरेको प्रस्तावमा प्रतिवादी बिरगन्ज उ.म.न.पा. कार्यलयले कुनै आपत्ति जनाएकोसमेत देखिँदैन। मध्यस्थता ऐन, २०५५ को दफा १४ मा विवाद खडा भएपछि मध्यस्थ नियुक्त भएकोमा मध्यस्थ नियुक्त भएको मितिले तीन महिनाभित्र दाबी पेस गर्नुपर्ने कानूनी व्यवस्था भएकोमा प्रस्तुत विवादमा मध्यस्थ नै नियुक्त नभएको अवस्थामा निवेदन दाबी पेस गर्ने हदम्याद व्यतित भयो भनी अर्थ गर्न मिल्ने देखिएन। यस अवस्थामा सुरक्षा सेवा गरेबापतको रकम लिने दिने सम्बन्धमा पुनरावेदक र प्रत्यर्थीबिच विवाद उत्पन्न भएकोले सो विवाद समाधान गर्न सम्झौतामा उल्लेख भएअनुसारको मध्यस्थकर्ताको नियुक्त गर्न पुनरावेदन अदालतले गरेको आदेश मनासिब नै देखिने।

अतः माथि उल्लिखित आधार र कारणसमेतबाट पुनरावेदन अदालत हेटौंडाले मध्यस्थता ऐन, २०५५ को दफा ७(१) बमोजिम निवेदनमा उल्लिखित मध्यस्थकर्ताहरू भरत संग्रौला, तर्कराज भट्ट र धनेश्वर शाहलाई मध्यस्थकर्ता नियुक्त गरिदिने भनी गरेको मिति २०६८।२।११ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ / डल्लुराम चौधरी

कम्प्टर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत ७ गते रोज ४ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-WO-०६२३, उत्प्रेषण, *दिपेशकुमार कार्कीसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

प्रस्तुत रिट निवेदन दायर हुँदाको अवस्थामा शिक्षा ऐन, २०२८ मा आठौं संशोधन भएको अवस्था थिएन। सो समयमा ऐनको दफा १६ङ. मा "शिक्षक युनियन" भन्ने शब्दावली नै रहेको देखिन्छ। हाल आएर रिट दर्तापछिको परिस्थितिमा परिवर्तन आएको देखिएको छ। शिक्षा ऐन, २०२८ को आठौं संशोधनले "नेपाल शिक्षक महासंघ" को कुरालाई स्वीकार गरिसकेको अवस्था छ। यद्यपि आठौं संशोधनअनुसारको शिक्षा नियमावली हालसम्म बन्न सकेको देखिँदैन। शिक्षा नियमवालीको, २०५९ को नियम १८७ मा हालसम्म "शिक्षक युनियन" भन्ने शब्द नै यथावत् प्रयोग भएको देखियो। यसरी शिक्षा ऐन, २०२८ को आठौं संशोधनले ऐनको दफा १६ङ. मा "शिक्षक युनियन" को सट्टामा "नेपाल शिक्षक महासंघ" भन्ने शब्द परिवर्तनसम्म गरेकोमा सो ऐनमा उक्त शब्दावलीको व्यवस्था परिवर्तन हुँदा शिक्षा नियमावलीमा पनि संशोधन गरी ऐनबमोजिमकै परिवर्तित शब्द प्रयुक्त हुन पर्नेमा हालसम्म सोअनुसार संशोधन गर्न सकेको नदेखिने।

उपर्युक्त विवेचित आधार, कारण तथा कानूनी व्यवस्थासमेतलाई हेर्दा शिक्षा ऐन, २०२८ को दफा १६ङ. मा प्रयुक्त "शिक्षक युनियन" भन्ने शब्दलाई सो ऐनको आठौं संशोधनले "नेपाल शिक्षक महासंघ" भन्ने शब्द परिवर्तन गरेको सन्दर्भमा ऐनको शब्द र मर्मबमोजिम नियम संशोधन परिमार्जन गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की

इति संवत् २०७५ साल चैत १२ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७१-WO-०६४२, उत्प्रेषण, *दिपेशकुमार कार्कीसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६८-CR-०६७४, जालसाजी, *राम मुर्तिदेवीसमेत वि. बैजु साह तेलीसमेत*

वादीहरूका पति तथा पिता रामनन्दन राय दिने र बैजु साह तेली लिने गरी र.नं.३०२१ बाट मिति २०५९।७।२१ मा कि.नं.१६ को क्षेत्रफल ०-७-$११/_२$ र कि.नं.१८१ को क्षेत्रफल ०-१९-$९१/_२$ गरी जम्मा क्षे.फ.१-६-११ जग्गाको विवादित राजीनामाको लिखत पारित भएपश्चात् निज रामनन्दन रायका नाममा ज.वि.२-३-$२२/_४$ जग्गा बाँकी नै रहेको भन्ने निजले सो मितिपश्चात् सूर्यदेव यादव, रामनन्दन यादव, उपेन्द्र यादवसमेतलाई विभिन्न मितिमा बिक्री गरेका लिखतहरूबाट प्रमाणित भएको र निज रामनन्दन रायले र.नं. ३०२१ बाट ज.वि.१-६-११ जग्गा मिति २०५९।७।२१ मा पारित गर्दा निजका नाममा सोभन्दा बढी जग्गा बाँकी रहेको थियो भन्ने प्रतिवादीको प्रतिउत्तर जिकिरलाई पुनरावेदक वादीले अन्यथा भन्न सकेकोसमेत देखिएन। यसबाट मिति २०५९।७।२१ को विवादित लिखत पारित हुँदा निज रामनन्दन रायका नाममा बिक्री भएको आधाभन्दा बढी जग्गा बाँकी रहेको देखिने।

प्रतिवादी रामनन्दन राय घरको मुख्य व्यक्ति देखिएको, छोरा पुनरावेदक नागेन्द्र पितासँग बस्ने नगरेको भन्ने रामनन्दन रायको प्रतिवाद जिकिर खण्डित भएको नदेखिएको र निज रामनन्दनको अन्य आयआर्जन रहे भएको र अन्य आयस्रोतबाट निजको गुजारा चल्ने गरेको भन्ने वादीहरूको भनाइ नदेखिएबाट घर व्यवहार चलाउन निजले उक्त जग्गा बिक्री गरेको देखिन आयो। कानूनी व्यवस्थाबाट घरको मुख्य व्यक्ति (बाबु) ले घर व्यवहार चलाउन पैतृक सम्पत्ति आधासम्म बिक्री गर्न २१ वर्ष उमेर पुगेका सगोलका अंशियार कसैको मन्जुरी लिन नपर्ने हुँदा उक्त मिति २०५९।०७।२१ को राजीनामा लिखत कानूनसम्मत रहेको देखिने।

वादीहरूका पति पिता रामनन्दन रायले बैजु साहलाई मुलुकी ऐन, अंश बन्डाको १९(१) नं. को कानूनी परिधिभित्र रही विवादित मिति २०५९।७।२१ को लिखत पारित गरिदिएको देखिएको र सोही जग्गा बैजु साहले प्रतिवादीहरू जुलेखा खातुन र सुलतान कवारीलाई पारित गरिदिएको देखिएको साथै रामनन्दन रायले बैजु साहलाई बिक्री गरी बाँकी रहेको जग्गा मिति २०६०।१।३ मा सुर्यदेव यादव र रामनन्दन यादवलाई अलगअलग पारित गरिदिएको लिखतमा वादी नागेन्द्रलाई साक्षी राखेकोसमेत देखिन्छ। यसरी प्रचलित कानूनअनुरूप पारित लिखतबाट वादीहरूको हक मेटिएको भन्ने मिल्ने नदेखिँदा त्यस्तो लिखत वादी दाबीअनुसार जालसाजी भन्न मिल्ने देखिन नआउने।

तसर्थ, माथि विवेचित आधार, कारणबाट प्रतिवादी रामनन्दन रायले मिति २०५९।७।२१ मा र.नं.३०२१ बाट बैजु साह तेलीलाई पारित गरिदिएको कि.नं.१६ र १८१ को राजीनामाको लिखत र सोही लिखतको आधारमा बैजु साह तेलीले र.नं.९४५९ बाट जुलेखा खातुनलाई र र.नं.९४६० बाट सुलतान कवारीलाई मिति २०६३।१।२६ मा पारित लिखतलाई आधा जालसाज ठहर गरेको महोत्तरी जिल्ला अदालतको मिति २०६६।३।३१ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६८।१।२० को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल फागुन ३ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६८-CR-०६७५, जालसाजी, *राम मुर्तिदेवीसमेत वि. सुलतान कवारीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-०११६, जबरजस्ती करणी, *नेपाल सरकार वि. दुर्गाबहादुर थापा*

दुर्गाबहादुर थापाले मलाई दोकानमा लैजाने, सुकुटी खान दिने र घरमा आएपछि एकै विस्तारामा सुत्ने हुँदा तीन महिना पहिलादेखि मेरो योनिमा निजले हात राखी सुमसुमाई उत्तेजित भई मलाई जबरजस्ती करणी गर्दै आउनुभएको थियो। मैले प्रतिकार गर्दासमेत जबरजस्ती करणी गरेकाले प्रतिवादी दुर्गाबहादुर थापालाई कारबाही गरिपाउँ भनी पीडितले दिएको जाहेरी दरखास्तको आधारबाट प्रस्तुत मुद्दाको उठान भएको देखिने।

प्रतिवादीलाई सुरू रूपन्देही जिल्ला अदालतबाट कसुर स्थापित गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १० (दश) वर्ष कैद र सोही महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराई दिने गरी मिति २०६६।५।१ मा भएको फैसलालाई नै सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०६७।१।२९ मा फैसला भएको देखियो । पुनरावेदन अदालतको फैसलाउपर प्रतिवादीले पुनरावेदन नगरी चित्त बुझाई बसेको देखिन्छ । वादी नेपाल सरकारले आफ्नो अभियोगपत्रमा प्रतिवादीउपर मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप कैदको सजाय मागदाबी लिएकोमा त्यसतर्फ अभियोग दाबी पुग्न नसक्ने भनी भएको फैसलाउपर मात्र चित्त नबुझाई प्रस्तुत पुनरावेदन गरेको देखिने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. मा "महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप ५ (पाँच) वर्ष कैद गर्नुपर्छ" भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत मुद्दाकी पीडितको हकमा प्रतिवादीले नै तीन महिनादेखि लगातार जबरजस्ती करणी गर्दै आएको र सोही क्रममा दुई महिनादेखि महिनावारी रोकिएको तथ्य मिसिल प्रमाणबाट स्थापित भएको देखिन्छ । अर्थात् पीडितउपर जबरजस्ती करणीको कार्य प्रतिवादीबाट भएको र सोही कार्यबाट पीडित गर्भिणी भएकोबाट गर्भवती महिलाको करणी गरेको नभई गर्भधारणको अवस्था यिनै प्रतिवादीको कार्यबाट सिर्जित परिणाम हो भन्ने देखिन्छ। गर्भवती भएको अवस्थामा कसैले करणी गरेको वारदात पुष्टि भएको खण्डमा मात्र यो कानूनी व्यवस्था आकर्षित हुने देखिने।

अतः उपर्युक्त विवेचित आधार, कारणबाट प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १० (दश) वर्ष कैदको सजाय र सोही महलको १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट रू.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराइदिने गरी र जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम प्रतिवादीलाई थप सजाय गर्नेतर्फ अभियोग दाबी पुग्न नसक्ने भनी सुरू कपिलवस्तु जिल्ला अदालतले गरेको फैसलालाई नै सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०६७।१।२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल वैशाख १५ गते रोज १ शुभम्।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-CR-०१५०, जबरजस्ती करणी, *केदार थापा क्षेत्री वि. नेपाल सरकार*

प्रतिवादीउपर किटानी जाहेरी रहेको छ । पीडित बालिकाले अनुसन्धानको क्रममा गरेको कागजलाई समर्थन हुनेगरी अदालतमा बकपत्र गरेको देखिन्छ। एउटा बालिकाले नभएको कुरा गरी आफूलाई करणी गरे भनी आरोप लगाउनु पर्ने कारण देखिँदैन । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको योनिद्वारमा रातोपन देखिएको छ। प्रतिवादीको

स्वास्थ्य परीक्षण गर्दा दाहिने कान र पाखुरामा कोतरिएको पाइन्छ। प्रतिवादी वारदात स्थलमा भएको र निजले पीडित बालिका वर्ष ७ की नाम परिवर्तित भण्डारा (२) लाई निजको घरमा पुऱ्याउन लगेको भन्ने तथ्य मिसिल कागजातबाट स्थापित भएको छ। पीडित परिवर्तित नाम भण्डारा (२) सात वर्षकी अबोध बालिका भएकोमा कुनै विवाद छैन। अबोध बालिकाले घटना वारदातको सम्बन्धमा काल्पनिक तबरले कसैको विरूद्धमा नभएको कुरा व्यक्त गर्नसक्ने अवस्थासमेत नआउने।

प्रतिवादी र जाहेरवालीको परिवारमा पूर्वरिसइवी रहेकोसमेत देखिँदैन । प्रतिवादीले वारदात पूर्व पीडितको बाबुलाई धान उठाउने काममा सहयोग गरेको देखिन्छ। आफ्नै काममा सहयोग गर्ने प्रतिवादीलाई बिनाकसुर पीडितको पिताले कुटपिट गर्नुपर्ने र पीडितको आमाले छोरीलाई जबरजस्ती करणी गरेको भनी उजुरी दिनु पर्ने अवस्था आउन सक्ने देखिँदैन । पीडितलाई रू.२०।- दिएको, निजको टिसर्ट खोलिदिएको, पीडितलाई काखमा राखेको कुरालाई प्रतिवादी स्वयम्ले स्वीकार गरेको देखिन्छ। प्रतिवादीलाई तत्काल पक्राउ गरी प्रहरीमा बुझाएको देखिएको छ । पीडितलाई करणी गरेको होइन भनी प्रतिवादी इन्कारी हुनुलाई मात्र निजको निर्दोषिता ठहर हुने आधार बन्न सक्दैन। उल्लिखित तथ्यहरूसमेतबाट प्रतिवादीले पीडित बालिकालाई जबरजस्ती करणी गरेको वारदात पुष्टि हुन आउने।

अतः माथि उल्लिखित तथ्य एवम् प्रमाणको आधारमा प्रतिवादी केदार थापा क्षेत्रीलाई जबरजस्ती करणी गरेको ठहऱ्याई निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) बमोजिम १० (दश) वर्ष कैद र सोही महलको १० नं. बमोजिम पीडितलाई रू.५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्तिबापतको रकम प्रतिवादीबाट भराइदिने ठहऱ्याई भएको चितवन जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।२।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की
कम्प्युटर: मञ्जु खड्का
इति संवत् २०७६ साल वैशाख १५ गते रोज १ शुभम्।

५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-CR-०४७७, जबरजस्ती करणी, *राजनारायण चौधरी वि. नेपाल सरकार*

मिति २०७३।०७।१९ गते साँझ अन्दाजी ०८.०० बजेको समयमा मेरो घरदेखि केही पर महिलाले बचाऊ-बचाऊ भनी कराएको आवाज सुनी त्यसतर्फ जाँदा जाहेरवाली रूँदै कराउँदै बसिरहेकी देखेकी हुँ। निजले लगाएको कपडाहरू च्यात्तिएको अवस्थामा थियो। निजसँग सोधपुछ गर्दा प्रतिवादीहरूले झाडीमा लगी पालैपालो जबरजस्ती करणी गरे भनी पीडित जाहरवालीले बताएकी थिइन्। झाडीमा लुकेर बसेका प्रतिवादीहरू भागी फरार भएका हुन् भनी वारदात स्थलमा तत्कालै पुगेकी मीनाकुमारी बास्कोटाले घटना विवरण कागज गरिदिएको र सो कागजलाई समर्थित हुने गरी निजले अदालतमा उपस्थित भई बकपत्रसमेत गरिदिएको देखिने।

पीडित जाहेरवाली विवाहित महिला हुन् । निजको ५/६ वर्षकी छोरीसमेत रहेकी व्यक्तिले वारदात नै नभएकोलाई भएको भनी कुरा बनाई आफ्नो अस्मिता, सामाजिक मानमर्यादा र वैवाहिक जीवनसेमतलाई असर पार्ने गरी आफूलाई प्रतिवादी राजनारायण चौधरीसमेतले पालैपालो गरी जबरजस्ती करणी गरेका हुन् भनी काल्पनिक बेहोरा खुलाई उजुरी दिनुपर्ने कुनै कारण नदेखिएको, यसका साथै मौकामा बुझिएकी मीनाकुमारी बासकोटा जाहेरवालीले कराएको आवाज सुनी तत्काल वारदातस्थलमा पुगेकी र पीडितको तत्कालको अवस्थाको बारेमा यथार्थ बेहोरा खुलाई प्रतिवादीहरू झाडीबाट भागेको कुरासमेत उल्लेख गरी निजले मौकामा कागज गरिदिएकी देखिएको, पीडित

जाहेरवाली प्रतिवादीकै गाँउघरकी चिनजानकी महिला रहेकीमा विवाद नरहेको, जाहेरवालीसँग कुनै इवी नभएको कुरा प्रतिवादी स्वयम्ले अदालतको बयानमा समेत स्वीकार गरेको, घटनास्थलबाट पीडितले लगाएकी च्यातिएको अवस्थामा रहेको खैरो रङको पेन्टी (भित्री कट्टु) १ थान, च्यातिएको अवस्थामा रहेको हरियो रङको सुरुवाल, हरियो सेतो रातो बुट्टे कुर्तासमेत उठाइएको र घटनास्थलमा रहेको झारहरू मडारिएको भन्ने घटनास्थल मुचुल्काबाट देखिएको, पीडितको शारीरिक परीक्षणबाट निजको शरीरमा चोटपटकसमेत लागेको देखिएको, वारदातस्थलमा प्रतिवादी र प्रदीप चौधरीसमेतको उपस्थिति रहेको भन्ने मिसिल संलग्न प्रमाणबाट स्थापित भएको, प्रतिवादीले पीडितलाई करणी गरेको होइन भन्ने इन्कारी बयान तथ्यगत रूपमा निजसमेतले पुष्टि गर्न सकेको नपाइएको, सामूहिक क्रियाबाट भएको जबरजस्ती करणीजस्तो कसुरमा पीडितले मौकामा दिएको जाहेरी र अदालतमा गरेको बकपत्र, वादी पक्षका साक्षीले अदालतमा गरेको बकपत्र प्रस्तुत मुद्दाका सम्बन्धमा महत्त्वपूर्ण र पर्याप्त प्रमाणको रूपमा मान्नु पर्ने अवस्था विद्यमान रहेको, जबरजस्ती करणीजस्तो अपराध लुकीछिपी तबरबाट हुने भएकाले त्यस्तो अपराधमा प्रत्यक्षदर्शी साक्षी हुन्छन् नै भन्ने पनि नहुने र पीडितले घटनाको सम्बन्धमा व्यक्त गरेको कुरा अन्यथा नभएसम्म सर्वमान्य प्रमाणको रूपमा रहनेसमेतका आधार कारणहरूबाट यी प्रतिवादीसमेतले पीडित जाहेरवालीलाई जबरजस्ती करणी गरेको वारदात पुष्टि भएको देखिने।

प्रस्तुत जबरजस्ती करणीको वारदातमा प्रतिवादी प्रदीप चौधरी र प्रतिवादी राजनारायण चौधरीले पीडित जाहेरवालीलाई पालैपालो जबरजस्ती करणी गरेको स्थापित भएकाले एउटै वारदातमा आरोपी दुवै व्यक्तिलाई जबरजस्ती करणी गरेको कसुरमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम कैदको सजाय हुने ठहर भइसकेपछि सो वारदातको सम्बन्धमा एकजनाभन्दा बढी प्रतिवादी संलग्न रहेको अवस्थामा उल्लिखित कानूनी व्यवस्था आकर्षित हुने नै देखिन्छ। यसका साथै एउटै वारदातमा संलग्न रहेको पुष्टि भई अभियोग दाबीअनुसार अदालतबाट सजाय पाएका सहप्रतिवादी प्रदीप चौधरीले उच्च अदालत विराटनगरबाट जारी भएको ७० दिने म्याद मिति २०७४।०७।२१ मा कारागार कार्यालय, झुम्का, सुनसरीबाट आफ्नै हातले बुझी निजले पुनरावेदन नगरी उच्च अदालत विराटनगरबाट भएको फैसलालाई चित्त बुझाई बसेकोबाट वारदात भएको थप पुष्टि भएको मान्नु पर्ने हुन आयो। अतः उल्लिखित तथ्यहरूको आधारमा प्रतिवादी राजनारायण चौधरीसमेतलाई अभियोग दाबीअनुसार कसुरदार ठहर गरी सजाय गर्ने गरेको उच्च अदालतको फैसला मिलेकै देखिँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने पुनरावेदक प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।

उपर्युक्त विवेचित आधार कारणबाट प्रतिवादी राजनारायण चौधरीसमेतलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम जनही ५ (पाँच) वर्ष कैद हुने ठहर्‍याई ऐ.को ३क. नं. बमोजिम थप सजाय नगरेको हदसम्म सुरू सुनसरी जिल्ला अदालतको फैसला नमिलेको भनी केही उल्टी गरी प्रतिवादी राजनारायण चौधरीसमेतलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप ५(पाँच) वर्ष कैद सजाय हुने ठहर्‍याई उच्च अदालत, विराटनगरबाट मिति २०७४।३।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रबहादुर कार्की

कम्प्युटर : मञ्जु खड्का

इति संवत् २०७६ साल वैशाख १५ गते रोज १ शुभम्।

## इजलास नं. १३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१०५२, मानव बेचबिखन तथा ओसारपसार, *छोवा भन्ने काले तामाङ वि. नेपाल सरकार*

पीडित सरफौले तामाङ २०६७।१२।६ र

पीडित कुमारी तामाङ मिति २०६७।१२।२५ पछि नेपालभित्र रहेको भन्ने कहीँकतैबाट पुष्टि हुन सकेको देखिँदैन । भारत लगेर बेचेको भन्ने पीडित सरफौले तामाङका ससुरा र कुमारी तामाङका पतिको किटानी जाहेरी भएको र अभियोगसमेत भारत लगेर बेचेको भन्ने भएकोमा उक्त विशेष कानूनमा भएको व्यवस्थाबमोजिम निज प्रतिवादीले सो आरोपको खण्डन गरी सफाइ पाउन आधार प्रमाणहरू पेस गर्न सकेको अवस्था देखिँदैन । प्रतिवादी छोवा भन्ने काले तामाङले अनुसन्धानको क्रममा गरेको बयान बेहोरा हेर्दा, भारतको विभिन्न शहरमा बसी केटीको दलाल गर्ने राममाया तामाङलाई सरफौले तामाङ जिम्मा लगाएको र पहिलेदेखि भारतमा बस्ने माला तामाङलाई कुमारी तामाङ जिम्मा लगाएको, मानिस किन्ने अर्थात् जिम्मा लिने मानिसहरू राममाया तामाङ र माला तामाङ पहिलेदेखि भारतमा बस्दै आएका, झापा जिल्लाको काँकडभिट्टा भन्ने स्थान जुन भारतीय सीमा नाकामा पर्दछ; सो ठाउँमा लगेर पीडित महिलाद्वयलाई जिम्मा लगाइएको र हालसम्म ५ जना महिलाहरूलाई नेपाल-भारतको सिमाना काँकडभिट्टासम्म लगेबापत भा.रू.१,५०,०००।- लिएको भन्नेसमेत बेहोरा उल्लेख गरेको देखिन्छ । निज प्रतिवादीको उक्त बयान बेहोराबाट पीडित महिलाद्वयलाई नेपाल-भारतको सिमाना काँकडभिट्टामा भारतमा बस्दै आएका महिलालाई जिम्मा लगाउनुको उद्देश्य एवम् मनसाय निजहरूलाई बिक्री गर्न भारत प्रवेश गराउने भन्ने देखियो । नुवाकोटको ग्रामीण भेगका महिला नेपाल-भारतको सिमानामा लगेर भारतमा बसोबास गर्दै आएका मानिसलाई जिम्मा लगाउने जस्तो सुनियोजित कार्य हुनु र जिम्मा लगाएपश्चात् निज पीडितहरू नेपालमा बसोबास गरेको पुष्टि नहुनुले निजहरू भारतमै रहेको मान्नु पर्ने देखियो । तसर्थ निज पीडितहरूलाई नेपाल-भारत सीमा क्षेत्रको काँकडभिट्टाबाट भारत प्रवेश गराई हस्तान्तरण गरेको भन्ने खुल्न आएकोले प्रतिवादीहरूकै मिलोमतोमा योजनाबद्ध तरिकाबाट निजहरू विदेश अर्थात् भारतमा लगेर बेचिएको भनी मान्नुपर्ने देखिने ।

उल्लिखित विवेचित आधार कारणबाट फरार रहेका प्रतिवादीहरू याकर तामाङ, नाम्लिङ कर्मी कान्छा भन्ने कान्छा तामाङ, सिर्सानी तामाङ, यगर तामाङसमेत ४ जनाको हकमा अ.बं. १९० नं. बमोजिम मुल्तबीमा, अभियोगपत्रमा खुलाइएको वतन वास्तविक वतन नभएको भनी प्रतिवादीहरू राममाया तामाङ, माला तामाङ, रूपा लामा तामाङको हकमा जिल्ला अदालत, नियमावली, २०५२ को नियम १९(क)(४) बमोजिम तामेलीमा राखिदिएको र पुनरावेदक / प्रतिवादी छोवा भन्ने काले तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम १५(पन्ध्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना र ऐ.ऐनको दफा १७ नं. बमोजिम पीडितहरू सरफौले तामाङ र कुमारी तामाङले निज प्रतिवादीबाट जनही रू.५०,०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहरी सुरू नुवाकोट जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कुलप्रसाद दाहाल

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७५ साल माघ २२ गते रोज ३ शुभम् ।

## इजलास नं. १४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CI-०७५०, निर्णय दर्ता बदर हक कायम, *रामकृष्ण आचार्यसमेत वि. जगन्नाथ गोरासमेत*

प्रमाणको लागि नापी शाखा भक्तपुरबाट प्राप्त भई मिसिल संलग्न रहेको फिल्डबुकबाट वादीहरूले आफ्नो हकको स्रोतको रूपमा रहेको साबिक १२ नं. तिथली र.नं.१०५० को १॥३ रसिद भिडाई

२०२२।१०।५ मा नापीको समयमा नै नक्सा हुँदा भक्तपुर जिल्ला, गुण्डु गा.वि.स. वडा नं.८ कि. नं. ८ को ०-९-३ फिल्डबुक तयार भई वादीका हकवालाले दर्ता गराइसकेको भन्ने कि.नं.८ को फिल्डबुकमा लेखिएको "साबिक १२ नं. तिथली रसिद नं.१०५० को रो. १॥३ भिडाई दर्ता" भनी उल्लेख भएको कैफियत बेहोराबाट देखिन्छ । सो बेहोराबाट साबिक लगत भिडाई अरू जग्गा दर्ता गर्न बाँकी रहेको भन्ने नदेखिने ।

विवादको कि.नं.४ र ६ जग्गाको सम्बन्धमा वादीहरूको साबिक लगतसँग मिली भिडी निजहरूको नाममा दर्ता हुने जग्गा थियो भने प्रतिवादीहरूले सो जग्गा आफ्नो नाममा नामसारी दर्ता गराइ पाउँ भनिदिएको निवेदनउपर कारबाही भई प्रकाशित भएको सूचना म्यादमा मिति २०६१।५।१८ मा निवेदनसहित वादीहरू उपस्थित हुन गएकोमा बाँकी प्रमाण पछि पेस गर्ने छौं भनी उल्लेख गरेका र ७ दिनभित्र नामसारी दर्ताको लागि आवश्यक पर्ने प्रमाण पेस गर्नु होला भनी निजहरूका नाममा २०६१।६।२० मा पत्र सूचना म्याद पठाएकोमा सो म्यादभित्र नामसारी दर्ताको लागि चाहिने आवश्यक प्रमाणहरू तोकिएको म्यादमा पेस गर्न नसकी अनुपस्थित भई बसेको भन्ने मालपोत कार्यालयको प्रमाण मिसिलबाट देखिँदा विवादित जग्गाको हकभोगको प्रमाण वादीले पेस गर्न सकेको नदेखिने ।

जग्गा दर्ता सम्बन्धमा मुख्य लगत भिडेको देखिनुपर्छ । सो सम्बन्धमा प्रमाण लिई उपस्थित हुन आउनु भनी मालपोत कार्यालयबाट पत्र सूचना पठाइएकोमा वादीहरूले उपस्थित भई लगत भिडेको प्रमाण प्रस्तुत गर्न नसकी दिएको सूचनाको म्याद गुजारी चुपचाप बसेको देखिन्छ । वादीहरूको हकवालाले कि.नं.८ को जग्गा दर्ता गराउँदाको अवस्थामा फिल्डबुकमा उल्लेख भएको बेहोराबाट अरू जग्गा दर्ता हुन बाँकी रहेको भन्ने नदेखिने ।

विवादको कि.नं.४ र ६ को जग्गाको सम्बन्धमा जोताहा रामकृष्ण के.सी. ले यो जग्गा भक्तपुर कुलाछें बस्ने गणेशबहादुर गोराको हो । मैले जोती कमाएको छु भनी स्पष्ट रूपमा लेखाइदिएको पाइन्छ । जसको पुष्ट्याइँ मोहीले कुत बुझाएको भरपाई पेस गरेबाट भएकै देखिन्छ । तसर्थ विवादित कि.नं.४ र ६ को जग्गाको सम्बन्धमा दाबीबमोजिम निर्णय दर्ता बदर भई वादीहरूको हक कायम हुने अवस्था नदेखिँदा वादी दाबी पुग्न नसक्ने गरी भएको सुरू फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत पाटनको इन्साफ मनासिब नै देखिएकोले पुनरावेदक वादीको तर्फबाट प्रस्तुत भएको बहस जिकिर एवम् निस्सा प्रदान गर्ने गरी भएको आदेशसँग सहमत हुन नसकिने ।

अतः उल्लेख भई विवेचना भएको उल्लिखित आधार कारण र प्रमाणसमेतबाट फिराद दाबी पुग्न नसक्ने ठहर गरी भएको सुरूको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६६।५।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७४ साल चैत १४ गते रोज ५ शुभम् ।

## इजलास नं. १५

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-RC-००७८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. महमद फिरोज*

जाहेरवालीका पतिलाई कुटपिट गरी कर्तव्य गरी मारेको होइन, उनको मृत्यु के कसरी कोबाट भयो, थाहा भएन शङ्काको भरमा झुट्ठा जाहेरी तथा प्रतिवेदन दिएका हुन् भनी प्रतिवादीहरूले अदालतसमक्ष कसुर अपराध गरेमा इन्कार रही बयान गरेको देखिए पनि सो इन्कारीको समर्थनमा कुनै ठोस एवम् वस्तुनिष्ठ आधार प्रमाण पेस गर्न सकेको देखिँदैन । मिसिल संलग्न रहेको किटानी जाहेरी, वस्तुस्थिति मुचुल्कामा रहेका मानिसहरूको भनाइ, प्रहरी निरीक्षक खगेन्द्रबहादुर खड्काको प्रतिवेदन, अनिता मन्डल तथा राजन

खनालले गरिदिएको मौकाको कागजसमेतले प्रतिवादीहरूको उक्त इन्कारी बयान खण्डित रहेको देखिने।

अतः प्रतिवादीहरूले वारदातको दिन विराटनगर–१० हाटखोला स्थित रक्सी पसलमा गई रक्सी खाएको र निजहरूले पसलमा काम गर्ने केटीलाई दुर्व्यवहार गरेको विषयमा मृतकसमेतसँग भनाभन भई कुटपिटसमेत भएको देखिएको, मृतकसमेतले प्रतिवादीहरूको साइकल खोसी पसलमा राखी निजसमेतलाई त्यहाँबाट भगाएको र प्रतिवादीहरू सो साइकल लिन राति पुनः पसलमा गएको भन्ने देखिएको, साइकल लिन जाँदा पसल बन्द भएको र त्यहाँबाट फर्किंदा बाटोमा प्रतिवादीहरूको मृतकसँग भेट भएको, साइकलको विषयमा कुरा हुँदा मृतकले म पसलको साहु होइन, काम गर्ने मानिस हुँ भनेपछि यी प्रतिवादीसमेत भई मृतकलाई कुटपिट गरेको र सोही चोटको कारण मृतकको मृत्यु भएको भन्ने देखिएको, प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष कसुर अपराधमा साबित भई बयान गरेको देखिएको, प्रतिवादीहरूको उक्त साबितीलाई पुष्टि हुने गरी मौकामा कागज गर्ने मानिसहरूले बेहोरा लेखाएको, घटनास्थल प्रकृति मुचुल्का एवम् वस्तुस्थिति मुचुल्का तथा मृतकको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न रहेका आधार तथा प्रमाणहरूसमेतका आधारमा प्रतिवादीहरू रितेश कामत तथा महमद फिरोजलाई ज्यानसम्बन्धीको १ र १३(३) नं. बमोजिमको कसुरमा ऐ. को १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याई भएको सुरू फैसला प्रतिवादी रितेश कामतको हकमा पुनरावेदनको रोहमा तथा प्रतिवादी महमद फिरोजको हकमा साधकको रोहमा जाँच गरी सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७२।९।१ को फैसला साधकको रोहमा जाँच गर्दा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-RC-०१३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अविराज नेपाली*

प्रतिवादीको उक्त साबिती बयान बेहोरा घटनास्थलबाट २८ इन्च लम्बाइ भएको पात्लेको काठको बिंड भएको फलामको बन्चरो बरामद भएको भन्ने बरामदी मुचुल्का, बुबाले बन्चरोले हिर्काएको कारण आमाको मृत्यु भएको भनी प्रतिवादीको जेठी छोरी संगीता नेपालीले अनुसन्धानको क्रममा गरेको घटना विवरण कागज एवम् सोही बेहोराको समर्थनमा अदालतमा उपस्थित भई गरेको बकपत्र, जाहेरवालाले मौकामा दिएको जाहेरी तथा जाहेरी बेहोराको समर्थनमा जाहेरवाला नारद नेपालीले अदालतमा आई गरेको बकपत्र, वस्तुस्थिति एवम् घटनास्थल मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन एवम् वस्तुस्थिति मुचुल्काका व्यक्ति इन्द्रमणि दाहालले अनुसन्धानको क्रममा वस्तुस्थिति मुचुल्कामा लेखाएको बेहोरालाई अदालतमा उपस्थित भए गरेको बकपत्रसमेतले पुष्टि गरेको पाइने।

अतः प्रतिवादीउपरको किटानी जाहेरी, जाहेरी बेहोराको समर्थनमा जाहेरवालाले अदालतमा उपस्थित भई गरेको बकपत्र, प्रतिवादीले अदालत, एवम् अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबित भई गरेको बयान, घटनास्थलबाट वारदातमा प्रयोग भएको बन्चरो बरामद भएको बरामदी मुचुल्का, प्रतिवादीको छोरी संगीता नेपालीले अनुसन्धानको क्रममा गरेको कागज एवम् अदालतमा आई गरेको बकपत्र, मृतकको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न रहेको धार तथा प्रमाणबाट मृतक अनिता नेपालीको मृत्यु प्रतिवादी लक्ष्मण भन्ने अविराज नेपालीको कर्तव्यबाट भएको पुष्टि भएको देखिँदा सोसमेतका आधार र कारणबाट प्रतिवादीलाई अभियोगपत्र माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा

सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू सोलुखुम्बु जिल्ला अदालतले मिति २०६५।३।१० मा गरेको फैसला साधक जाँचको रोहमा सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२।११।१८ को फैसला साधक जाँचको रोहमा हेर्दा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत्र ५ गते रोज २ शुभम्।

## इजलास नं. १६

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CI-००६१, निषेधाज्ञा / परमादेश, *श्रीगोविन्द महर्जन वि. सागर महर्जनसमेत*

कसैको निर्विवाद हकमा कसैबाट आघात हुने पर्याप्त आधार र आशङ्काको स्थिति विद्यमान रहेको र निषेधाज्ञा जारी नभएमा निवेदकले अपुरणीय क्षति बेहोर्नुपर्ने स्थिति छ भने मात्र निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने हुन्छ। निवेदकको निवेदन बेहोरा र विपक्षीहरूको लिखित जवाफको बेहोराबाट त्यस्तो स्थिति विद्यमान रहेको भन्ने देखिन नआउने।

निवेदक र निजका पिता जीतलाल महर्जनबिच अंश मुद्दा चलिरहेको अवस्था छ । सम्पत्ति यी प्रत्यर्थी निवेदकका दिदी बहिनीलाई पिता जितलालले लेखिदिन्छन् वा सम्पत्तिबारे केही कागज गरिदिन्छन् कि ? भनेर त्यस्तो अवस्थामा निवेदकले त्यस्तो लिखत एवम् कागज गर्दा आफ्नो संरक्षकत्त्व वा मन्जुरी हुनुपर्ने भन्ने जिकिर लिएका छन्। निवेदकको त्यस्तो संरक्षक र मन्जुरीको दाबी जिकिरको बारेमा अहिले निषेधाज्ञाको निवेदनबाट सम्बोधन गर्न मिल्ने देखिँदैन । यदि कथमकदाचित निवेदकले आशङ्का गरेबमोजिमका काम कारबाही भइहालेको खण्डमा समेत सोउपर कानूनी उपचार पाउने हक निवेदकसँग सुरक्षित रहेको देखिन्छ । यसस्थितिमा निषेधाज्ञाको आदेश जारी गर्नु उपर्युक्त देखिन नआउने।

परमादेशको आदेश जारी हुनका लागि व्यक्तिको हक अधिकारमा आघात परेको प्रस्ट देखिनु पर्दछ । निवेदकलाई नैसर्गिक रूपमा नै बाँच्न पाउने हक प्राप्त भएको छ। सो कुरालाई नेपालको संविधानको धारा १६(१) ले समेत प्रत्याभूत गरेको छ । निजको उक्त हक कहीँकसैबाट बिना कारण कानूनबमोजिम बाहेक अतिक्रमित हुन हुँदैन र निवेदकको उक्त हक कहीँकतैबाट अतिक्रमित भइसकेको भन्ने पनि देखिँदैन। यसरी नैसर्गिक रूपमा नै प्राप्त भएको हकको सम्बन्धमा समेत निवेदकको जीवन रक्षा गराउनु भनी परमादेशको आदेश जारी गरी राख्नु उपयुक्त हुने नदेखिने।

अतः माथि विवेचित आधार कारणबाट निषेधाज्ञायुक्त परमादेशको आदेश जारी हुनु उपर्युक्त नदेखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।३।२५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवप्रसाद आचार्य

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७५ साल साउन १५ गते रोज ३ शुभम्।

## इजलास नं. १७

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CR-०६७१, जबरजस्ती करणी, *नेपाल सरकार वि. अखलेशकुमार यादव*

जिल्ला स्वास्थ्य कार्यालय गौर, रौतहटले पीडितको स्वास्थ्य जाँच गरी पठाएको जवाफमा पीडितको योनि च्यातिएको नयाँ वा पुरानो के हो ? यकिन गर्न नसकिएको भन्ने उल्लेख भएको अवस्था देखिन्छ। पीडितको योनिको झिल्ली च्यातिएकोमा सो नयाँ र पुरानो दुवै हुन सक्ने भनाइ भएको, पीडितको योनिको कन्याजाली जबरजस्ती करणीको कारणले मात्र नभई अन्य कुनै कारणबाट पनि च्यातिएको

हुनसक्ने अवस्थालाई उपेक्षा गर्न मिल्नेसमेत नदेखिँदा पीडितको कन्याजाली जबरजस्ती करणीकै कारणबाट च्यातिएको हो भनी भन्न र मान्न सकिने अवस्था मिसिलमा रहे भएको नदेखिने।

पीडित लालमुनि कुमारीले मिति २०६५।६।२८ मा गरेको कागजमा प्रतिवादीहरूले आफूलाई जबरजस्ती करणी नगरेको भनी उल्लेख गरेको देखिन्छ भने निजले अनुसन्धानको क्रममा मिति २०६५।६।२९ मा गरेको थप कागजमा प्रतिवादीहरूले आफूलाई जबरजस्ती करणी गरेको भनी सुरूमा आफैँले गरेको कागज बेहोरासँग बाझिने अथवा फरक पर्ने गरी कागज गरिदिएको देखिन्छ । पीडितले सो वारदातलाई पुष्टि हुने गरी गरिदिएको कागज बेहोरा समर्थित हुने गरी अदालतमा आई बकपत्र गर्न सकेको अवस्थासमेत नदेखिने।

प्रमाण भनेको वस्तुनिष्ठ र स्पष्ट एवम् शङ्कारहित हुन आवश्यक हुन्छ । शङ्कास्पद र विवादास्पद भनाइको आधारमा कसुर स्थापित गर्न मिल्ने पनि हुँदैन । विवादास्पद प्रमाणको आधारमा कसैलाई पनि कसुरदार ठहराउँदा फौजदारी न्याय सिद्धान्तको मर्मविपरीत हुन्छ। अभियोग लगाएर मात्र हुँदैन। अभियोग दाबी प्रमाणित गर्ने दायित्व अभियोग लगाउने पक्षमै निहित हुने।

पीडित नाबालिकाकी हजुरआमासमेतका मानिसहरूले प्रतिवादीहरूको इन्कारी बयान समर्थित हुने गरी प्रतिवादीहरू निर्दोष छन् भनी कागज गरिदिनुका साथै यी प्रतिवादीहरूले मेरो छोरीलाई समाती स्कूलमा लगी जबरजस्ती करणी गरेको होइन, छैन । मेरो श्रीमान् जाहेरवालाले के कुन उद्देश्यले प्रतिवादीहरूको नाउँमा किटानी जाहेरी दरखास्त दिएका हुन् थाहा भएन भनी स्पष्ट बेहोरा लेखाइदिएको देखिने।

वारदातस्थलमा पीडितको साथमा रहेको पीडितको हजुरआमा, जाहेरवालाको आमा सुनैनादेवीको मौकाको घटना विवरण कागजसमेतबाट वारदात पुष्टि नभइरहेको आधार कारणसमेतबाट प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम जबरजस्ती करणीको कसुरदार कायम गर्न मिल्ने अवस्था नदेखिँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको सुरू फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, प्रतिवादीहरू आलोककुमार यादव र अखलेशकुमार यादवले अभियोग दाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालतबाट मिति २०६९।६।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असार ८ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-१२१३, जबरजस्ती करणी, *नेपाल सरकार वि. हुमबहादुर सारू*

जाहेरवाला ............ एवम् वस्तुस्थिति मुचुल्काका मानिसहरू कुम्भ सिंह जर्धासमेतले मिति २०६३।११।१४ गते पीडित ............ लाई प्रतिवादी होमबहादुर सारूले जबरजस्ती करणी गरेको हो भनी बकपत्र गरेको देखियो । त्यसैगरी, पाल्पा जिल्ला अस्पतालको प्रतिवेदन हेर्दा मलद्वारको भागमा दुईवटा कोतरिएको घाउ देखिनुको साथै मलद्वारको नली सुनिएको देखिएको र मलद्वारको नलीमा यौन सम्पर्क भए जस्तो देखिन्छ भन्ने राय प्रस्तुत भएको पाइयो । यसबाट निज प्रतिवादीको साबिती बयान पुष्टि भएको देखियो। अत: उपर्युक्त आधार प्रमाणसमेत दृष्टिगत गर्दा प्रतिवादी हुमबहादुर सारूले जाहेरवाला ............. को ४ वर्षको छोरी ............. को मलद्वारमा अप्राकृतिक मैथुन गरेको कसुर स्थापित हुन आयो। साथै यसबाट प्रतिवादीले नबालकलाई अप्राकृतिक मैथुन गरेको तथ्यमा कुनै विवाद देखिन नआउने।

पीडित नबालकलाई जबरजस्ती करणी गरेको नभई अप्राकृतिक मैथुन मात्र गरेको अवस्था

देखिन्छ । यस्तो स्थितिमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. को कानूनी व्यवस्था आकर्षित हुने अवस्था देखिएन । नाबालकलाई अप्राकृतिक मैथुन गरेको अवस्थामा अप्राकृतिक मैथुन गर्नेलाई सजायको निर्धारणको लागि जबरजस्ती करणीकै कसुर भएसरह मानी सजायको व्यवस्था गरेको देखिन्छ तर क्षतिपूर्ति भराउने सम्बन्धमा प्रस्टरूपले व्यवस्था गरेको नपाइने ।

अप्राकृतिक मैथुन गर्ने कार्यलाई सामाजिक नैतिकता विरूद्धको कसुर माने तापनि सजायमा त्यस्ता कसुर नदोहोरियोस् भन्ने अभिप्रायले कसुर सजायको व्यवस्था गर्नु एउटा प्रसङ्ग हो तर उक्त १० नं. को कानूनी व्यवस्थाअनुसार कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा क्षतिपूर्तिको व्यवस्था गरेको भए तापनि जबरजस्ती करणी नै गरेको नभई अप्राकृतिक मैथुन गरेकोसम्म देखिएबाट सजायको हकमा सम्म थप सजाय गर्ने प्रयोजनको सिलसिलामा उक्त व्यवस्था रहेको पाइन्छ । थप सजाय भइसकेको अवस्थामा क्षतिपूर्तिको प्रावधान लागू गर्दा अर्को असर पर्न जाने हुन्छ । अत: जबरजस्ती करणीको १० नं. को कानूनी व्यवस्थाअनुसार जबरजस्ती करणी नै भएको अवस्थामा मात्र उक्त ऐनको व्यवस्था कार्यान्वयन हुने देखिन्छ । तसर्थ सुरू जिल्ला अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

निश्चय: नै पुनरावेदकले जिकिर लिएझैं कैद सजाय र आर्थिक क्षतिपूर्तिको विषय भिन्नाभिन्नै हुने देखिए पनि यी दुवै विषयको निर्क्योल कानूनले नै गरेको हुन्छ । कानूनले नै निर्धारण गरेको सर्त र अधीनमा सजाय र आर्थिक क्षतिपूर्ति निर्धारण हुने गर्दछ । प्रस्तुत मुद्दाको तथ्य, अभियोग माग दाबी र मुलुकी ऐन, जबरजस्ती करणीको महलमा भएका कानूनी व्यवस्थाहरूको समग्र पक्षलाई दृष्टिगत गरी हेर्दा एकातिर अप्राकृतिक मैथुनमा प्रतिवादीबाट आधा अंश भराई दिने कानूनी व्यवस्था भएको देखिँदैन भने अर्कोतर्फ पीडितलाई क्षतिपूर्ति भराउने सन्दर्भमा जबरजस्ती करणीकै महलमा भएकै व्यवस्थाअनुसार नै रू.२,०००।– (दुई हजार) पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराएकै अवस्था देखिएको छ । तसर्थ, यस दृष्टिकोणले पनि पीडितलाई प्रदान गरिने आर्थिक पक्षलाई पुनरावेदन तहमा मनन गरिएन भन्न नमिल्ने ।

अत: विवेचित तथ्य र कानूनी व्यवस्थाको विश्लेषणसमेतबाट प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद सजाय र ऐ. ९(क) नं. बमोजिम मलद्वारमा अप्राकृतिक मैथुन गरेकोमा थप १ वर्ष गरी ११ वर्ष कैद सजाय र सोही नं. बमोजिम पीडितलाई क्षतिपूर्तिबापत रू.२,०००।– (दुई हजार) भराई दिने ठहऱ्याई पाल्पा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६४।५।२३ मा भएको फैसला मिलैकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद अचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल फागुन १५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-RC-०१५२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तुलविर राईसमेत*

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, घटना विवरण कागज गर्ने व्यक्तिहरूको भनाइ र बरामदी मुचुल्कासमेतको आधारमा मिति २०५२।१०।२६ को वारदातमा तीनैजना प्रतिवादीहरू वारदातस्थलमा रहे भएको र झै-झगडा कुटपिटसमेत भएको कुरामा कुनै विवाद रहेको देखिँदैन । मिति २०५२।१०।२६ मा बुद्धबहादुर राईको विवाहमा मृतक र प्रतिवादीहरूले मादक पदार्थ सेवन गरेको र नाचगान गर्ने निहुँबाट झगडा तानातान हुँदा मृतक उत्तरबहादुर राई र प्रतिवादी तुलविर राई कान्लाबाट लडी उत्तरबहादुर माथि र तुलविर राई तल परी मलाई मृतकले किच्यो भन्ने निहुँमा कुटपिट सुरू भई दुवै पक्षबाट आफू सक्दो कुटपिट हुँदा मृतक एक्लो व्यक्ति र प्रतिवादीहरू तीनजना भई मृतकलाई कुटपिट

गरेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट देखिने।

वारदात रातिको समयमा भएको र मादक पदार्थ सेवन गरी आफ्नो रिस कन्ट्रोलसमेत गर्न नसकेका प्रतिवादीहरूले मृतकलाई भिरबाट खसालेको जसको परिणामस्वरूप उत्तरबहादुरको टाउको फुटेर अत्यधिक रक्तश्रावबाट मृतकको मृत्यु भएको भन्ने देखिएकोमा सो कुरालाई मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट समर्थित भएको देखिन्छ। यसरी प्रतिवादीहरूले उत्तरबहादुरलाइ एक दुई पटक हिर्काएको नभई बुद्धबहादुरको घरदेखि कुटपिट गरी लखेट्दै तीनैजना प्रतिवादीहरूले घेराहाली भिरबाट खसालेर मृतकलाई कर्तव्य गरी मारेको देखिन आउने।

तुलविर राईले अदालतमा बयान गर्दा मृतक उत्तरबहादुरसँग झगडा परी कुटपिट हुँदा मृतकलाई लात्ताले हिर्काएको र पछि मृतकको मृत्यु भएको तथ्यसम्म स्वीकार गरेको साथै घटनास्थलबाट तुलविर राईले मृतक उत्तरबहादुर राईलाई हिर्काएको भनिएको छालाको बुटसमेत बरामद भएको अवस्थामा निज प्रतिवादीहरू बेकसुर छन् भन्न सक्ने अवस्था नरहने।

बुद्धबहादुर राई, सुन्दरी राई, टंकमाया राई, जसमाया राई, दानकुमारी राईसमेतले मिति २०५२।१०।२६ गते गाउँमा विवाह भोज खाइसकेपछि नाचगान गर्दै गरेको अवस्थामा प्रतिवादी तुलविर राईले मृतकलाई समाती तान्दा निजहरू दुवैजना लडी, तुलविर राई उठी मृतक उत्तरबहादुर राईलाई कुटपिट गर्न थालेको र निजले प्रतिवादीहरू दन्तविर राई र प्रभुराम राईलाई समेत बोलाई कुट्न लगाएको सोही कुटपिटबाट मृतकको मृत्यु भएको हो भनी गरिदिएको एकै मिलानको कागजबाट पनि निज प्रतिवादीहरूले आरोपित कसुर गरेको प्रमाणित हुन आएको देखिने।

तसर्थ, प्रहरीमा प्रतिवादीहरूले गरेको साबिती बयान, घटनास्थलबाट तुलविर राईले मृतक उत्तरबहादुर राईलाई हिर्काएको भनिएको छालाको बुट बरामद भएको, कागज गर्ने सबै व्यक्तिहरूले निज प्रतिवादीहरू मिलेर मृतक उत्तरबहादुरलाई कुटपिट गरेको र सोही कारणबाट मृतकको मृत्यु भएको भनी गरेको एकै मिलानको कागज तथा निज प्रतिवादीहरूले आफूहरूले आरोपित कसुर गरेको होइन भनी कुनै ठोस प्रमाण पेस गर्न नसकेको अवस्थालाई विचार गरी हेर्दा मिति २०५२।१०।२६ प्रतिवादीहरू तुलविर राई, दन्तविर राई र प्रभुराम राईले उत्तरबहादुरलाई कुटपिट गर्दै तीनैजना प्रतिवादीहरूले घेरा हाली भिरबाट खसालेको; जसको परिणाम स्वरूप उत्तरबहादुरको मृत्यु टाउको फुटेर अत्याधिक रक्तश्रावबाट भएको भन्ने प्रमाणित भएको अवस्थामा निज प्रतिवादीहरूलाई पुनरावेदन अदालत राजविराज, सप्तरीबाट मिति २०५५।१०।२१ मा प्रतिवादीहरू तुलविर राई, दन्तविर राई र प्रभुराम राईलाई दाबी गरिएको ज्यानसम्बन्धीको १३ नं. को देहाय ३ अनुसार जन्मकैदको सजाय हुने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७४ साल पुस ७ गते रोज ६ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति